Colloquium on

# Eastern Perspectives of Freedom

# READER

ATLAS NETWORK

HRITI FOUNDATION
TOWARDS PROSPEROUS KARNALI

# सत्र १

# असल सार्वजनिक नीति

# असल सार्वजनिक नीतिका सात सिद्धान्तहरू

\- लरेन्स डब्लू रिड

म्याकिन्याक सेन्टर फर पब्लिक पोलिसीमा हाम्रो विशेषता आजका नीतिगत सवालहरूमा अनुसन्धान गर्नु र समाधानका लागि विस्तृत विधिको सुझाव दिनु भएकाले आज मैले यहाँ पनि त्यही गर्ने सोच बनाएँ। तर अझै सोचेर हेर्दा, मैले के निर्णय लिएँ भने कुनैपनि मुद्दाको सुक्ष्मतामा जानुको सट्टा म तपाईंलाई सबै खालका मुद्दामा लागु हुनेसक्ने विचारहरु दिन चाहन्छु। हामी सबै केही सुक्ष्म आधारभूत धारणाहरुका बारेमा सोचौं जुन धेरै शताब्दीको अनुभव र आर्थिक ज्ञानसँगै निर्माण भएका छन्। मेरो विचारमा यस्ता अमूर्त सिद्धान्तहरू सरकार बाहिर वा भित्र भएका सबै नीति निर्माताहरूको कामको बौद्धिक पृष्ठभूमिका रूपमा रहेको हुनुपर्छ।

हाम्रो बौद्धिक व्यवसायको क्षेत्रमा कुनै पनि व्यक्तिले जनताका सामु आफूले सबै प्रश्नहरुलाई खुल्ला दिमाग राखी बुझ्ने प्रयास गर्छु भन्नु सामान्य चलन नै भएको छ। तपाईंका लागि यसले जे अर्थ राखे तापनि मेरा लागि चाहिँ त्यसको अर्थ बोधो वा खाली दिमाग सरहको भन्ने हुँदैन। विगतका शताब्दीहरूमा हामीले केही कुरा सिकेका छौं। सूर्य पूर्वबाट उदाउँछ भन्ने कुरा हामीले आफुमा ज्ञानको कमी भएका कारणले कुनै पनि तर्क वितर्क विना स्वीकार गरेका होइनौं। प्रतिनिधित्वमा आधारित गणतन्त्र अधिनायकवाद वा राजतन्त्रभन्दा उत्कृष्ट हुन्छ भन्ने कुरा कुनै अन्धो विचारधाराको उपज मात्र होइन। जब हामी म्याकिन्याक सेन्टरमा कुनै पनि मुद्दाको अध्ययन गर्छौं, हामी निजी सम्पत्ति र स्वतन्त्र बजार व्यवस्था राज्य नियन्त्रित व्यवस्था र केन्द्रीकृत योजनाभन्दा उत्कृष्ट हुन्छ भन्ने मूल धारणाका साथ सुरुवात गर्छौं। यो केवल एउटा व्यक्तिको कच्चा विचार नभएर कान र आँखा खुल्ला राख्ने र कारण, तर्क, तथ्य, प्रमाण, अर्थतन्त्र र अनुभवलाई महत्व दिने मानिसहरूमाझ रहेको स्थापित यथार्थ हो।

मैले तपाईंमाझ व्यक्त गर्न खोजेको "असल सार्वजनिक नीतिका सात सिद्धान्तहरू" स्वतन्त्र अर्थतन्त्रका खम्बा हुन्। यी सिद्धान्तहरू आजका मुद्दाहरूमा कसरी लागू हुन्छन् भन्ने कुरामा हामी बीच भिन्नता भए तापनि म के मान्छु भने यी सिद्धान्तहरू स्थापित यथार्थ नै हुन्। यी सिद्धान्तहरू मैले आफैंले बनाएको पनि होइन, मैले केवल यिनीहरूलाई एक ठाउँमा सङ्कलन गरेको मात्र हुँ। यी मात्र अर्थतन्त्रका खम्बाहरू वा स्थापित यथार्थ हुन् भन्ने पनि होइन तर यी सबैले अवश्य नै एउटा बलियो सोच भने बनाउँछन्। मेरा विचारमा यदि यी सिद्धान्तहरू हरेक राज्य र हरेक सङ्घीय भवनको हरेक कुनामा रहेमा र विशेष गरेर हरेक व्यवस्थापकले यिनलाई बुझेर सही उपयोग गरेमा हामी अझै बलियो, अझै स्वतन्त्र, अझै समृद्ध र निकै राम्ररी शासित जनता हुने थियौं।

**सिद्धान्त एकः स्वतन्त्र मानिस समान हुँदैनन् र समान मानिस स्वतन्त्र हुँदैनन् ।**

सर्वप्रथम त मैले यस आलेखमा कुन प्रकारको समानताको कुरा गर्दैछु भनेर स्पष्ट पार्नुपर्छ। मैले यहाँ कानूनको अगाडि सबै व्यक्तिको समानताको कुरा गरिरहेको होइन। जाति, लिङ्ग, धन, आस्था वा धर्मका आधारमा कानूनको अगाडि कसैलाई पक्षपात गर्नु हुँदैन भन्ने सिद्धान्त त पश्चिमी सभ्यताको आधार नै हो।

कतिपय अवस्थामा हामी यस सिद्धान्तमा खरो नउत्रियपनि यस सिद्धान्तमाथि कसैको पनि फरक मत आउलाजस्तो मलाई लाग्दैन।

मैले यहाँ कुरा गरिरहेको समानता उद्योग, वाणिज्य, बजार, काम र विनिमयमार्फत गर्ने कमाइबाट हुने आम्दानी तथा भौतिक सम्पत्तिको "समानता"का बारेमा हो। म आर्थिक समानताका बारेमा कुरा गर्दैछु। यस पहिलो सिद्धान्तलाई दुई भागमा विभाजन गरेर हेरौं।

स्वतन्त्र मानिस समान हुदैंनन्। जब मानिसहरू आफैंमा स्वतन्त्र हुन्छन्, उनीहरु आफ्नो भाग्यको मालिक आफैं हुन्छन्। उनीहरू आफ्नो तथा परिवारको उन्नतिका लागि प्रयास गर्न स्वतन्त्र हुन्छन्, बजारले प्रदान गर्ने परिणामहरू एकैनासका हुँदैनन्। मानिसहरूले अत्यन्त फरकफरक स्तरमा आयआर्जन गर्छन् र फरकफरक मात्रामा धनको उपार्जन पनि गर्दछन्। केही मानिसहरू यस तथ्यबारे नै खेद प्रकट गरिरहेका हुन्छन् र "धनी र गरिबबीचको खाडल बढ्यो" भनेर दुःखमनाउ पनि गरिरहेका हुन्छन्। तर मलाई के लाग्दछ भने एउटा स्वतन्त्र समाजमा मान्छेहरू फरकफरक हुनु अत्यन्त गजबको कुरा हो। हामी सबैजना अद्वितीय छौं, एकअर्काभन्दा वा कुनै जीवित वा मृत व्यक्तिभन्दा अनगिन्ती रूपमा फरक छौं। यस्तो अवस्थाबारे ज्ञात हुँदाहुँदै पनि बजारमा गरेको अन्तरक्रियाबाट समान परिणाम आओस् भनेर आशा चाहिँ हामी किन गर्छौं ?

हामी हाम्रो प्रतिभाको स्तरमा फरक छौं। समाजमा रहेका अनेक सदस्यहरूमा कोहीसँग अन्यभन्दा बढी वा अन्यका भन्दा भिन्न र मूल्यवान प्रतिभा हुन्छ। केही मानिसले आफ्नो सर्वाच्च प्रतिभा जीवनको उत्तरार्धसम्म पनि थाहा पाउँदैनन् र कतिले त थाहा नै पाउँदैनन् पनि। टाइगर वुड्स एक प्रतिभावान गल्फ खेलाडी हुन्। उनले गल्फ खेलेर मैलेभन्दा अत्यन्त धेरै पैसा कमाउँछन् भन्ने कुरामा कसैलाई केही आपत्ति हुनु जरुरी छ र? विल केलगले आफू ४६ वर्षको हुँदासम्म पनि आफूमा भएको अद्भूत उद्यमशिलता तथा विज्ञापन गर्न सक्ने प्रतिभाबारे थाहा पाएका थिएनन्। आफ्नो केलग कम्पनी शुरु गरेर नास्ताको उत्पादन बेच्नुभन्दा अगाडिसम्म उनी आफ्नो दाजुको ब्याटल क्रिक स्यानिटरियममा हप्ताको २५ डलरका लागि सानोतिनो काम गरेर गुजारा गरिरहेका थिए।

हामी केवल प्रतिभामा मात्र नभएर मेहनतीपन, काम गर्ने इच्छा र लगनशिलताका आधारमा पनि एकअर्काभन्दा भिन्न छौं। केही मानिस अन्यले भन्दा बढी मेहनतसाथ बढी समयसम्म र बढी चलाखीपूर्ण तरिकाले काम गर्छन्। यसले हामीले गर्ने कामलाई अरूले कतिको महत्व दिन्छन् र हाम्रो सेवालाई कति शुल्क तिर्न तयार हुन्छन् भन्ने कुरामा ठूलो फरक पार्दछ। हामी हाम्रो बचत गर्ने बानीका आधारमा पनि फरक छौं। यदि हाम्रा राष्ट्रपतिले जादुको छडी घुमाएर रातारात हामी सबैलाई आम्दानी र सम्पत्तिका आधारमा बराबर बनाइदिए भने पनि भोलिको यसै समयसम्ममा हामी पुनः असमान भइसक्छौं किनकि हामीमध्ये कसैले आफ्नो पैसा बचत गरौंला भने कसैले खर्च गरौंला। स्वतन्त्र मानिसहरू कहिल्यै पनि समान नहुने यी तीन कारणहरू हुन् तर कारणहरू यति मात्र छैनन्।

समान मान्छे स्वतन्त्र हुँदैनन् - मेरो पहिलो सिद्धान्तको दोस्रो भाग। मलाई संसारको कुनै पनि कुनामा भएका आर्थिक रूपमा समान मानिसहरू देखाइदिनुस्, म तपाईंलाई एकदम अस्वतन्त्र मानिसहरू

देखाइदिन्छु। किन? समाजभर सबैलाई समान आम्दानी सुनिश्चित गर्ने र धनको वितरण गर्ने एउटै मात्र उपाय सबैको शिरमा बन्दुक तेर्स्याउनु हो। बल प्रयोग नगरी तपाईले मानिसहरूलाई समान बनाउन सक्नुहुन्न। यसका लागि तपाईले आदेश दिनुपर्ने हुन्छ र यसको समर्थनका लागि फाँसीको फन्दा, गोली, जिलोटिनज्ञ वा विद्युतीय कुर्सी राख्नुपर्ने हुन्छ। यसका लागि नागरिकहरूलाई दिइने आदेशहरू पनि निम्नलिखित प्रकारका हुन आवश्यक पर्छ :"उन्नति नगर्। अरूभन्दा चलाख नबन्। अरूले भन्दा बढी बुद्धिमतापुर्वक बचत नगर्। नवीन उत्पादन लिएर अगाडि नआइज। ग्राहकले तेरो प्रतिस्पर्धीको उत्पादनभन्दा बढी रुचाउने सम्भावना भएको सामान वा सेवा उपलब्ध नगरा।"

मेरो विश्वास गर्नुस् – जुन समाजमा यस्ता नीतिगत रूपमा बाध्यात्मक उर्दीहरू रहेका हुन्छन् त्यस्तो समाजमा तपाईंले जीवन चलाउन रुचाउनु हुने छैन। साम्यवादी खमेररुजकोघ शासनका बेला सन् १९७० को उत्तरार्धमा कम्बोडिया झन्डैझन्डै यस्तै अवस्थाको नजिक आइपुगेको थियो। यसको परिणामस्वरूप चार वर्षको अन्तरालमा ८० लाख जनतामध्ये २० लाख जनता मारिए। प्रभुत्व वर्गमा भएका केही शक्तिशाली व्यक्तिहरूबाहेक त्यस पीडित देशमा भएका सबै जनताले त्यस अन्तरालमा ढुङ्गे युगमा जस्तो जीवन व्यतीत गरेका थिए। पहिलो सिद्धान्तको सन्देश के हो भने मानिसहरूको आफ्नै कारणले गर्दा आउने आम्दानीको भिन्नतालाई लिएर धेरै नअल्झौं। यदि ती भिन्नताहरू कुनै कृत्रिम राजनैतिक बाधाका कारणले भएका हुन् भने त्यस्ता बाधाबाट छुट्कारा पाऊँ। तर असमान मान्छेलाई ल्याएर, पेलेर एकनासको थुप्रो बनाउने प्रयास नगरौं। त्यसमा कहिल्यै सफलता हासिल गर्न सकिँदैन। बरु त्यस्तो प्रयास गर्दा थुप्रै हानी र क्षति भने अवश्य हुन्छ।

उदाहरणका लागि बलजफतीपूर्ण करको दरले कहिल्यै पनि मानिसहरूलाई समान बनाउँदैन। यस कार्यले केवल मेहनती र उद्यमशील व्यक्तिहरुलाई अन्य स्थानमा सर्न वा अन्य प्रकारको काम गर्न प्रेरित मात्र गर्छ, जसका कारण ती व्यक्तिहरूबाट लाभान्वित हुने ठूलो जनसाधारणको हिस्सा गरिबीमा पिल्सन बाध्य हुन्छन्। अब्राहम लिङ्कनले भनेका थिए, "कुनै एक व्यक्तिलाई तल तानेर तपाईले कुनै अर्को व्यक्तिलाई माथि उठाउन सक्नुहुन्न।"

**सिद्धान्त दुईः जुन कुरा तपाईको हो, त्यसको तपाई हेरचाह गर्नुहुन्छ, जुन कुरा कसैको होइन वा सबैको हो, त्यसको बेस्याहार हुन्छ।**

यस सिद्धान्तले मुख्यतः निजी सम्पत्तिको जादुमाथि प्रकाश पार्दछ। यसले संसारभरका समाजवादी अर्थतन्त्रको असफलताबारे पनि व्याख्या गर्दछ।

पुरानो सोभियत साम्राज्यमा सरकारले केन्द्रीय योजना र राष्ट्रिय स्वामित्वको विशिष्टताको खुब गुणगान गाउँदथ्यो। उनीहरू निजी सम्पत्तिको निराकरण वा कम्तीमा न्यूनीकरण गर्न चाहन्थे किनकि उनीहरूको सोचाइमा निजी स्वामित्व स्वार्थी र अनुत्पादक थियो। राज्यका सम्पूर्ण स्रोतहरू सरकारी स्वामित्वमा भएमा सबैको हितका लागि सदुपयोग हुन्छ भन्ने उनीहरूको तर्क थियो। यसै कारण पहिले जुन खाद्यान्न किसानको खाद्यान्न थियो, त्यो "जनताको खाद्यान्न" हुन पुग्यो र मानिसहरू भोकै पर्न थाले। जुन कारखाना कुनैबेला उद्यमीको कारखाना थियो, त्यो "जनताको कारखाना" बन्न पुग्यो र त्यसबाट यति गुणस्तरहीन

सामान उत्पादन हुन थाल्यो कि ती सामानका लागि राज्यको सीमाभन्दा पारी कुनै बजार नै थिएन। हामीलाई अहिले थाहा छ, पुरानो सोभियत साम्राज्यले एकपछि अर्को आर्थिक र पर्यावरणीय गल्ती गर्यो। एकपछि अर्को भयावह सपना लिएर आयो। यो प्रत्येक समाजवादी प्रयोगले सिकाएको पाठ पनि हो। हुन त समाजवादीहरू अम्लेट बनाउन लागि केही अन्डाहरू त फुटाउनै पर्छ भन्न खुब रुचाउँछन् तर सत्य के हो भने उनीहरू जहिले पनि अन्डा मात्र फुटाउने कार्य गर्दछन् तर अम्लेट कहिल्यै बनाउँदैनन्। तपाईं आफू सम्पत्तिको ख्याल राख्नमा राम्रो छु जस्तो लाग्छ भने गएर अरू कसैको घरमा एक महिनाको लागि बसि हेर्नुहोस् वा उनीहरूको गाडी केही समय चलाएर हेर्नुस। म वचन दिन्छु, सोही समयवधिमा न त उनीहरूको घर, न त गाडी नै तपाईंको जस्तो देखिनेछ वा रहिरहनेछ।

यदि तपाईंलाई समाजमा रहेका उत्पादनका सीमित स्रोतहरू लिएर रद्दीमा परिणत गर्नु छ भने तपाईले केवल ती स्रोत सिर्जना गर्ने वा कमाउने व्यक्तिको हातबाट खोसेर कुनै केन्द्रीय अख्तियारलाई व्यवस्थापन गर्नका लागि दिए पुग्छ। तपाईले एकै झट्कामा सबै कुरा तहसनहस पार्न सक्नुहुन्छ। दुःखको कुरा त के छ भने, सबै तहका सरकारले सँधैजसो त्यस्ता ऐन वा कानून बनाइराखेका हुन्छन्, जुन निजी सम्पत्तिको अधिकार हनन गरेर सम्पत्तिको राष्ट्रियकरण गर्नतर्फ उन्मुख हुन्छन्।

**सिद्धान्त तीनः असल सार्वजनिक नीतिले अल्पकालीन प्रभाव र सीमित व्यक्तिहरूलाई मात्र नभएर दीर्घकालिन प्रभाव र सबै व्यक्तिहरूलाई ध्यानमा राख्नुपर्छ।**

हुन त बेलायती अर्थशास्त्री जोन मेनार्ड केन्सले कुनै समयमा घोषणा गरेको, "दीर्घकालमा त हामी सबै मर्छौं" भन्ने कुरा सही होला तर यसलाई भोलिको समयमा थुप्रै मानिसहरूलाई असर पार्ने गरी वर्तमानमा केही मानिसको खुसीका लागि नीतिहरु बनाउने छुटका रुपमा प्रयोग गर्नु ठीक होइन। म त्यस्ता थुप्रै नीतिहरूलाई उदाहरणका रुपमा प्रस्तुत गर्न सक्दछु। लिन्डन जोन्सनले १९६० को दशकमा "महान समाज" को अवधारणा निकालेका बेलाको सोच भने केही व्यक्तिहरू कल्याणकारी चेकबाट लाभान्वित हुनेछन् भन्ने थियो। अहिले हामीलाई थाहा छ, दीर्घकालमा उक्त कार्यक्रमले अल्छिपनलाई बढावा दिने, परिवारहरू विखन्डन गर्ने, अन्तरपुस्तागत परनिर्भरता सिर्जना गर्ने र कर तिर्ने व्यक्तिहरूको कमाइको ठूलो अंश खोस्ने काम गर्नुका साथै अन्य सांस्कृतिक रोगहरू सिर्जना गर्यो। यसको नकारात्मक प्रभावको निवारण गर्नका लागि केही पुस्ता नै लाग्न सक्छ। त्यसैगरी सरकारी घाटा र सरकारको आकार विस्तार गर्ने नीतिले गर्दा आरम्भमा केही सीमित व्यक्तिलाई फाइदा भए तापनि यसले पछि आएर राष्ट्रको अर्थतन्त्र र नैतिकताको बन्धनलाई दशकौंदेखि रोगी बनाइरहेको छ। यो सिद्धान्त हाम्रा सोचहरूलाई गहन बनाउनका लागि एउटा अनुरोध पनि हो। यसले हामी हाम्रो फैसलामा खोक्रो हुनुहुँदैन भन्छ। यदि कुनै एउटा चोरले एकपछि अर्को बैंकबाट सामर्थ्यले भ्याएसम्मको नगद चोर्छ र सबै पैसा स्थानीय पसलहरुमा खर्च गर्छ र पसलेहरूमाझ सर्वेक्षण गरेर उक्त चोरले अर्थतन्त्रलाइ बढावा दिइराखेको छ भन्ने निष्कर्षमा तपाईं पुग्नुहुन्छ भने तपाईंको फैसलालाई गहन भन्न मिल्दैन। हामीले सधैं याद राख्नुपर्छ कि विगतका नीतिकर्ताहरूले वास्ता नगरे हुन्छ भनेको भोलिको कुरा नै आजको हाम्रो वर्तमान हो। यदि हामी

उत्तरदायी वयस्क बन्न चाहन्छौं भने हामीले शिशुको जस्तो व्यवहार गर्नु हुँदैन, जो केवल आफ्नो र वर्तमानको इच्छामा मात्र केन्द्रित रहन्छ।

**सिद्धान्त चारः कुनै कुरालाई उत्साहित गरे बढी पाउनुहुन्छ, निरुत्साहित गरे कम पाउनुहुन्छ ।**

तपाईं र म मानव भएका नाताले कुनै पनि काम गर्नुका पछाडि त्यसमा उत्प्रेरणाको भूमिका र त्यसको महत्वबाट अछुतो रहन सक्दैनौं। ती उत्प्रेरणा अनुसार नै हामी सधैं प्रतिक्रिया जनाइरहेका हुन्छौं। कतिपय अवस्थामा अत्यन्त शक्तिशाली तवरमा ती उत्प्रेरणाले हाम्रो व्यवहारलाई प्रभावित गरिरहेका हुन्छन्। यस पक्षलाई बिर्सने नीति निर्माताहरूले मुर्खतापूर्ण काम गरिरहेका हुन्छन्। जस्तै, कुनै वस्तु वा सेवामा करको दर बढाए पनि मानिसहरूले उक्त वस्तु वा सेवा उत्तिकै मात्रामा प्रयोग गरिहाल्छन् नि भनेर सोच्ने प्रवृत्ति जनताहरू ऊन कटाउनका लागि लामबद्ध भएर बसेका भेंडाहरू हुन् भनेर सोचे जस्तै हो। अमेरिकामा जर्ज बुश (प्रथम) ले दबावमा आएर सन् १९८८ को “नयाँ कर” लगाउँदिन भनेर गरेको वाचा तोडेको स्मरण गर्नुस्। सन् १९९० को ग्रीष्ममा करको दरमा ठूलो मात्रामा वृद्धि भयो। अरू सँगसँगै डुंगा, हवाइजहाज तथा गहनामा नाटकीय ढङ्गले सदनले कर बढायो। कानून निर्माताहरूले यी वस्तुहरू धनीहरूले मात्रै त उपभोग गर्छन् भनेर सोचेर उक्त कर लागू गरे। यी तीन वस्तुहरुबाट उनीहरूले ३ करोड १० लाख अमेरिकी डलर पहिलो वर्षको राजस्वका रूपमा उठ्ने अनुमान गरेका थिए तर अपेक्षा गरिएभन्दा ठीक उल्टो भइदियो। वृद्धि गरिएको करको दरले राजस्व केवल १ करोड ६० लाख अमेरिकी डलर मात्र उठाउन सक्यो। यसका साथै उच्च दरको करले गर्दा यी उद्योगहरूमा आएको मन्दीका कारण बेरोजगार भएका व्यक्तिहरूलाई दिने बेरोजगारी भत्ता स्वरूप अर्को १ करोड ६० लाख अमेरिकी डलर बराबरको रकम खर्च भयो।

केवल वाशिङ्टन डी. सी. मा मात्रै होला जहाँ कानून निर्माताहरू प्रायः उत्प्रेरणाको महत्व बिर्सिएर ३१ को लक्ष्य राख्दा केवल १६ मात्र हासिल गर्छन् र त्यसका लागि २४ खर्च गर्छन् तर पनि ठीकै भएको छ भनेर सोच्छन्। परिवार टुक्याउन चाहनुहुन्छ, परिवार टुक्रिएमा अझ मोटो कल्याणकारी चेक पाइने व्यवस्था गरिदिनुस्। बचत तथा लगानी घटोस् भन्ने चाहनुहुन्छ, दोहोरो कर लगाइदिनुहोस् र त्यसमाथि अझ पूँजीगत नाफा कर पनि लगाइदिनुहोस्। मानिसहरूले कम काम गरुन् भन्ने चाहनुहुन्छ भने उच्च कर लगाइदिनुहोस् ताकि मानिसहरूले बढी काम गर्नु नै बेकार हो भन्ने सोचुन्। अहिले अमेरिकाको राज्य सरकार र सङ्घीय सरकार दुवैको ध्यान घट्दो राजस्व र आर्थिक मन्दीका कारण आएको घाटाको अवस्थासँग कसरी जुझ्ने भन्ने प्रश्नमा आएर अल्झेको छ। म्याकिन्याक केन्द्रमा हामी के विश्वास गर्छौं भने यस्तो परिस्थितिको समाधान सरकारले त्यसैगरी गर्नुपर्छ जसरी हामी जस्ता परिवारहरुले देशभरि गर्छन् – खर्च कम गरेर। कमजोर अर्थतन्त्रलाई सुचारु गर्ने उपाय नै त्यही हो ताकि यसले बढी रोजगारी र राजस्व सिर्जना गरोस्। बिरामी सिकिस्त भएको बेला डाक्टरले अझ थप रगत निकाल्दैनन्।

**सिद्धान्त पाँचः आफ्नो पैसाजस्तो ध्यान दिएर अरूको पैसा कसैले पनि खर्च गर्दैन।**

तपाईंले कहिलेकाँही सरकारले ६०० डलर पर्ने हथौडा र ८०० डलर पर्ने ट्वाइलेट सिट खरिद गरेको सुन्दा कहिल्यै अचम्म मान्नु भएको छ? तपाईले यो देशको कुना कुना वा दुरदराजमा गएर खोज्नुभयो भने

पनि त्यस्तो व्यक्ति पाउनुहुँदैन  जसले आफ्नो पैसा त्यसरी खर्च गरेको होस्। तर यस्ता फजूल खर्च सरकारी तथा कहिलेकाँही जीवनका अन्य अवस्थामा पनि भइरहेका हुन्छन्। किन ? किनकि ती सबै अवस्थामा खर्च गर्ने व्यक्तिहरुले अरू कसैको पैसा खर्चिरहेको हुन्छन्।

अर्थशास्त्री मिल्टन फ्रिडम्यानले यस कुरालाई विस्तृत रूपमा व्याख्या गरेका छन्। उनले औँल्याएअनुसार पैसा खर्च गर्ने चार तरिका हुन्छन्। जब तपाईं आफ्नो पैसा आफूमाथि खर्चिनु हुन्छ तपाईंले कमै मात्र गल्ती गर्नुहुन्छ। पैसा कमाउने, खर्च गर्ने र त्यसबाट लाभ हुने व्यक्तिबीचको सम्बन्ध दरिलो, प्रत्यक्ष र तत्कालको हुन्छ। जब तपाई आफ्नो पैसा अरू कसैलाई उपहार किनिदिनका लागि प्रयोग गर्नुहुन्छ, तपाईंलाई आफ्नो पैसाको सही मूल्य पाउने प्रेरणा त हुन्छ तर तपाईंले प्रापकले चाहेजस्तै वा उसलाई आवश्यक परेकै चीज किन्नुहुन्छ भन्ने ग्यारेन्टी हुँदैन। जब तपाईं अरू कसैको पैसा आफ्ना लागि केही किन्नका लागि प्रयोग गर्नुहुन्छ, जस्तै अर्कैको खर्चको खाताबाट आफ्ना लागि खाजा खाने खालको कुरा भयो भने तपाईंलाई सही वस्तु पाउने प्रेरणा हुन्छ तर मितव्ययी बन्ने कुनै प्रेरणा हुँदैन। अन्त्यमा जब तपाई अन्य व्यक्तिको पैसा अरू कसैका लागि केही किनिदिन प्रयोग गर्नुहुन्छ भने उक्त अवस्थामा कमाउने, खर्च गर्ने र लाभ पाउने व्यक्तिबीच कुनै सम्बन्ध हुँदैन जसले गर्दा फजुल खर्च हुने वा स्रोतको हिनामिना हुने सम्भावना सबैभन्दा धेरै हुन्छ। यी चारवटा तरिकालाई ध्यानमा राख्दै अब सोच्नुहोस् त कुनै व्यक्ति अरू कसैको पैसा अरू नै कोहीको लागि खर्च गरिराखेको छ। सरकारले आजसम्म सधैं गरिआएको कार्य नै त्यही मात्र हो। यसै कारणले गर्दा सरकारी स्तरमा धेरै फजुल खर्च भइरहेको हुन्छ। **सिद्धान्त छः अरू कसैसँग लिएको बाहेक सरकारसँग कसैलाई दिने केही हुँदैन। जुन सरकार तपाईलाई सबैकुरा दिन सक्ने गरी ठूलो हुन्छ त्यो सरकार तपाईको सबैकुरा खोस्न सक्ने गरी नै ठूलो हुन्छ।**

यो कुनै अतिवादी, सिद्धान्तवादी, सरकारविरोधी अभिव्यक्ति होइन। यो सत्य कुरा हो। यस अभिव्यक्तिले सरकारको प्रकृतिका बारेमा धेरै कुरा दर्शाउँछ। अमेरिकाका प्रवर्तकहरूको सोचाइ र सल्लाह पनि यसै अनुसारको रहेको थियो। जर्ज वासिङ्टनले एक पटक भनेका थिए, "सरकार तर्क वा बोलीको भरमा चल्ने संयन्त्र होइन। सरकार आगो सरह हो – खतरनाक नोकर वा भयावह मालिक।" यसबारे गहिरिएर सोचिहेर्नुस त। जर्ज वासिङ्टनले चाहेभन्दा ठूलो नभई साँच्चै सरकारले जनताको सेवक नै भन्न मिल्ने गरि सबै काम गरेतापनि उनको भनाइमा सरकार अझै खतरनाक नै हुन्छ। ग्राउचो मार्क्सले एकचोटि आफ्नो भाइ हार्पोलाई भनेका थिए "ऊ इमान्दार छ तर उसमा निगरानी राख्न चाहिँ जरुरी छ।" एकदमै सानो र असल सरकारको पनि निगरानी गर्नु जरुरी छ किनकि जेफर्सनले भनेझैं सरकारको प्रकृति नै विस्तार हुने किसिमको हुन्छ तर स्वतन्त्रता भने खुम्चिने प्रकृतिको हुन्छ। यस अनुच्छेदमा अर्को भनाइ थप्दा, ऐलक्जन्डर ह्यामिलटनले भनेका थिए, "मानिसको अस्तित्वको नियन्त्रण भनेको उसको इच्छाको नियन्त्रण हो। "

कथित "कल्याणकारी राज्य" भनेको खर्चालु र भ्रष्ट कर्मचारीतन्त्र मार्फत् रामसँग रहेको सम्पत्ति लुटेर विनाश गरिसकेपछि श्यामलाई दिने प्रपन्चबाहेक केही होइन। एक प्रकारले कल्याणकारी राज्य भनेको घोडालाई दाना खुवाउँदा बाटोमा भँगेराले पनि चारो खान पाँउछन् भन्नु जस्तै हो। यसलाई अर्को तरिकाले

हेरौं– कल्याणकारी राज्य भनेको हामी सबैजना एउटा ठूलो घेरा बनाएर उभिइरहेका छौं र हामी सबैको हात आफूभन्दा अगाडि उभिने मान्छेको खल्तीमा छ। कसैले एकचोटि भनेको थियो नेताहरूको कल्याण हुने र बाँकी जनताले चैं कर तिर्ने भएको भएर यसको नाम कल्याणकारी भएको हो।

स्वतन्त्र र स्वाधीन मानिसहरूले आफ्नो जीविकोपार्जनका लागि सरकारको मुख ताक्दैनन्। उनीहरू सरकारलाई सित्तैमा भनेको जस्तै चीज फल्ने कल्पवृक्षका रूपमा नहेरेर आफ्नो स्वतन्त्रताको रक्षकका रूपमा हेर्छन् जसले शान्ति कायम गर्ने, सबैजनालाई अवसर वृद्धि हुने काम तथा नियम कानूनको व्यवस्थापन गर्ने आदि जस्ता आधारभूत कामहरू गर्छ र यसबाहेक अन्य अवस्थामा हामीलाई एक्लै छोडिदिन्छ। सरकारमा धेरै भर पर्नु एकदम खतरनाक हुन्छ भन्ने कुरा प्राचीन रोमदेखिकै हरेक सभ्यताहरूले पीडादायी तरिकाले सिक्दै आएका छन्। जब तपाईका प्रतिनिधि तपाईंकहाँ आएर "हेर्नुस मैले तपाईलाई के–के ल्याइदिएको छु" भन्छन् तपाईले सोध्नुहोला ती वस्तुको मूल्यचाहिँ कसले चुकायो। यदि उनी इमान्दार रहेछन् भने उनले तपाईंका लागि केही कुरा ल्याउन सक्नुको कारण अरू कसैबाट लिएर नै हो भन्ने छन्। यसैगरि अन्य प्रतिनिधिहरूले आफ्ना जनतामा लिएर जाने चीजहरूको मूल्य पनि तपाईले चुकाइराखु भएको छ।

**सिद्धान्त सातः स्वतन्त्रताले नै संसारमा सबै भन्दा बढी महत्व राख्छ।**

मैले माथिका छ सिद्धान्तमार्फत पनि अझै आफ्नो कुरालाई प्रष्ट पारेर बुझाउन सकिनकी जस्तो लागेर यो सातौं र अन्तिम सिद्धान्त थपेको छु। स्वतन्त्रता कुनै एउटा राम्रो वा आरामदायी विचार मात्रै होइन। न त यो कुनै सुखद परिस्थिति वा आत्मरक्षाको कुनै साधारण अवधारणा मात्रै नै हो। स्वतन्त्रता त्यस्तो कुरा हो जसले अरू सम्पूर्ण कुरा हुनमा अहम् भूमिका खेल्छ। स्वतन्त्रता विना जीवन वाक्क लाग्दो हुन्छ र अन्त्यमा यस विना जीवन नै रहँदैन। जुन सार्वजनिक नीतिले स्वतन्त्रता हटाउँछ वा स्वतन्त्रतालाई संरक्षण वा सुदृढीकरण गर्ने काम गर्दैन, त्यस्ता सार्वजनिक नीतिप्रति स्वतन्त्रताप्रेमीहरू सजग र सशङ्कित हुनु जरुरी छ। हामीले हाम्रो स्वतन्त्रता गुमाएबापत के पाइराखेका छौं त? भनेर उनीहरुले सोध्नुपर्छ आशा गरौं यो कुनै अल्पकालिन र मूल्यहीन लाभ नहोस्। अझ बेन फ्रयाङ्कलिनले त हामीलाई सल्लाह नै दिएका छन् "जो अस्थायी सुरक्षा किन्नका लागि आफ्नो आधारभूत स्वतन्त्रता नै अरूलाई सुम्पन तयार हुन्छन्, उनीहरू न त सुरक्षाका हकदार हुन्छन् न त स्वतन्त्रताको नै।"

आजकल प्रायः नीति निर्माताहरू नीति बनाउँदा स्वतन्त्रतालाई के असर पर्छ भन्ने विचार नगरिकन नै नयाँ नीति बनाउँछन्। आफूलाई राम्रो महशुस भयो भने वा बाहिर राम्रो सुनियो भने वा आफूलाई निर्वाचित गराउन मद्दत गर्ने किसिमको नीति देखे भने उनीहरूले त्यसलाई नीतिगत तहमा अपनाउँदछन्। यस प्रक्रियामा स्वतन्त्रताका आधारलाई लिएर ती नीतिहरूउपर प्रश्न उठाउनेहरुलाई हास्यास्पद बनाउने वा टार्ने कोशिस गरिन्छ। आज सबै तहका सरकारले हामीले गरेको सम्पूर्ण उत्पादनको ४२ प्रतिशत लिएर जान्छ र उपभोग गर्छ जबकि १९०० सम्ममा सरकारले केवल लगभग ६ देखि ७ प्रतिशत मात्र जनताको उत्पादन उपभोग गर्थ्यो। तर पनि थोरै मात्र मान्छेहरू ठूलो सरकारका समर्थकहरूलाई प्रश्न गर्छन "४२ प्रतिशतले किन पुग्दैन ? अझै कति चाहिँ चाहिन्छ ? वा "कतिसम्म चाहिँ मानिसले आफ्नो श्रमको फल पाउनुपर्छ ?"

# सत्र २

# प्राचीन नेपालमा बजार अर्थतन्त्र र व्यापार

# नेपालमा आर्थिक उदारिकरण

# प्राचीन नेपालमा बजार अर्थतन्त्र र व्यापार

**ऋति फाउन्डेसन**

**विषय प्रवेश**

नेपाल जस्तो प्राचीन र ऐतिहासिक मुलुकमा बजार अर्थतन्त्र विभिन्न चरणहरूमा विकसित भएको पाइन्छ। पृथ्वीनारायण शाहको पालामा जस्तो गतिशील राज्यदेखि राणा शासनको केन्द्रीकृत आर्थिक नीतिहरू, र पछिल्लो समयका उदारीकरण र विविधीकरणका प्रयासहरूले आधुनिक नेपालको आर्थिक आधार तयार गर्यो। यी प्रत्येक चरणले राजनीतिक स्थिरता, रणनीतिक व्यापार स्थिति, र आर्थिक नीति सुधारका लागि महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्।

**नेपालको प्राचीन अर्थतन्त्र**

प्रारम्भिक अवधिमा, देशको अर्थतन्त्र यसको प्राकृतिक प्रचुरता तथा भारत र तिब्बत बीचको रणनीतिक व्यापार स्थितिमा फष्टाएको पाइन्छ। नेपालले १२औं देखि १८ औं शताब्दीसम्म दुबै राष्ट्रहरूसँग सक्रिय व्यापार मार्गहरू कायम राख्यो। मल्लकाल (१२००-१७६८ इस्वी) मा काठमाडौं उपत्यका महत्वपूर्ण व्यापारिक केन्द्र बन्नुका साथै सांस्कृतिक र आर्थिक उछाल देखियो। सन् १५९० को नेपाल र तिब्बतबीचको व्यापार सन्धीले नेपाली व्यापारीहरूलाई ल्हासामा व्यापारिक घरहरूको स्थापना र तिब्बतको लागि टक्सार सिक्काहरू निर्माण गर्न अनुमति दिएको थियो। सन् १६३० मा राजा लक्ष्मीनरसिंह मल्लले तिब्बत र नेपालबीचको आर्थिक एकीकरणलाई बृद्धि गर्ने खालका व्यापार सम्झौताहरू गरे, जसमा नेपाली व्यापारीहरूलाई तिब्बत लैजाने सामानहरूमा कर छुट दिने र तिब्बतमा नेपाली सिक्काको प्रयोगसम्बन्धी प्रावधानहरु समावेश गरिएको थियो। यसका अलावा भारत र तिब्बतबीचको द्रुत व्यापारिक केन्द्रको रुपमा काठमाडौंमा घरबुना तथा तामा पीतल र फलामजस्ता धातुका भाँडाहरु निर्माण गर्ने कारखानाहरु स्थापना गरियो।

18 औं शताब्दीताका नेपाली अर्थतन्त्रमा विभिन्न व्यापारिक सञ्जालहरूको प्रभुत्व रहेको थियो। जहाँ ब्राह्मण पण्डितहरू विदेश मामिलाका प्रमुख थिए र सन्यासीहरू व्यापारमा संलग्न थिए। सन् 1790 को दशकमा मोरङ जिल्लाबाट भारतमा वन र कृषि उत्पादनका वस्तुहरु निर्यात भएको देखिन्छ। जसको प्रमुख निर्यातमा चामल, काठ, तेलको कच्चा पदार्थ, मसला, खयर, जडिबुटी र औषधी, कस्तुरी, मोम, मह, चरा, हात्ती र सुन्तला रहेका थिए। यसका अलावा डुङ्गा, हलो, सुतीको गलैंचा, जुट र ऊनका कपडाको उत्पादन र निर्यात पनि हुँदै आएको थियो। उतिबेला भारतको भागलपुरको काठ भन्दा पनि कन्काई र अन्य नदीबाट ढुवानी गरिने मोरङका काठ धेरै मूल्यवान थिए।

त्यसबेलाको मोरङको व्यापार सन्तुलनलाई हेर्दा ३६४,००० रुपैया निर्यात र 71,000 रुपैया आयात रहेको पाइन्छ। यसले सकारात्मक व्यापार सन्तुलनलाई टेवा पुर्याएको देखिनुका साथै बलियो निर्यात अर्थतन्त्रलाई जोड दिएको देखिन्छ। मुख्यतया आयातका वस्तुहरु चिनी, सुर्ती, नील रङ, नुन, कपासका सामान र धातुका भाँडाकुँडाहरूमा मात्र सीमित थिए। यद्धपी आर्थिक कारोबारहरुमा सरकारी हस्तक्षेप भने कायमै थियो। विशेषगरी अनिकालका बेला नेपाल सरकारले निर्यात रोकिदिन्थ्यो। जसले आर्थिक नियमनमा राज्यको सक्रिय भूमिकालाई झल्काउँछ।

**राणाकालीन अर्थव्यवस्था**

सन् १८४६ ताका शाहवंशमा देखिएको शक्ति संघर्ष र उथलपूथलका कारण जंगबहादुर राणाको उदय भयो। उनले वंशानुगत रुपमा प्रधानमन्त्री हुने व्यवस्था लागू गरे। जसका कारण शक्तिशाली राणा कुलतन्त्र जन्मियो। सन् १८०० को मध्यतिर जंगबहादुर राणाले विशेषगरी मोरङ, सप्तरी, महोत्तरी, रौतहट, सर्लाही, बारा, पर्सा र चितवनलगायत तराईका जिल्लाहरूमा जमीनको हकभोग र कर निर्धारणका लागि महत्वपूर्ण सुधारहरू शुरु गरे। जसले राणा शासनको आर्थिक नीतिहरूको लागि आधार तयार गर्यो। उक्त भूमि सुधार योजनाले विशेष गरी बिर्ता (भूमि अनुदान) र पोत बिर्ता (कर योग्य भूमि) को स्वामित्व र उपयोग अधिकार परिभाषित गर्नुका साथै कर संकलन र भूमि व्यवस्थापनमा जवाफदेहिता सुनिश्चित गर्न जिमिदार (भूमि प्रबन्धक) प्रणालीलाई नियमन गरिएको थियो। यसका अतिरिक्त कर प्रणालीलाई सरल बनाउन दर्शनी शुल्कहरू तथा अन्य अमिलन, नजराना, टिका, गस्ती-सलामी, मेजमानी, भोजनी आदि जस्ता केही शुल्कहरूको उन्मूलन गरिएको थियो। राणा शासनले विभिन्न क्षेत्रका लागि विस्तृत नियमहरू लागू गर्दै व्यापार र वाणिज्यमा कडा नियन्त्रण राख्यो। उदाहरणका लागि, जुम्लामा, स्थानीय आर्थिक अवस्था र व्यापारीहरूको गुनासो सम्बोधन गर्न व्यापार नियमहरू आवधिक रूपमा अद्यावधिक गरिएको थियो। सन् १८४६ को ठेक-थिति आदेशलाई आर्थिक प्रशासनको महत्वपूर्ण अङ्ग मान्न सकिन्छ। जसमा अभिजात वर्गले जगत शुल्क (व्यावसायिक कर), निकासी र दलाली (बाज र घोडाहरूमा लाग्ने कर), कस्तुरी तथा लुगाहरू छाप्ने शुल्कको आम्दानीको हिस्सा प्राप्त गर्ने व्यवस्था थियो। स्थानीय अधिकारीहरुमार्फत् प्राप्त गरिने यी र यस्ता विविध आम्दानीले विभिन्न स्थानको आर्थिक विविधता समेत झल्काउँथ्यो। सन् १८०० को मध्यतिर कपडा, धातुको काम र भाँडाकुँडाको उत्पादन र निर्यात बढ्दै गएपछि काठमाडौं उत्पादन केन्द्रको रूपमा उभिएको थियो। यद्धपी उक्त अवधिमा राजनीतिक अस्थिरताले व्यापारलाई नराम्ररी प्रभावित गरेको थियो। तिब्बतमा रहेका नेपाली व्यापारीहरूले तिब्बती र चिनियाँ सेनाबाट बारम्बार सास्ती भोग्नु परेको थियो। परिस्थिति निकै प्रतिकूल बनेपछि जवाफमा जंगबहादुर राणाले सन् १८५५ मा युद्धको घोषणा गरे। परिणामस्वरुप नेपालले जीत हासिल गर्यो र १८५६ मा थापाथली सन्धि भयो। जसले व्यापार शर्तहरूलाई पुनः पुष्टि गर्नुका साथै तिब्बती भन्सारबाट नेपाली व्यापारीहरूलाई छुट दिइ व्यापार सम्बन्धलाई सहज बनायो (कमलरत्न तुलाधर)। राणाहरूले आफ्नो शासनको शुरुवातदेखि नै छिमेकी भारतमा ब्रिटिश औपनिवेशिक शक्तिसँग सम्बन्ध व्यवस्थापन गर्ने चुनौतीको सामना गर्नुपरेको थियो। नेपाल औपचारिक रुपमा कसैको उपनिवेश नरहेपनि छिमेकी भारतमा रहेका ब्रिटिसहरुसँगको सम्बन्ध निर्माणका सन्दर्भमा केही आर्थिक नीतिहरूमाथि औपनिवेशिक प्रभाव नपरेको भने होइन। अप्रत्यक्ष उपनिवेशबाट सचेत शासक वर्गले काठमाडौंलाई विस्तारित पूर्वाधार सञ्जालसँग जोड्ने मोटरयोग्य सडक निर्माणको विरोध गरे। बरु त्यसको सट्टा, राजस्व सङ्कलन र किसान परिचालन गर्न ग्रामीण क्षेत्रमा फुटपाथ विस्तार गरे।

सन् १८६० मा सिक्किममाथि बेलायती शासन स्थापना र चुम्बी उपत्यका हुँदै तिब्बत जाने बाटोको विकासले नेपालको आर्थिक अवस्थालाई झन् जटिल बनायो। सन् १८८१ मा कलकत्ता-दार्जिलिङ रेलमार्ग निर्माण सम्पन्न भएपछि, नेपालमाथिको व्यापार निर्भरता घटाउँदै ल्हासा-कलकत्ता व्यापार बढ्न थाल्यो। यसका अतिरिक्त आयातित वस्तुहरूको बढ्दो प्रवाहले नेपालको आन्तरिक बजारको ठूलो हिस्सा कब्जा गर्न थाल्यो। अभिजात वर्गले मात्रै लगाउने आयातित कपडाको प्रयोग बिस्तारै आम जनतामा फैलियो। यसैगरी, कृषि र घरायसी काममा प्रयोग हुने भाँडाकुँडाहरू देश बाहिरबाट आउने क्रम बढ्दै गएका कारण नेपालका आफ्नै तामा र फलामका धेरै उत्पादन खानीमा आर्थिक अभाव हुन थाल्यो।

राणाहरूले नेपालका स्रोतहरूबाट सकेसम्म धेरै राजस्व उठाउन समर्पित केन्द्रीकृत कृषि कर्मचारीतन्त्र कायम गरे। यस प्रणालीले राणा र तिनका सहयोगीहरूले कृषि अर्थतन्त्रबाट लाभान्वित हुने कुरा सुनिश्चित गऱ्यो तर यसले सामाजिक असमानता र सीमित फराकिलो आर्थिक विकास पनि ल्यायो। यो पनि भन्न सकिन्छ कि अलगाववाद राणा शासनको एक विशेषता थियो। जसले नेपाललाई बाहिरी दुनियासँग अलग राख्न खोज्यो। यद्धपी राजाहरूले आफ्ना लागि आवश्यक विलासी वस्तु भने आयात गरिरहे। परिणामस्वरुप आर्थिक विकासमा वाधा पुग्यो। यसका साथै, सानो दरबारिया समूह मात्रै शिक्षामा संलग्न भयो भने औद्योगिकीकरण सिमित र सुस्त भयो। नेपालमा स्थिर अर्थतन्त्र कायम गर्ने प्रयासका बाबजुद राणा शासनले थुप्रै राजनीतिक अस्थिरता भोग्नुपर्यो। भारतमा भएको औपनिवेशिक अभ्यास र लोकतन्त्रको स्थापनाजस्ता बाह्य घटनाहरूले पनि राणाकाल प्रभावित भयो। जसले राणाहरूको कमजोरीलाई उजागर गर्नुका साथै अन्ततः १०४ वर्षीय निरङ्कुश शासन समाप्त पार्यो।

**लोकतन्त्र र आर्थिक सुधार**

सन् १९५१ मा राणा शासनको अन्त्यसँगै नेपालको आर्थिक इतिहासमा नयाँ युगको प्रारम्भ भयो। लोकतान्त्रिक राजनीतिक प्रणालीको अभ्याससँगै महत्त्वपूर्ण आर्थिक सुधार र विकास पहलहरू थालिए। राजनीतिक रूपमा नेपालले पहिलो पटक बहुदलीय प्रजातन्त्रको अनुभूति गर्यो भने आर्थिक रूपमा मुलुक योजनाबद्ध सामाजिक– आर्थिक विकासतर्फ अघि बढ्यो। सन् १९५३ मा पहिलो वार्षिक बजेट घोषणा गरियो भने सन् १९५६ मा सरकारले पहिलो विकास योजना लागू गर्यो। उक्त अवधिलाई नेपालको एक महत्वपूर्ण आर्थिक मोड मान्न सकिन्छ किनकि सरकारले आफ्ना जनताको कल्याणमा सुधार गर्ने र उनीहरूलाई सुखी र समृद्ध जीवन बिताउन अनुमति दिने सामाजिक-आर्थिक वातावरण सिर्जना गर्न खोजेको थियो।

प्रारम्भिक आर्थिक नीतिको प्रमुख मुद्दा कृषि सुधार थियो। त्यसका लागि सन् १९५२ मा पहिलो भूमि सुधार आयोग गठन गरियो। यद्धपी त्यसका सिफारिसहरू शुरुमै कार्यान्वयन हुन सकेनन्। यसै शिलशिलामा सन् १९५५ मा एक शाही घोषणाले कृषि सुधारका अभियान शुरु गर्यो र सन् १९५७ मा भूमि सुधार ऐन लागू गरियो। उक्त ऐनले भाडामा सीमा तोकेर, व्याजको सीमा तोकेर, जबर्जस्ती श्रम उन्मूलन र भाडामा लिनेहरूलाई अन्यायपूर्ण निष्कासनबाट जोगाउने गरी किसान कृषकहरूमाथि पर्ने बोझलाई कम गर्ने उद्देश्य राखेको थियो। यी महत्वाकांक्षी सुधारहरूको बावजुद, अपर्याप्त भूमि अभिलेख, बाली उत्पादनको तथ्याङ्क र प्रशासनिक चुनौतीका कारण कार्यान्वयनमा बाधा पुगेको पाइन्छ। सन् १९५९ को बिर्ता उन्मूलन ऐनले जग्गाको स्वामित्वमा सुधार गर्ने, बिर्ता जग्गाको स्वामित्वको अधिकार सरकारलाई हस्तान्तरण गर्ने र पूर्व बिर्ता धारकहरूलाई ब्याज धितोमा क्षतिपूर्ति दिने लक्ष्य राखेको थियो। यस ऐनले सबै बिर्ता जग्गालाई रैकर जग्गामा परिणत गर्ने उद्देश्य पनि राखेको थियो, तर भाडा असुली र भाडामा लिने सम्बन्धमा समस्या कायमै रह्यो।

उक्त अवधिमा यातायात र विद्युत सुविधाजस्ता पूर्वाधारको अभावका साथै सीमित बजार, पूँजी र प्राविधिक तथा व्यवस्थापकीय सीपले औद्योगिक विकासमा बाधा पुर्यायो। यद्यपी सन् १९३६ र १९५० का बीचमा धेरैजसो संयुक्त धितो कम्पनीहरू स्थापना गरिए। र तीमध्ये केहीमात्र बाँचे। सन् १९४० र १९५० को दशकमा निर्माण कम्पनीहरूको द्रुत स्थापना मुख्यतया युद्धकालीन अभाव र अस्थायी सरकारी

प्रोत्साहनहरूद्वारा संचालित भएको पाइन्छ। यद्धपी, यीमध्ये धेरैजसो कम्पनीहरूले युद्धपछिको अर्थतन्त्रमा पनि बाँच्नका लागि संघर्ष गरिरहे (आईएमएफ)।

नेपालमा सन् १९८० को मध्यदेखि शुरु भएको आर्थिक सुधारका योजनामा धेरै संशोधनहरू भएका थिए। पहिलो चरण स्थिरीकरणका उपायहरूमा केन्द्रित थियो र सीमित सफलता हात पर्यो। सन् १९८० को दशक कृषि क्षेत्रको विकासमा उल्लेखनीय रह्यो। जसले ४.५ प्रतिशत वृद्धिदर देख्यो। सुधारिएको कृषि अभ्यास, सिँचाइको बढ्दो प्रयोग र ग्रामीण विकासका लागि सरकारी सहयोगलगायत विभिन्न कारकहरूबाट उक्त परिवर्तन सम्भव भएको थियो। कृषिले नेपालको कुल गार्हस्थ्य उत्पादनमा ठूलो हिस्सा ओगटेकोले उक्त सफलता निकै महत्वपूर्ण मानिएको थियो। यस्तै सन् १९९० को प्रारम्भमा सुधारको दोस्रो चरण शुरु भयो। जसमा लोकतान्त्रिक सरकार अन्तर्गत व्यापार उदारीकरण, कर कटौती, र वित्तीय नीति सुधारहरू सहित थप व्यापक सुधारहरू देखापरे। सन् १९९० को दशकको अन्त्यमा तेस्रो चरणको सुधार शुरु भयो जसले कृषिमा उदारीकरण र स्थानीय शासन सुधारका योजना पेश गर्यो।

२० औं शताब्दीको उत्तरार्धमा भने नेपालको अर्थतन्त्रमा विविधता आउन थाल्यो। कुल गार्हस्थ उत्पादनमा कृषिको अंश सन् १९७० को मध्यमा ७०% बाट घटेर सन् २००० सम्ममा ४०% पुग्यो। यसैबीच निर्माण, व्यापार, यातायात, वित्त र घरजग्गा जस्ता निर्माण र अन्य गैर-कृषि क्षेत्रहरूमा उल्लेखनीय वृद्धि भएको थियो। उक्त विविधीकरण अर्थतन्त्रलाई उदारीकरण गर्ने र निजी क्षेत्रको सहभागितालाई प्रोत्साहित गर्ने नीतिगत सुधारहरूद्वारा संचालित थियो। नेपालमा करको आधारलाई फराकिलो बनाउने र राजस्व प्रशासनमा सुधार गर्ने उद्देश्यले सन् १९९० को दशकमा वित्तीय सुधारहरू भएका थिए। तर यी प्रयासहरूको बावजुद विकास खर्च आवश्यकताहरू पूरा गर्न सरकारी राजस्व अपर्याप्त रह्यो। जसले गर्दा बाह्य ऋणमा निर्भरता बढ्यो। सन् २००३/०४ सम्ममा सरकारी राजस्व कुल गार्हस्थ उत्पादनको ११ प्रतिशत मात्र थियो, जबकी खर्च १७ प्रतिशत थियो।

सन् २००० को आसपास शुरु भएको आर्थिक सुधारको चौथो चरण सुशासन र वित्तीय क्षेत्र सुधारमा केन्द्रित थियो। यी सुधारहरूले निर्यात वृद्धि, उच्च निजी क्षेत्रको लगानी र थप खुला अर्थतन्त्र जस्ता ठोस सुधारहरू ल्याए। उक्त नीति अन्तगर्त निर्यातकर्ताहरूले विभिन्न प्रोत्साहन पाउनुका साथै प्रत्यक्ष बैदेशिक लगानीलाई प्रवर्द्धन गरियो। यस अवधीमा कुल गार्हस्थ उत्पादनमा व्यापारको उल्लेख्य योगदान रह्यो भने व्यापार घाटामा सुधार आयो।

**अन्त्यमा**

नेपालको व्यापार व्यवस्थाले दशकौंमा उल्लेखनीय विविधताको अनुभव गरेको छ। नेपालको निर्यात र आयातको आधा हिस्सा ओगटेको भारत प्रमुख व्यापार साझेदार रहेता पनि अन्य देशसँगको व्यापार पनि बढेको छ। औद्योगिक नीति सुधारको सफलता झल्काउँदै उत्पादित निर्यातको अंश उल्लेखनीय रूपमा बढेको छ। तथापि, संरचनात्मक कमजोरीहरू कायम रहिरहे भने निर्यात क्षेत्र कमजोर बन्यो। नेपालको बजार अर्थतन्त्रको विकास राजनीतिक स्थिरता, रणनीतिक व्यापार स्थिति, र शताब्दीयौंदेखि आर्थिक नीति सुधारको गतिशील सम्बन्धको प्रमाण हो। नेपालले हालसम्म अर्थतन्त्रको विविधीकरणमा उल्लेखनीय प्रगति गरेको छ। यस्तो व्यापक आर्थिक इतिहासको लेखा र सम्झनाले भविष्यको रणनीति र नीतिहरूलाई आकार दिन मद्दत गर्छ, र अर्थतन्त्रलाई अनुमानयोग्य र लचिलो बनाउन अनुमति दिने आधार बनाउँछ।

# नेपालमा आर्थिक उदारीकरण

ऋति फाउन्डेसन

**पृष्ठभूमि**

*उदारवादका आधारभूत मान्यताहरुको अभ्यास नेपालमा धेरै पहिला देखि हुँदै आएको छ यद्धपी आर्थिक उदारीकरणको अभ्यास भने २०४६ सालपछि भएको मानिन्छ। यस आलेखमा नेपालमा आर्थिक उदारीकरणको इतिहास र अभ्यासको विषयमा चर्चा गरिनेछ। खासगरी नेपालमा आर्थिक उदारीकरणको शुरुवात गरिएको मानिने आर्थिक वर्ष २०४८/४९ को बजेट र त्यसमा उल्लेखित विषयहरु बारे यसमा उल्लेख गरिनेछ।*

उदारवाद एउटा यस्तो राजनीतिक दर्शन हो- जसले विधिको शासन, व्यक्तिको आर्थिक र व्यक्तिगत अधिकारको रक्षा, सम्पत्तिमाथिको व्यक्तिको अधिकार र खुला एवम् प्रतिस्पर्धी वातावरणको निर्माण र प्रवर्द्धनको मान्यता राख्दछ। नेपालको सन्दर्भमा कुनैपनि राजनीतिक दलले आफ्नो राजनीतिक सिद्धान्तको रुपमा उदारवादलाई अँगालेको पाइँदैन। यद्धपी सन् २०२२ मा गठित राष्ट्रिय स्वतन्त्र पार्टीले 'सामाजिक न्यायसहितको उदार अर्थतन्त्र र बहुलवादी लोकतन्त्र÷ लाई दलको आदर्श सिद्धान्तको रुपमा उल्लेख गरेको छ।

नेपालका सबैजसो राजनीतिक दलहरुले आफूलाइ समाजवादी र लोककल्याणकारी देखाइरहे पनि उनीहरु न कट्टर समाजवादी र लोककल्याणकारी छन् न त उदारवादी नै। सिद्धान्ततः जे भएपनि व्यवहारतः उनीहरुले मिश्रित अवधारणामा काम गरिरहेका छन्। राजनीतिक दलहरुले मूल सिद्धान्तका रुपमा उदारवाद र यसका विशेषताहरुलाई उल्लेख नगरेपनि नेपालमा उदारवादका लागि महत्वपूर्ण कदमहरु चालिएका छन्।

उदारवाद नागरिकहरुको जीवन र दैनिक क्रियाकलापहरुसँग जोडिएको हुन्छ। झनै उदारवादले व्यक्तिगत स्वतन्त्रता र आर्थिक अधिकारलाई प्रवर्द्धन गर्छ। सबैभन्दा महत्वपूर्ण कुरा भनेकै हरेक व्यक्तिले अर्थोपार्जनमा ध्यान दिनुपर्छ भन्ने हो। व्यक्ति धनी भए मात्रै देश धनी बनाउन सम्भव छ भन्ने सोच उदारवादी चिन्तन हो।

उदारवादका सिद्धान्तहरुमा आधारित रही नेपालमा आर्थिक उदारीकरणका धेरै कामहरु भएपनि उदारवादको संस्थागत अपनत्व कुनैपनि राजनीतिक दलले लिन सकेका छैनन्। अर्कोतर्फ उदारवादका सिद्धान्तहरुलाई अझै पनि नेपालमा आयातित एजेण्डा भनेरै बसेको पाइन्छ। जसले गर्दा नेपालमा उदारवादका विरासतहरु ओझेलमा परी आम मानिसहरुमा उदारवाद साँच्चै आयातित हो भन्ने भान भएको छ।

सन् १९५१ (वि. सं. २००७) मा नेपालमा जहाँनीया राणा शासनको अन्त्य भई प्रजातन्त्रको स्थापना भएको थियो। राणाहरूको वंशीय तन्त्र होइन कि प्रजाहरुकै 'तन्त्र÷ मा शासन चल्छ भन्ने उद्घोषसहित फागुन ७ गते मुलुकमा 'प्रजातन्त्र÷ स्थापनाको घोषणा भएको थियो। २०६३ वैशाखमा लोकतन्त्र स्थापनासँगै 'प्रजातन्त्र÷ को ठाउँमा 'लोकतन्त्र÷ को प्रयोग हुने गरेको छ। यद्यपी तत्कालीन राजा महेन्द्रले २०१७ साल पुस १ गते जननिर्वाचित प्रधानमन्त्री विपी कोइरालाको सरकारलाई अपदस्थ गरी निरंकुश पञ्चायती व्यवस्थाको स्थापना गरेका थिए। २०४६ सालको ऐतिहासिक जनआन्दोलनले देशमा

प्रजातन्त्रको पुनर्वहाली गरेको थियो। संघीयता, सामाजिक न्याय, समता, समानता, समावेशिता सहितको व्यक्तिगत स्वतन्त्रता लगायतका मौलिक हकहरुसहितको नेपालको संविधान २०७२ जारी भई हाल कार्यान्वयनमा रहेको छ। यो एक महत्वपूर्ण राजनीतिक खुड्किलो हो।

तत्कालीन अर्थराज्यमन्त्री महेश आचार्यले २०४८ असार २७ गते आर्थिक वर्ष २०४८/४९ को बजेट ल्याएका थिए। उक्त बजेटबाट नै नेपालमा आर्थिक उदारीकरणको औपचारिक रुपमा संस्थागत शुरुवात भएको भन्ने गरिएको छ। उक्त बजेटलाई नै नेपालमा पहिलो चरणको आर्थिक सुधारको प्रारम्भविन्दु मानिन्छ।

नेपालमा आर्थिक उदारीकरणको प्रक्रिया शुरु भएदेखि नै उद्योग तथा व्यापार क्षेत्रमा विभिन्न कदमहरु चालिएका छन्। २०५० सालमा निजीकरण ऐन बन्यो। उक्त ऐन कार्यान्वयनमा आएपछि हालसम्म करीब ३० वटा सार्वजनिक संस्थानको निजीकरण गरिएको छ। २०७४ सालतिरको तथ्याङ्क हेर्दा राज्यका सार्वजनिक संस्थान, कम्पनीहरू सबै घाटामा थिए। राज्यको रकमबाट खर्च चलाइरहेका सार्वजनिक संस्थान, कम्पनीहरूलाई निजीकरण गरेर नाफामा लैजाने कुराको शुरुवात त्यतिबेलादेखि नै भएको हो। अर्थशास्त्री र हालका राजनीतिक दलहरुका नेताहरु पनि त्यसलाई महत्वपूर्ण उपलब्धिका रुपमा लिन्छन्। राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष तथा अर्थशास्त्री विश्व पौडेलले उक्त नीतिका कारण नेपालमा सबैभन्दा बढी उद्योग खुलेको एक अन्तर्वार्तामा बताएका छन्। उनले समग्रमा निजीकरण, शिक्षा, स्वास्थ्य, बीमा, वित्त, जलस्रोत आदिमा निजी क्षेत्रको प्रवेशले नेपाल बदलिएको बताएका थिए।

**के थियो महेश आचार्यले ल्याएको बजेटमा ?**

२०४८ सालमा नेपालको प्रतिव्यक्ति वार्षिक आय ४ हजार ८ सय १५ रुपैया थियो। जतिबेला करीब ४२.५ प्रतिशत गरिबीको रेखामुनिका परिवारले वार्षिक आय सरदर ३ हजार २ सय ८५ रुपैयाबाट आफ्नो जीविका चलाएका थिए। उक्त बजेटमा कूल ग्राहस्थ बचतमा विगत केही वर्षदेखि ह्रास हुँदै आउनुको मुख्य कारण सरकारी र गैर सरकारी क्षेत्रमा भएको लगानीको प्रभावकारितामा कमी, लगानीको प्रतिफल प्राप्त हुन ढिलाई र अनुत्पादक खर्चमा ठूलो वृद्धि हुनु उल्लेख थियो। उत्पादन वृद्धि गर्न बजारमुखी र प्रतिस्पर्धात्मक आर्थिक क्रियाकलापमा निजी क्षेत्रले प्रमुख भूमिका खेल्नुपर्ने उल्लेख बजेटमा गरिएको थियो। बजेटको उद्धेश्यमै निजी क्षेत्रको सहभागिता वृद्धि गराई राष्ट्रिय अर्थतन्त्रलाई अझ बढी उदार र गतिशील बनाउने कुरा राखिएको थियो।

बजेटमा लेखिएको थियो "*निजी क्षेत्रको उद्यमशीलता, परिश्रम, विवेक, सीप तथा कार्यदक्षताको अधिकतम उपयोग नभई देशको आर्थिक विकासदर तीव्र हुन नसक्ने कुरा आज विश्व भरिको अनुभवले देखाएको छ। तसर्थ पहिले नियोजित अर्थ व्यवस्थामा विश्वास गर्ने मुलुकहरु पनि अब बजारोन्मुख अर्थ व्यवस्था तर्फ लम्किरहेका छन्। नेपालमा पनि सरकारी क्षेत्रमा विद्यमान कार्यदक्षताको स्तर र अहिलेसम्मको अनुभवले यो आवश्यकताको पुष्टि गर्दछ। सरकारी संस्थानहरुमा अहिले तीन अरब रुपैया भन्दा बढीको शेयर लगानी र ७ अरब रुपैयाँ भन्दा बढीको ऋण लगानी छ। यो ठूलो लगानीबाट प्राप्त हुने लाभांश र ब्याज नगण्य छ।*

*कतिपय संस्थानहरु सरकारी अनुदान नभई चल्न सक्ने अवस्थामा छैनन्। सरकारी उद्योगहरुको क्षमता उपयोग पनि सन्तोषजनक छैन। सरकारले संस्थानहरुमा गरेको लगानीमा गतबर्ष केवल १ करोड २४ लाख रुपैया लाभांश प्राप्त गर्यो जुन कुल लगानीको ०.१ प्रतिशत मात्र हो। आर्थिक बर्ष २०४६।४७*

*मा जम्मा ६४ सरकारी संस्थानहरु मध्ये २७ वटा संस्थानहरु घाटामा थिए र त्यस बर्षको कूल घाटा ७९ करोड ६९ लाख रुपैया थियो।"*

उपरोक्त पृष्ठभूमि उल्लेख गर्दै उक्त बजेटमा सरकारी उद्योग तथा अन्य संस्थानहरुमा सरकारी भूमिका कम गर्दै सरकारी व्ययभार र व्यवस्थापन भार घटाउने र यस्ता क्षेत्रहरुमा निजी क्षेत्रलाई क्रमशः सहभागी बनाउँदै लैजानुपर्ने साथै निजीकरणसम्बन्धी पद्वती र विधि अध्ययन गरी आगामी बर्षमा तीनवटा सरकारी संस्थानहरु र पाँच वटा सरकारी कृषि फर्महरुलाई निजीकरण गरिने उल्लेख थियो। आर्थिक विकासमा निजी क्षेत्रलाई बढी सक्रिय बनाउने नीति अनुरुप निजी क्षेत्रको पूर्ण स्वामित्वमा वित्त कम्पनी लगायत बाणिज्य बैंक समेत खोल्न अनुमति दिइने कुरा उक्त बजेटमा उल्लेख गरिएको थियो। अर्कोतर्फ नेपालमा विदेशी लगानीकर्ताहरुलाई आकर्षित गर्ने, औद्योगिक इजाजत पत्र लिन लामो समय लाग्ने भएकोले लगानी कर्तालाई औद्योगिक लगानीमा प्रोत्साहन दिने नीति उक्त बजेटले लिएको थियो।
नेपालको उदारीकरणको इतिहासले राजनीतिक परिवर्तन, आर्थिक सुधार र सामाजिक-सांस्कृतिक परिवर्तनलाई जोड्छ। तीव्र गतिको व्यवस्था परिवर्तन, राजनीतिक अस्थिरता, द्वन्द्व र रूपान्तरणको कालखण्डमा पनि नेपालको आर्थिक उदारीकरणले उल्लेखनीय परिवर्तनहरू ल्याएको छ। निजी क्षेत्रको सक्रिय सहभागिता समावेशी राजनीतिक सहभागिता लगायतका सुधारहरूले नेपालको सन्दर्भमा उदारीकरणको सकरात्मक शुरुवात भएको देखिन्छ।

*नेपालः एक अर्थ राजनीतिक विश्लेषण* नामक अध्ययनमा सन् १९८० को मध्यदेखि नेपालमा राम्रो आर्थिक वृद्धि भएको उल्लेख गरिएको छ। पूर्वाधार विकास, समावेशी सहभागिता लगायतका कदमहरुलाई सकारात्मक कामको रुपमा उल्लेख गरिएको छ। तत्कालीन अर्थ राज्यमन्त्री महेश आचार्यले ल्याएको उक्त बजेटलाई नेपालमा उदारीकरण विशेषगरी आर्थिक उदारीकरणको कोशेढुङ्गाको रुपमा हेर्ने गरिएको छ। निष्कर्षमा २०४६ सालपछि आएको बजेटले नै नेपाललाई आर्थिक उदारीकरणको बाटोमा डोर्याएको देखिन्छ। आर्थिक उदारीकरणको पक्ष पछिमात्र विकसित भएतापनि नेपालमा उदारवादका अन्य आयामहरु आदिमकालदेखि नै अभ्यासमा छन्।

# सत्र ३

# प्राचिन एसियामा व्यक्तिगत स्वतन्त्रता सम्पतिका अधिकारहरु

# प्राचीन एशियामा व्यक्तिगत स्वतन्त्रता

ऋति फाउन्डेसन

स्वतन्त्रता शब्दकै उत्पत्ति र विकास पश्चिमा मुलुकमा भएको भन्ने मान्यता विकासित भएको पाइन्छ। विशेष गरी प्राचीन युरोपियन ग्रीसमा यस्त अवधारणाको विकास भएको भन्ने विश्वास गरिन्छ। त्यस्तै खाले पूर्वीय दर्शनको उत्पत्ति र विकासको इतिहास कमै मात्र पाइन्छ। यसबाहेक, पूर्वीय समाज र सामाजिक संरचनाहरु व्यक्तिगत अधिकारको संरक्षण र विकासमा त्यति ध्यान दिंदैनन् भन्ने छ। साथै यस्ता संरचनाहरु राज्यसत्ताविरुद्ध लागेर व्यक्तिका हक अधिकार स्थापित गर्न सक्दैनन् भन्ने पाइन्छ। तर के यही पूर्ण सत्य हो त?

प्राचीन पूर्वीय (धेरैजसो एशियाली) देशमा अनुशासन र अधिकारको कठोर अभ्यासले व्यक्तिगत स्वतन्त्रताको अवधारणा ओझेलमा परेको पाइन्छ। जसका कारण एशियाली मुलुकमा व्यक्तिगत स्वतन्त्रता हुँदै नभएको वा व्यक्तिमाथि राज्यमात्र हाबी भएको हो कि भन्ने देखिन्छ। यद्धपी यसले एशियाली महाद्वीपको विविध दार्शनिक, धार्मिक र राजनीतिक परिदृश्यलाई बेवास्ता गरेको छ। हुनसक्छ यहाँ व्यक्तिगत स्वतन्त्रताको रक्षा गर्ने संस्थाहरूको स्थापना र विकास पर्याप्त मात्रामा हुन सकेन तर व्यक्तिगत स्वतन्त्रता वा मुक्तिको अधिकार नै नभएको भने होइन। महत्वपूर्ण सवाल यो हो कि प्राचीन एशियाली मुलुकहरुले राज्यमा शान्ति सुरक्षा र अमन चयन कायम गर्ने क्रममा अनुशासन र नियन्त्रणलाई मात्रै ध्यान दिएर व्यक्तिगत स्वतन्त्रता विरुद्ध एक भएका थिए त?

पूर्वीय समाज र चिन्तनहरुमा व्यक्तिगत स्वतन्त्रता सम्बन्धी सवाललाई व्यापक रुपमा गलत बुझिएको छ। आफ्नै नैतिकताको निर्णयमा स्वायत्तताको अभाव छ भन्ने हिसाबले अर्थ लगाइन्छ। यद्धपी, निर्णय क्षमतामा रहेका कमीकमजोरीको दोष राज्य र शासकलाई दिएर व्यक्तिगत स्वतन्त्रता थिएन भन्न कति सुहाउँछ? गहिरो अन्वेषणले फरक वास्तविकता रहेको देखाउँछ।

प्राचीन चीनको सबैभन्दा प्रभावशाली दर्शनहरू मध्ये एक कन्फ्युसियसवादले सामाजिक सद्भाव, सुव्यवस्था र मर्यादित सम्बन्ध प्रवर्द्धनलाई निकै जोड दिएको थियो। यसरी निर्मित समाजमा कर्तव्यको ज्यादा महत्व, अख्तियारको सम्मान तथा सामाजिक स्थिरता कायम राख्न परिवार र राज्यको भूमिकाका कारण चिनियाँ दर्शनले व्यक्तिगत स्वतन्त्रतालाई पूर्ण रूपमा बेवास्ता गरेको हो कि भन्ने धारणा विकास भएको पाइन्छ। यद्धपी, कन्फ्युसियन विचारले व्यक्तिको भूमिकालाई पूर्ण रूपमा बेवास्ता गर्दैन। कन्फ्युसियस आफैले पनि व्यक्तिगत सद्गुण र नैतिक आत्म-उत्पादनको महत्त्वबारे वकालत गरेका छन्। उनका अनुसार हरेक व्यक्तिलाई आफ्नो चरित्र र नैतिक समझको विकास गर्ने जिम्मेवारी छ। यसरी व्यक्तिको व्यक्तित्व विकासमा निजकै भूमिका महत्वपूर्ण ठानिनुलाई व्यक्तिगत स्वतन्त्रतासँग जोडेर हेर्न सकिन्छ।

लाओ जु द्वारा समर्थित ताओवादले कन्फ्युसियसवाद पर्याप्त व्यक्तिवादी नभएको भन्दै व्यक्तिगत स्वतन्त्रतालाई अझ बढी मुखरित गरेको छ। जसले न्यूनतम सरकारी हस्तक्षेप (वु- वेई) सहित व्यक्तिको स्वतन्त्रतालाई वकालत गर्छ। लाओ जु का अनुसार कुनैपनि व्यक्ति प्राकृतिक शान्ति र सद्भावपूर्ण जीवन बाँच्न पाउनुपर्छ। ताओवादको मुलभूत कुरा नै यही हो। उनका अनुसार अधिकतम कानूनी दमनले सामाजिक अशान्ति र गरिबी निम्त्याउँछ। यसरी उनको दृष्टिकोण व्यापक व्यक्तिवादी थियो भन्ने देखिन्छ, जसले व्यक्तिको खुशी र आधारभूत आवश्यकता पूर्तिलाई प्राथमिकता दिनुपर्छ भन्ने प्रस्ताव राखेको थियो।

व्यक्तिगत स्वतन्त्रता र खुशीमा बाधा पुऱ्याउने सामाजिक संस्थाहरूलाई घटाउनुपर्छ वा खारेज गर्नुपर्छ भन्ने उनको मान्यता थियो। "जति धेरै कानून र प्रतिबन्ध छन्, जनता त्यति नै गरिब बन्छन्" भन्ने उनको दाबीले अधिनायकवादी शासनको विरोध र अधिक व्यक्तिगत स्वतन्त्रताको वकालत बुझ्न कठीन छैन।

त्यसैगरी, नेपालमा जन्मेका बुद्धले घटना हुनुको पछाडि अलौकिकतालाई दोष दिने सिद्धान्तलाई अस्वीकार गर्दै प्रत्येक कार्यको पछाडि समय, प्रकृति र ईश्वरको हात रहेको विचारमाथि प्रश्न उठाए। यसरी आफ्ना कामको परिणामका लागि पनि अरुलाई दोष दिने पद्धतिले व्यक्ति जवाफदेही नहुने भन्दै व्यक्तिको भूमिकालाई थप प्रभावकारी बनाउनुपर्ने बताए। हरेक घटनाको पछाडि मानिसको हात रहेको र पर्याप्त समय र ज्ञानपछि अज्ञातको जवाफ पाउन सकिने उनको विश्वास थियो। बौद्ध धर्मले जोड दिने व्यक्तिको सद्प्रयास र व्यक्तिगत ज्ञानको खोजीको अवधारणाले व्यक्तिगत स्वतन्त्रतामानै जोड दिएको झल्काउँछ। बुद्धले जहिल्यै आफ्ना अनुयायीहरूलाई अख्तियारमाथि प्रश्न गर्न, आफ्नो लागि सोच्न र मुक्तिको मार्ग आफै खोज्न प्रेरित गरिरहे। यसरी व्यक्तिगत जिम्मेवारीबोध र स्वायत्तताले व्यक्तिगत स्वतन्त्रताकै व्यापक विषयवस्तुलाई प्रतिध्वनित गर्छ।

व्यक्तिगत स्वतन्त्रताको अर्को महत्त्वपूर्ण पक्ष भनेको व्यक्ति र उसको योग्यतामा जोड दिनु हो। कन्फ्युसियसवादमा दृढता र कडा परिश्रम मार्फत जो कोही पनि सामाजिक अवरोधहरू छिचोलेर समाजको उच्च स्तरमा पुग्न सक्छ भनिएको छ। यहाँ, व्यक्तिवादको अवधारणा पश्चिममा भन्दा केही भिन्न छ। कन्फ्युसियन व्यक्तिवादले अरूसँग सम्बन्ध कायम राख्दै व्यक्तिले कसरी आफ्नो लक्ष्य प्राप्त गर्छ भन्ने कुरामा बढी ध्यान दिन्छ। यसले अरूबाट आफूलाई नछोडिकनै निजत्वको भावनाको कदर गर्छ। मिङको उत्तरार्ध र छिङ राजवंशको प्रारम्भिक कालका एक प्रमुख कन्फ्युसियन विद्वान ह्वाङ जोङ्सी निरंकुश शासनको मुखर आलोचक थिए। आफ्नो कृति "वेटिङ फर द डन" मा उनले शासकको पूर्ण शक्तिको विरुद्धमा तर्क गर्नुका साथै शासकको अधिकारलाई कानून र जनइच्छा अनुसार नियन्त्रण गरिनुपर्ने प्रस्ताव अघि सारेका छन्। यसका साथै उनले शासनमा जनसहभागिता हुनुपर्ने तथा राजनीतिक मामिलामा व्यक्तिहरुनै बढी जिम्मेवार र उत्तरदायी हुनुपर्ने बताएका छन्। जोङ्सीको उक्त प्रस्तावले विद्यमान निरंकुश संरचनाहरूलाई चुनौती दिनुका साथै व्यक्तिको राजनीतिक स्वतन्त्रतालाई प्रवर्द्धन गरेको प्रमाणित हुन्छ।

प्राचीन एशियामा परम्परागत सिद्धान्तहरूलाई चुनौती दिने तथा बौद्धिक स्वतन्त्रतालाई जोड दिने आन्दोलन वा अभियानहरु पनि भएका छन्। जसले मानिसहरूलाई जीवनका विविध आयामहरुमा घोत्लिन र आफ्नै खुशीको पछि लाग्न प्रेरित गर्यो। प्राचीन भारतले वेदमा आधारित परम्परागत हिन्दू सिद्धान्तलाई पछ्यायो। वर्णाश्रम र जातीय व्यवस्थाको अभ्यासले भारतीय समाजको जनजीवन निर्धारण गर्यो। जहाँ पूर्वजन्म र पुनर्जन्मलाई जीवन जीउने प्रधान आधार मान्न थालियो। चार्वाक अर्थात् लोकायताले यस सिद्धान्त वा मृत्युपछिको जीवनको अवधारणालाई अस्वीकार गर्यो। यस दर्शनका विचारकहरूले प्रत्यक्ष बोध (प्रत्यक्षा) नै ज्ञान प्राप्त गर्ने एकमात्र वैध स्रोत भएको बताए। यस दर्शनले बाह्य शक्तिहरूको हस्तक्षेप बिना नै आफ्नो खुशी र आनन्द प्राप्त गर्न व्यक्तिगत स्वायत्तताको महत्त्वलाई जोड दिन्छ। यसरी परम्परादेखि पुस्तान्तरण हुँदै आएको अन्धविश्वासमाथि आलोचनात्मक चेत निर्माण गरी अनुभवजन्य प्रमाणलाई बढावा दिएर यस दर्शनले उतिबेलैदेखि बौद्धिक स्वतन्त्रता र व्यक्तिगत स्वच्छन्दतामा योगदान पुर्याएको छ।

व्यक्तिगत स्वतन्त्रता धार्मिक तथा सामाजिक सद्भावसहित विभिन्न रूपहरूमा प्रकट हुन्छ। यस सम्बन्धमा भारतीय दर्शनलाई व्यापक रूपमा दुई समूहमा राखेर हेर्न सकिन्छ। जसमध्ये पहिलो हो- हेटेरोडक्स अर्थात् नास्तिक समुदाय र अर्को हो- अर्थोडक्स अर्थात् आस्तिक समुदाय। आस्तिक समुदायले वेदको वैधतालाई स्वीकार गर्छन् भने नास्तिकहरुले त्यसलाई नकार्छन्। नास्तिकहरु परम्परागत विश्वासलाई चुनौती दिनुका साथै बौद्धिक स्वतन्त्रता र विचारको विविधतालाई बढावा दिन्छन्। यस श्रेणी भित्र मुख्यतया चार्वाक र बौद्ध दर्शन पर्छन्। यी र यस्ता विविध दार्शनिक परम्पराहरूको सह-अस्तित्वले पूर्वीय समाजमा स्वतन्त्र विचारहरुको सम्मान गरिन्थ्यो भन्ने देखाउँछ।

यसका अतिरिक्त, मुगल सम्राट अकबर धार्मिक सहिष्णुता र बहुलवादका समर्थक हुन्। उनको विश्वव्यापी शान्ति नीति (सुलह-ए-कुल) ले विभिन्न धार्मिक समुदायहरू बीच सहिष्णुता र संवादको संस्कृतिलाई बढावा दिएको पाइन्छ। उक्त नीतिले विभिन्न धार्मिक समूहहरूको शान्तिपूर्ण सह-अस्तित्व मात्र प्रवर्द्धन गर्दैन बरु बौद्धिक र आध्यात्मिक स्वतन्त्रता फष्टाउन सक्ने वातावरण पनि निर्माण गरेको थियो। अकबरको अड्डा वा अदालत सांस्कृतिक र बौद्धिक आदानप्रदानको केन्द्र जस्तै थियो। जसले विभिन्न पृष्ठभूमिका विद्वानहरू, कलाकारहरू र विचारकहरूलाई स्थान दिन्थ्यो। राजा अकबर व्यक्तिको धार्मिक स्वतन्त्रता वा कुनैपनि धर्म छान्न र मान्न पाउने अधिकारबाट कसैलाई पनि बञ्चित गर्न नहुने कुरामा स्पष्ट थिए। धर्म मानेकै कारण कसैलाई पनि सजायँ गर्न नहुने कुरामा उनको जोड थियो।

एशियाको इतिहास यति अनुपम र बिराट छ कि त्यो कुनै सानो अध्ययनले समेट्न सक्दैन। यस लेखमा प्रस्तुत उदाहरण र खोजले एशियाली मुलुकमा व्यक्तिगत अभिव्यक्ति र स्वतन्त्रतालाई मात्र केलाउन खोजेको छ। जसरी एउटा झिल्कोले ठूलो प्रज्वलन गर्न सक्छ, त्यसरी नै यी दर्शन र व्यक्तिहरूले एशियाली समाजहरूमा अख्तियारमाथि प्रश्न उठाउन र आफ्नै सिद्धान्तहरू स्थापित गर्न जबर्जस्त शक्ति खडा गर्छन्।

आधुनिक एशियामा पनि व्यक्तिगत स्वतन्त्रताका केही विचारकहरु प्रसिद्ध छन्। भारतका एक समाज सुधारक डा. भीमराव रामजी अम्बेडकर भारतीय संविधानका मुख्य वास्तुकार समेत हुन्। सामाजिक न्याय र व्यक्तिगत स्वतन्त्रताको वकालत गर्न उनले बौद्ध धर्मका सिद्धान्तहरूको सहारा लिएका छन्। प्रमुख रुपमा उनले व्यक्तिगत स्वतन्त्रता र समानताको बाधक रहेको जातीय व्यवस्थाको खुलेरै आलोचना गरे। आफू पनि एक दलित समुदायको सदस्य भएको र व्यापक सामाजिक विभेद भोगेका कारण जातीय व्यवस्थाले व्यक्तिलाई पेशा छनौट गर्न र व्यक्तिगत आकांक्षा पूरा गर्नबाट रोक्ने उनको ठम्याई थियो। हिन्दुवादबाट प्रभावित राजनीतिक विचारधारा, जसलाई भारतीय राष्ट्रवाद पनि भनिन्छ, ले सामाजिक रूपमा सीमान्तकृत समुदाय विशेष गरी दलितहरूलाई बहिष्करणमा पार्यो। जसले ठूलो समुदायलाई निराश तुल्यायो। भारतीय समाजलाई विभेद मुक्त बनाई समानता कायम गर्न उनले बौद्ध धर्मको पुनरुत्थान गर्नुपर्ने कुराको वकालत गरे। बौद्ध दर्शनको अनुशरणबाट नै वर्तमान सामाजिक व्यवस्थालाई मानव हित तथा आधुनिक परिवर्तन अनुकुल बनाउन सकिने उनको दाबी थियो। यद्धपी अम्बेडकरले उक्त धर्म परिवर्तन भित्र तार्किकता, नैतिकता र व्यक्तिगत स्वायत्ततालाई ख्याल गर्नुपर्ने बताएका थिए। यसरी जात व्यवस्थाको उन्मूलनका लागि स्वतन्त्रता र समानताका सिद्धान्तलाई प्रवर्द्धन गर्दै अम्बेडकरले व्यक्तिगत स्वतन्त्रता र सामाजिक न्याय स्थापना गरी भारतीय समाजको पुनर्निर्माण गर्न खोजे।

यस्तै नेपालका प्रथम निर्वाचित प्रधानमन्त्री बिपी कोइरालाका अभिव्यक्ति र प्रवचनहरुमा पनि व्यक्तिगत स्वतन्त्रतालाई प्रमुख स्थान दिइएको पाइन्छ। उनले तत्कालीन वंशीय राजा र राणा शासनलाई चुनौती दिंदै देशको लोकतान्त्रिक सामाजिक आर्थिक विकासको नेतृत्व गरे। उनका साहित्यिक कृतिहरुमार्फत् समेत व्यक्तिगत मुक्तिको वकालत गरिएका छन्। कोइरालाका अनुसार नयाँ युगका नयाँ मानवले समाज र सामाजिक रूपमा निर्मित नियम र संरचना विरुद्ध विद्रोह गर्छन्। उनले भनेका छन्- मानिसहरु व्यक्तिगत रुपमै धेरै महत्वपूर्ण छन् न कि समाजको एक सदस्य भएका नाताले। उनका उपन्यासहरूमा परम्परागत मूल्यभन्दा बढी व्यक्तिगत छनौट र पहिचानको स्वतन्त्रताको खोजीले स्थान पाएका छन्। विपी कोइरालाका जीवनीकार चटर्जीका अनुसार उनले मानिसका दुई आयामबारे महसुस गरेका छन्। पहिलो मानिसको सामाजिक वृत्ति हो, जसले उनीहरूलाई समाजको सदस्य बन्न सघाउँछ। अर्को वृत्ति हो- क्रान्ति, जसले उनीहरूलाई समाजका सबै नियम नमान्न प्रेरित गर्छ। अतः मानिस एकैसाथ सामाजिक र असामाजिक हुन्छ। नियम पालक र विद्रोही बन्छ।

यसैगरी सन् १९९० को दशकमा कम्युनिष्ट नेता मदन भण्डारीले नेपालको राजनीतिक आयाम बदल्न नयाँ प्रस्ताव प्रस्तुत गरे। परम्परागत अधिनायकवादी शासनलाई लोकतान्त्रिक ढाँचामा बदल्ने लक्ष्यसहित उनले जनताको बहुदलीय जनवाद (जबज) को सिद्धान्त अघि सारे। उनी समकालीन नेपाली राजनीतिका यस्ता पात्र हुन् जो कहिल्यै कुनै हिंसात्मक संघर्ष वा विद्रोहमा संलग्न भएनन्। न त कहिल्यै पक्राउ नै परे। परिणामतः उनको अहिंसात्मक दृष्टिकोण पनि प्रख्यात छ। नेपाल कम्युनिष्ट पार्टी (एमाले) मा उनको नेतृत्वले वैचारिक छलफलहरुलाई प्रोत्साहित गर्दै वाम आन्दोलनलाई लोकतान्त्रीकरण गर्नुका साथै पार्टीलाई सीमान्त चरमपन्थी समूहबाट समावेशी र प्रगतिशील संगठनमा रूपान्तरण गरी व्यक्तिगत स्वतन्त्रताप्रति आफ्नो प्रतिबद्धता प्रदर्शन गर्यो। अल्पसंख्यकहरुको कुरा सुन्न र त्यसलाई सम्मान गर्नुपर्नेमा उनको जोड थियो। उनले देश र जनताको सर्वोत्तम हितलाई प्राथमिकतामा राखी अनुकूल मार्क्सवादी सिद्धान्तहरूको प्रयोगमा विशेष ध्यान दिएका थिए।

नेपालमा व्यक्तिगत अधिकारको संरक्षण र प्रवर्द्धन गर्न वकालत गर्नेमध्येका अर्का प्रमुख व्यक्तित्व हुन्- डा. भोलानाथ चालिसे। उनले व्यक्तिगत स्वतन्त्रता र मानव अधिकारको संरक्षण गर्ने लोकतान्त्रिक ढाँचाको परिकल्पना गरे। व्यक्तिगत स्वतन्त्रता र स्वायत्ततालाई प्राथमिकता दिने संस्था र नीति निर्माण गर्नुपर्ने उनको जोड थियो। चालिसेले लोकतन्त्र राजनीतिक सहभागितामा मात्र नभई व्यक्तिगत अधिकार र स्वतन्त्रताको संरक्षण र प्रवर्द्धन सुनिश्चित गर्ने कुरामा विश्वास राख्थे। उनको सुधार योजनामा नागरिकहरुलाई स्वतन्त्रतापूर्वक अभिव्यक्त हुने अवसर प्रदान गर्नुका साथै शासनमा अर्थपूर्ण सहभागिता हुनुपर्ने कुरालाई विशेष महत्व दिइएको छ।

अन्त्यमा, पश्चिमेली देशमा जस्तै पूर्वेली देशमा व्यक्तिगत स्वतन्त्रतालाई किन महत्त्व दिइएन भन्ने कुरा नै मुख्य सवाल हो। यसको मुख्य कारण पूर्वीय समाजहरूमा व्यक्तिगत स्वतन्त्रता विभिन्न दार्शनिक, धार्मिक र राजनीतिक ढाँचाकै अभिन्न अङ्गको रुपमा रहे। वास्तवमा, एशियाली समाजमा स्वतन्त्रताको अवधारणा र मर्म विशिष्ट खालको थियो र स्वतन्त्रताका समर्थकहरु पनि थिए। अतः पूर्वीय समाजमा व्यक्तिगत स्वतन्त्रताको अवधारणा अन्यत्रबाट आयात गर्नुपर्ने वा सिक्नुपर्ने विषय होइन। बरु यहाँको सामाजिक उत्खनन् गर्नु जरुरी छ।

स्वतन्त्रता आफैमा एक स्वतन्त्र शासकीय प्रवन्ध हो। भनिन्छ अधिनायकवाद आफ्नै कारणले ढल्छ।

जीवन जीउन असहज परिस्थितिको निर्माण हुनासाथ मानिसहरु विद्रोही बन्छन्। र उनीहरुको विद्रोहले रुढीबादलाई ढाल्छ र भावी पुस्ताको भलाई गर्छ। यस्ता धेरै उदाहरणहरु छन्। अर्कोतर्फ पश्चिमी देशले विकास गरेका मानकहरुका आधारमा पूर्वीय देशमा व्यक्तिगत स्वतन्त्रतालाई दाँज्नु पनि हाम्रो गल्ली हो। पश्चिमा मुलुकमा व्यक्तिवादिताको अर्थ अक्सर समाजमा कसैको योगदानलाई विचार नगरी स्वतन्त्र हुन खोज्नु हो। पूर्वीय समाजहरूले व्यक्तिगत स्वतन्त्रतालाई सामाजिक उत्तरदायित्वसँग सन्तुलन गर्ने व्यक्तिवादको अर्को रूपलाई अँगालेका छन्। तसर्थ, व्यक्तिगत स्वतन्त्रता सम्बन्धी एशियाली समाजहरूको योगदानलाई ऐतिहासिक कथनहरुले मान्यता दिनु आवश्यक छ।

# सम्पत्तिका अधिकारहरू

आरमेन ए. आलचिएन

पुँजीवादी आर्थिक प्रणालीको एकदमै आधारभूत आवश्यकतामध्ये एक, तर सबैभन्दा गलत तरिकाले बुझिएको अवधारणा भनेको सम्पत्तिको अधिकारसम्बन्धी अवधारणा नै हो। दशकौंदेखि संयुक्त राज्य अमेरिका तथा अधिकांश पश्चिमी मुलुकहरुमा समाजिक आलोचकहरूले प्राय सधैंजसो "मानव" अधिकारभन्दा "सम्पत्तिका" अधिकारले महत्व राखेको र त्यसको परिणाम स्वरुप मानिसहरूमा समान व्यवहार नहुने र सबैले समान अवसरहरू नपाउने अवस्था सृजना भएको भनेर अभियोग लगाउने गरेका छन्। असमानता कुनै पनि समाजमा विद्यमान हुन्छ। तर सम्पत्ति र मानव अधिकारहरूबीच कथित सङ्घर्ष एक भ्रम सरह छ – सम्पत्तिको अधिकार मानव अधिकार नै हो।

सम्पत्तिको अधिकारको परिभाषा, बाँडफाँड र संरक्षण समाजले हल गर्नुपर्ने सबैभन्दा जटिल र गाह्रा मुद्दाहरू हुन्, तर यी मुद्दाहरूलाई कुनै न कुनै ढँगबाट हल गर्ने उपायहरु भने निकाल्नु पर्छ नै। धेरै जसो सम्पत्तिको अधिकारका सामाजिक आलोचकहरू ती अधिकारहरू निलम्बन गर्न चाहँदैनन्। यसको सट्टा उनीहरू निजी स्वामित्वबाट सरकारी स्वामित्वमा अधिकारहरू हस्तान्तरण होस् भन्ने चाहन्छन्। सार्वजनिक स्वामित्वमा केही अधिकार हस्तान्तरणले (वा नियन्त्रणले) अर्थव्यवस्था बढी प्रभावशाली बनाँउछ भने अरुले कम प्रभावकारी बनाँउछ। सबैभन्दा खराब परिणाम त तब आँउछ जब सम्पत्तिको अधिकारहरू पूरै हटाइन्छन्।

सम्पत्तिको अधिकार एक विशेष अधिकार हो, जसले स्रोत तथा साधनहरू कसरी उपयोग हुन्छ भन्ने कुरा निर्धारित गर्छ, चाहे त्यो स्रोत सरकारको होस् वा कुनै व्यक्तिको। सरकारी प्रशासक बल र सामाजिक बहिष्कारबाट समाजले सम्पत्तिको अधिकार भएको व्यक्तिहरुलाई उक्त अधिकार प्रयोग गर्ने मान्यता दिएको छ। यदि कुनै स्रोत साधनमाथि सरकारको अधिकार छ भने सरकारको तर्फबाट त्यसलाई प्रयोग गर्ने व्यक्तिले तय गरिएका नियमहरू अन्तर्गत काम गर्नुपर्दछ। संयुक्त राज्य अमेरिकामा हो भने ती नियमहरु संसद वा उक्त भूमिका बहन गर्न बनेका कार्यकारी निकायहरुले बनाएको हुनुपर्दछ।

निजी सम्पत्तिमाथिको अधिकारले सम्पत्तिको प्रयोग गर्नुका अतिरिक्त अन्य दुई अधिकारहरू पनि सुरक्षित गरेको हुन्छ। पहिलो उक्त सम्पत्तिबाट प्रदान गर्न सकिने सेवाहरुप्रतिको अखण्डित अधिकार हो। जस्तै – कुनै घरको मालिकले आफ्नो घर आफूले चाहेको व्यक्तिलाई भाडामा दिन सक्छ। त्यसैगरी कसैलाई दिन मन लागेन भने आफैं पनि प्रयोग गर्न सक्दछ, अथवा अन्य रूपमा पनि प्रयोग गर्न सक्दछ। घर भाडामा दिएको खण्डमा त्यसबाट प्राप्त हुने आम्दानीलाई आफ्नो इच्छानुसार खर्च गर्न सक्दछ। यो नै स्रोतहरुबाट प्रदान गर्न सकिने सेवामाथिको अधिकार हो।

अन्ततः निजी सम्पत्तिमाथिको अधिकारमा आफ्नो अधिकार प्रत्यायोजित गर्नु, उक्त सम्पत्तिमाथि अधिकारसम्पन्न व्यक्तिले आफूले चाहेको मूल्यमा (कोही उक्त मूल्य तिर्न राजी भएमा) भाडामा लगाउनु वा बेच्नु अथवा आफूले चाहेको व्यक्तिलाई उपहार दिनु आदि पर्दछ। यदि एक व्यक्तिमा निहित रहेको अधिकार अर्को व्यक्तिले खरिद गर्न पाएन भने सम्पत्तिमाथिको अधिकार सीमित हुन्छ। त्यसैले निजी सम्पत्तिका तीनवटा मुख्य तत्वका रूपमा (१) सम्पत्ति केका लागि प्रयोग गर्ने भन्ने अखण्डित अधिकार

(२) कुनै स्रोत अर्थात सम्पत्तिबाट प्राप्त हुन सक्ने सेवामाथिको अखण्डित अधिकार (३) सहमतिका आधारमा साधनको विनिमय गर्ने अधिकार रहेका हुन्छन् ।

अमेरिकाको सर्वोच्च अदालत सम्पत्तिको अधिकारमध्ये तेस्रो अधिकारको बारेमा अनिश्चित छ। न्यायाधीशहरूले आफ्नो निर्णयमा जस्तोसुकै शब्दहरूको प्रयोग गरे तापनि सहमतिका आधारमा साधनको विनिमय गर्न पाइएन भने निजी सम्पत्तिमाथिको अधिकार सीमित हुन्छ। म लगायत अन्य अर्थशास्त्रीहरू निजी सम्पत्तिमाथिको यस्तो रोक समाजका लागि लाभदायक नहुने कुरामा विश्वस्त छौं। यसका केही कारणहरु यहाँ बयान गरिएको छ।

निजी सम्पत्तिको व्यवस्थामा बजारमा सम्पत्तिको मूल्यले समाजमा यसको माग र प्राथमिकता देखाउँछ। सम्पत्तिको मालिक जोसुकै भए तापनि सम्पत्तिको प्रयोगमा अन्य मानिसहरूले उक्त सम्पत्तिको सही सदुपयोगका बारेमा जनाउने विचारहरुले त्यस सम्पत्तिको प्रयोगको निर्णयलाई प्रभावित गर्दछन्। यसको मुख्य कारण के हो भने सम्पत्तिको मालिकले उक्त सम्पत्तिको सबभन्दा सही उपयोग नहुने खालको निर्णय नगरेको खण्डमा उक्त अधिकतम फलदायी प्रयोगका लागि अरुहरु उसलाई केही मूल्य चुकाउन पनि तयार हुन्छन् र त्यही अनुसार उक्त सम्पत्तिको मूल्य पनि तोकिन्छ।

यसरी हेर्दा यो विरोधाभासपूर्ण देखिन्छ किनकि सम्पत्ति निजी भए तापनि यसमाथि गरिने निर्णय समाज र जनताको भावनाबाट प्रभावित हुन्छ। सम्पत्तिमाथिको अधिकारको मुख्य उद्देश्य र यसको आधारभूत उपलब्धि भनेको आर्थिक साधनहरूमा प्रभुत्वको लागि हुने विध्वंसात्मक प्रतिस्पर्धालाई यसले रोक्छ। सम्पत्तिमाथिको अधिकार राम्ररी सुरक्षित भएका खण्डमा मानिसहरू विध्वंसात्मक नभई शान्तिपूर्ण रुपमा प्रतिस्पर्धा गर्दछन्। सम्पत्तिमाथिको अधिकारको कति हदसम्म लागु भएको छ भन्ने कुराले मानिसहरुले स्रोतहरुमाथि प्रभुत्व हासिल गर्न कसरी प्रतिस्पर्धा गर्छन् भन्ने कुरा निर्धारण गर्दछ। सम्पत्तिमाथिको अधिकार पूर्णरूपमा स्थापित हुँदै जाँदा बजारमा विनिमयको मूल्य प्रभावकारी हुँदै जान्छ। मानिसको व्यक्तिगत स्थिति र विशेषताहरूले स्रोत तथा साधनको प्राप्तिमा कम मात्र असर पार्छ किनकि उक्त प्रभाव न्यून गर्न मूल्यलाई घटबढ गराउन सकिन्छ। यसलाई अर्को शब्दमा के भन्न सकिन्छ भने पूर्ण रूपमा सम्पत्तिको अधिकार लागु हुँदा भेदभाव कम हुन्छ। यदि भेदभाव भयो भने त्यसको चर्को मूल्य चुकाउनु पर्दछ। यस विषयलाई हामी साधारण उदाहरणका सहायताले प्रष्ट पार्न सक्दछौं। कुनै एउटा कालो वर्णकी केटीले गोरो वर्णको मानिसको घरमा भाडा तिरेर बस्न खोज्दा सम्पत्तिमाथिको अधिकार लागु भयो भने भेदभाव हुन पाउँदैन किनकि गोरो जातको मानिसले गोरै जातको मानिसलाई भाडामा दिन खोज्दा कालो जातको केटीले बढी मूल्य दिन सक्छिन्। यसो गर्दा पनि घरधनीले गोरो जातको मानिसलाई घर भाडामा दिन्छ भने उसले थोरै भाडाका कारण आफ्नो आय गुमाएर त्यसको मूल्य चुकाउनु पर्दछ।

तर, यदि सरकारले बजारको भन्दा कम भाडादर कायम गरी नियन्त्रण गर्न खोज्यो भने भेदभाव गरेबापत घर धनीले गुमाउने मूल्य लगभग शून्य नै हुने गरी घट्छ। भाडा नियन्त्रणले नाटकीय ढंगले घरहरुको माग घटाउँदैन बलकि हरेका भाडामा बस्ने मानिसहरको बढी भाडा तिरी घर पाउनका लागि गर्ने प्रतिस्पर्धाको अवसर सीमित हुन्छ। घरधनीले, अधिकतम भाडा नपाउने हुँदा अब उमेर, लिङ्ग, जात, धर्म र अन्य पूर्वाग्रहका आधारमा मानिसहरुलाई घर भाडामा दिन्छ। यसले घर भाडामा लिन सक्ने व्यक्तिले दिने अधिकतम मूल्यलाई पनि असर पार्दछ। अघि हामीले चर्चा गरेको कालो वर्णकी महिलाले आफ्नो छालाको रङ्गबाट भएको प्रतिकूलतालाई बढी भाडा दिएर समायोजन गर्नबाट बञ्चित भइन।

भाडा नियन्त्रण गर्दैमा बजारबाट घरहरुका लागि प्रतिस्पर्धा हट्ने होइन। यसले प्रतिस्पर्धालाई केवल अर्को दिशा तर्फ मोडिदिन्छ। निजी सम्पत्तिमा बन्धन लगाउनाले मौद्रिक रूपमा नभए तापनि यसले व्यक्तिगत विषेशताहरूमा प्रतिस्पर्धा निम्त्याँउदछ। अझ साधारण रुपमा, सम्पत्ति माथिको अधिकार कमजोर हुँदै जाँदा बिक्रेताहरूलाई क्रेताहरुप्रति भेदभाव गर्न र क्रेताहरूलाई बिक्रेताप्रति भेदभाव गर्नमा व्यक्तिको चारित्रीक विषेशतालाई आधार बनाउने धेरै मौका मिल्दछ।

सामूहिक स्वामित्व र समाजवाद निजी सम्पत्तिमाथिको अधिकारलाई कमजोर पार्ने चरम तत्वहरू हुन् । समाजवादमा सरकारका विभिन्न निकायहरु – सरकारले नियुक्त गरेका व्यक्तिहरु– साधन तथा स्रोतमाथि अधिकार जमाएर बसेका हुन्छन्। ती निकायहरूले आफूले नियन्त्रण गरेका साधनहरूका सम्बन्धमा कमै मात्र निर्णय गर्ने अधिकार पाउँदछन्। यदि कुनै व्यक्ति तथा संस्थाले ती निकायबाट ती स्रोतहरुमा सम्पत्तिको अधिकार लिएर उत्पादनमूलक कार्य गर्न खोज्दछ भने पनि त्यो कार्य सजिलै सम्भव हुँदैन किनभने सरकारी निकायहरूले ती साधन र स्रोत कुनै पनि मूल्यमा बिक्रीमा हुँदैनन्। समाजवादी व्यवस्थापकहरूलाई ती स्रोत तथा साधनहरूको मूल्य बढ्दा वा घट्दा कुनै नाफा वा नोक्सान हुँदैन, जसले गर्दा उनीहरूलाई बजारमा उक्त वस्तुको मूल्यका बारे ध्यान राख्ने उत्प्रेरणा नै हुँदैन। फलस्वरूप, सरकारी नियन्त्रणमा रहेको उक्त सम्पत्तिको प्रयोग उक्त सम्पत्तिमाथि नियन्त्रण रहेका पदाधिकारीहरुको व्यक्तिगत चरित्र र विषेशता अनुसार निर्धारण हुन्छ। यसलाई साधारण उदाहरणका सहायताले प्रमाणित गर्न सकिन्छ। मानौं एउटा सामूहिक खेतको एक सामाजवादी व्यवस्थापकले एक हप्ता रातभरि नसुतेर, उत्पादन गरिएको गहुँलाई कुहिनु भन्दा अगाडि नै मस्कोसम्म ढुवानी गररे दश लाख रुबल नाफा सिर्जना गर्न सक्छन्। तर त्यसबाट प्राप्त हुने फाइदाको केही भाग मात्रै भए पनि ऊ स्वयम वा उक्त खेतमा काम गर्ने अन्य कोहीले राख्न नपाउने अवस्थामा एक पुँजीवादी खेतको व्यस्थापकको तुलनामा उक्त व्यवस्थापकले गँहु कुहिएर जान नदिनु भन्दा घर चाँडै जान नै आत्तुर हुने सम्भावना बढी हुन्छ।

सामूहिक स्वामित्वको अवधारणाले चाहे त्यो पहिला भनिने सोभियत सङ्घमा होस् वा संयुक्त राज्य अमेरिकामा– कसैलाई पनि साधन र स्रोतको सुरक्षा गर्न प्रेरणा दिँदैन। कुनै एउटा माछा पालन गर्ने पोखरी, जुन कसैको पनि स्वमित्वमा छैन, त्यसमा सबैले अधिक माछा मार्दछन्। त्यसमा साना माछा नमारी ठूलो भएपछि मार्ने भने कुरेर बस्नुको कुनै तार्किक कारण रहँदैन किनकि अरु कुनै माझीले ती माछाहरु समात्नेछ। यस्तै कुरा अन्य सार्वजनिक स्रोत र साधनका सन्दर्भमा पनि लागु हुन्छ चाहे त्यो भैंसी होस वा पेट्रोल खानी होस वा सफा हावा। सबै नै अधिक प्रयोग हुन्छन्।

सोभियत सङ्घको आर्थिक सुधार कार्य असफल हुनुमा स्रोत र साधनमाथिको अधिकार सरकारबाट सामूहिक स्वामित्वमा सार्नु पनि हो। हार्वर्ड विश्वविद्यालयका अर्थविद् जेफ्री स्याक्सका अनुसार जब सरकारी स्वामित्वमा रहेका संस्थाहरूका व्यवस्थापकहरूलाई आफ्नै स्वामित्वमा व्यवसाय गर्न स्वीकृति दिइयो, उनीहरूले ती संस्थाहरूको व्यापार र नाफा आफ्नो व्यवसायमा लगानी गर्न थाले। धेरै व्यवस्थापकहरूले यस्तो कार्य गर्दा सरकारको बजेट घाटामा जान थाल्यो। त्यसै गरी, अमेरिकामा अनुचित रुपमा निर्धारण गरिएको निक्षेपको बीमा शुल्कले बैंकहरू लगायत बचत तथा ऋण उपलब्ध गराउने संस्थाहरुलाई अत्याधिक जोखिमपूर्ण ऋण लिन र निक्षेप बीमा कोषलाई "साझा" स्रोतको रुपमा लिन उत्प्रेरित गरेको छ।

सम्पत्तिमाथिको अधिकार एउटै व्यक्तिको मात्र हुनुपर्छ भन्ने छैन। यी अधिकारहरु विभिन्न व्यक्तिहरुमा विभाजन गर्न पनि सकिन्छ र विभिन्न व्यक्तिले त्यसको बजार मूल्यका कुनै निश्चित भागको अधिकार ग्रहण गर्न सक्छन्। सम्पत्तिको उपयोगको निर्णय पनि उक्त अधिकार संयुक्त रुपमा बहन गर्ने समूहले मुनासिब सम्झे अनुसार गर्न सक्दछन्। यसको उदाहरणका लागि हामी संस्थानहरूलाई लिन सक्दछौँ। सीमित दायित्व भएको संस्थानमा शेयरहरु निर्धारण गरिएको हुन्छ र संस्थानको स्रोत तथा साधनको कसरी उपयोग गर्ने भन्ने निर्णय गर्ने अधिकार व्यवस्थापनलाई सुम्पिएको हुन्छ। प्रत्येक शेयर धनीमा आफ्नो भागमा रहेको शेयर बिक्री गर्ने पूर्ण अधिकार हुन्छ। सीमित दायित्वले प्रत्येक शेयर धनीको सम्पत्तिलाई अर्को शेयर धनीको दायित्वबाट छुट्याएको हुन्छ जसले गर्दा जो कोहीबीच पनि शेयरको खरिद बिक्री गर्न सम्भव हुन्छ।

अरु प्रकारका संस्थानहरुमा, विषेश गरी प्रत्येक सदस्यको धन प्रत्येक अर्को सदस्यको व्यवहारमा निर्भर हुने अवस्थामा, यस्ता सामूहिक प्रयासहरुमा सम्पत्तिको अधिकार प्रायः त्यति बेला मात्र बिक्री योग्य हुन्छ जब विद्यमान सदस्यहरुले खरिदकर्ता स्वीकृत गर्छन्। साधारणतया संयुक्त लगानी, "म्यूच्यूल फन्ड" र साझेदारीमा यो लागू हुन्छ।

पूर्ण रूपको सम्पत्तिमाथिको अधिकार अपूर्ण रूपको सम्पत्तिको अधिकार भन्दा सधैं राम्रो हुन्छ। तर, यसमा पनि विभिन्न किसिमका मुद्दाहरू र कठिनाइहरू आइपर्छन्, जसलाई समाधान गर्न गाह्रो हुन्छ । यदि मैले कुनै कारखाना सञ्चालन गरेको छु र त्यसको दुर्गन्ध, धुँवा, वा त्यसले हावामा फ्याल्ने रसायन आदि वरिपरिका जग्गाहरूमा फैलिएको छ भने ती जग्गाहरू अनुमति नलिइकन प्रयोग गरिएको विषय हो कि होइन भन्ने विषय विवादास्पद बन्न सक्दछ।

नीजि सम्पत्तिको अधिकार स्थापित गर्ने क्रममा आफूले गरेको कुनै क्रियाकलापलबाट हुन सक्ने वातावरण प्रदूषण गरेको क्षतिपूर्ति विभिन्न पक्षलाई दिन खोज्दा महँगो पर्न जान्छ। हावा, भूमिगत पानी, विद्युतीय एवम् चुम्बकीय किरणहरू नियन्त्रण र निरीक्षण गर्न गाह्रो पर्दछ। त्यसकारण फर्निचर, जुत्ता, सवारी– साधनमा जस्तो सजिलोसँग हावा, पानी आदिमा निजी सम्पत्तिको अधिकार स्थापित गर्न सकिँदैन। जब निजी सम्पत्तिमाथि अधिकार स्थापित गर्न गाह्रो पर्छ, तब त्यसको वैकल्पिक व्यवस्था गर्न खोजिएको हुन्छ। सरकार र सरकारी निकायहरूले वातावरणसम्बन्धी कानुन बनाएर यस किसिमको अधिकारलाई सुरक्षित गर्न खोजेको छ।

पृष्ठभूमि हेरेर कतिपय क्रियाकलापहरूलाई गोपनियता भंग, अतिक्रमण वा क्षति भन्न सकिन्छ। मैले ठूलो आँधीबेहरी आउँदा आफ्नो डुङ्गा तपाईंको बन्दरगाहमा राख्दा के मैले तपाईंको निजी सम्पत्तिको अधिकार हनन गरेको हुन्छु, वा तपाईंको अधिकारभित्र त्यस प्रयोग निषेध गर्ने अधिकार पर्छ? परिस्थितीहरुको जटिलता र विविधताले व्यक्तिको स्रोत माथिको सम्पत्तिको अधिकारलाई प्रस्ट रुपमा परिभाषित गर्न असंभव बनाँउछ।

त्यसैगरी, सम्पत्तिको अधिकार लागू हुने सक्ने स्रोत तथा साधनहरु उचित रुपमा परिभाषित नगरिएको र सीमांकन नगरिएको हुन्छ। विचार, धुन, कार्यविधि आदि जस्ता कुराहरूको प्रतिलिपि सजिलै (लगभग शून्य खर्चमा) र विना अनुमति (अन्य प्रयोगमा बाधा नपुर्याई) निकाल्न सकिन्छ। फलस्वरुप, यी कुराहरुलाई साधारणतया निजी सम्पत्तिका रुपमा केही निश्चित अवधिसम्मका लागि मात्र सुरक्षित गरिएको हुन्छ।

निजी सम्पत्तिको अधिकार निरपेक्ष हुँदैन। मृत्यु पश्चात पनि स्रोतको अनन्तकालसम्मको निरन्तर प्रयोग विरुद्धको नियम यसका उदाहरण हुन्। अहिले मैले प्रयोग गरेका सम्पत्ति अनन्तकालमा कसरी प्रयोग गरिन्छ भन्ने कुरा अहिल्यै उल्लेख गर्न मिल्दैन। हालको कानुनी व्यवस्थाअनुसार आफ्नो जीवनकालभरि वा मृत्यु भएको केही समयसम्म मात्र त्यसको उपभोगको प्रत्याभूति गर्न सकिन्छ। मैले कुनै पनि स्रोतको उपयोग भविष्यका सबै पिढीहरुमा हुने बजारमूल्यबाट अछुतो राख्न सक्दिन। समाजले कुनै पनि वस्तुको बजार मूल्यअनुसार त्यसको उपभोगको निर्णय गर्दछ।

निजी सम्पत्तिका अधिकारसँगै आउने एक द्वन्दात्मक विषय भनेको कसै बाट "जबरजस्ती" सम्पत्ति अधिकरण गरेर आफ्नो बनाई त्यसमा आफ्नो निजी सम्पत्तिको अधिकार स्थापना गर्ने इच्छा हो। यसलाई सैनिकको सहायताले वा स्रोतहरुमाथिको अधिकारलाई बलको प्रयोगले विस्थापन (जसलाई चोरी पनि भनिन्छ) गरी सम्पत्तिको पुनर्वितरण गरेर गरिन्छ। तर यस्तो बलप्रयोगलाई निजी सम्पत्तिको अधिकार नभई निजी सम्पत्तिको विपरीत विचारका रूपमा लिन सकिन्छ। बलपूर्वक सम्पत्तिको पुनर्वितरण गर्नु भनेको विद्यमान अधिकारको यथोचित सुधार नहुनु हो।

नजी सम्पत्तिमाथिको अधिकार र मानव अधिकारबीचमा द्वन्द छैन। यथार्थमा, निजी सम्पत्तिमाथिको अधिकार पनि मानव अधिकारको नै हुन्। यसमा आफ्नो सम्पत्तिको प्रयोग र विनिमय गर्ने अधिकार पर्दछ। यदि निजी सम्पत्तिमाथिको अधिकारमा अवरोध भयो भने शक्तिको सन्तुलन व्यक्तिगतबाट अव्यक्तिगत हुँदै कुनै पनि कार्य गर्न राजनैतिक सहमति लिनुपर्ने हुन्छ। यस कारण सम्पत्तिमाथिको सशक्त वैयक्तिक अधिकार भएको व्यवस्था संसारभर रुचाइएको हो र सम्पत्तिमाथिको वैयक्तिक अधिकार स्थापित भएपछि नै मानिसको व्यक्तिगत स्वतन्त्रताको रक्षा हुन्छ।

# सत्र ४

# समानता सरकारले ल्याउँछ कि स्वतन्त्राले ?

# समानता सरकारले ल्याउँछ कि स्वतन्त्रताले?

मुराहरी पराजुली

रुकुममा दलित समुदायमाथि भएको अपराध, नागरिकतामाथि भइरहेको बहसले फेरि समानता-असमानताको कुरा अगाडि ल्याएको छ। हामीले असमानता बारे थोरै बुझेका छौं। जति बुझेका छौं साँघुरो अर्थमा बुझेका छौं। केही समयअघि प्राध्यापक सञ्जीव उप्रेतीले एक कार्यक्रममा भनेका थिए, 'यदि म छोरी हुन्थें या त निम्न आयस्रोत भएको परिवारमा जन्मिएको हुन्थें या अशिक्षित परिवारमा जन्मिएको हुन्थें त मलाई अहिलेको 'सञ्जीव' बन्न धेरै गाह्रो हुन्थ्यो।'

उनको भनाइसँग असहमत हुनु पर्दैन। असमानता बहुआयामिक कुरा हो। असमानता के हो र यसलाई कसरी सम्बोधन गर्ने भन्ने विषयमा भने हाम्रा धेरै मान्यता गलत छन्। हामीले आर्थिक असमानतालाई मात्रै हेर्ने गरेका छौं। आर्थिक असमानता नतिजा हो, कारण होइन। आर्थिक असमानता कम गर्ने हो भने यसलाई मलजल गर्ने कारण निर्मूल गर्नुपर्छ। तर हामी कोसँग कति धन छ, कसले कति कमाउँछ भन्ने आधारमा समानता-असमानताको कुरा गर्छौं। यो केवल एउटा आधार हो, सम्पूर्ण आधार होइन। फेरि आय, धन भनेको के हो, के होइन भन्ने विषयमा पनि हामी अलमलमा छौं। सञ्जीव उप्रेतीले प्राज्ञिक क्षेत्रमा हासिल गरेको उपलब्धि आफैंमा एउटा धन हो, सामाजिक धन। तर, उनले भनेजस्तै पुरुष हुनाको कारण, कथित उच्च जातको, सबल आर्थिक हैसियत हुनाको कारण, शिक्षित परिवारमा जन्मिएका कारण उनलाई जुन अवसर उपलब्ध थियो, त्यो सबैलाई उपलब्ध थिएन, छैन।

हामी भने आर्थिक अवसरको मात्र कुरा गर्छौं। त्यसैले असमानता बुझ्नुअघि समानताको कुरा गरौं, अनि सजिलो हुन्छ। एउटा स्वतन्त्र समाजमा नागरिकलाई कुन कुन विषयमा समान व्यवहार गरिनुपर्छ, हेरौं। बेलायती राजनीतिशास्त्री निगेल एसफोर्डले चार किसिमका समानताको कुरा गरेका छन्। स्वतन्त्र समाजका नागरिक नैतिक रूपमा समान हुन्छन्। प्रत्येकसँग आफ्ना लागि छनोट गर्ने अधिकार हुन्छ। उनीहरू कानुनका अगाडि समान हुन्छन्। कानुनले सबैको रक्षा गर्छ। सबै राजनीतिक रूपमा समान हुन्छन्। सबैले भोट हाल्न र उम्मेदवार बन्न पाउँछन्। त्यहाँ सबैलाई समान अवसर उपलब्ध हुन्छ। व्यक्तिगत उन्नतिका लागि पढ्ने वा कुनै रोजगारीमा लाग्ने कुरामा शासकका स्वेच्छाचारी व्यवधानले काम गरेको हुँदैन।

**नैतिक समानता**

हामी सबै जुनसुकै जात, धर्म वा लिंगका भए पनि आफ्नो रोजाइमा चल्न चाहन्छौं। रोज्न पाउने आफ्नो अधिकार अरूले सम्मान गरून् भन्छौं। 'आफूलाई गरिने जस्तै व्यवहार अरूलाई पनि गरौं' भन्ने स्वतन्त्र समाजको नियम हुन्छ। अर्कालाई आक्रमण गर्नु, लुट्नु नैतिक व्यवहार होइन। स्वतन्त्र समाजमा त्यस्ता व्यवहार दण्डनीय हुन्छन्। कानुन उल्लंघन तथा अनैतिक व्यवहार गर्ने कोही पनि समाजमा ठाडो शिर गरेर हिँड्न सक्दैन।

**कानुनी समानता**

कानुनले मान्छेलाई निष्पक्ष रूपमा रक्षा गर्छ, निष्पक्ष रुपमा सजाय दिन्छ। प्रहरी, अदालत वा कारागारले अपराधीलाई धनसम्पत्ति, सम्पर्क, जाति, लिंग, धर्म जस्ता अपराधसँग सरोकार नभएका विषय आधार बनाएर

भिन्न व्यवहार गर्दैन। सत्तामा भएका मान्छेलाई मन नपरेकै भरमा नागरिकलाई जथाभावी पक्राउ गरिँदैन, यातना दिइँदैन। न्यायमा सबैको समान पहुँच हुन्छ। लुट्ने मान्छे, हानी पुऱ्याउने जोसुकै होस्, अभियुक्त जतिसुकै नाम चलेको होस्, तिनीहरूका विरुद्ध उजुरी लाग्छ। संसारभरी अदालतमा एक हातमा तराजु र अर्कोमा तरबार समाएको न्याय मूर्ति राखिएको हुन्छ। उसको आँखामा पट्टी बाँधिएको हुन्छ। स्वतन्त्र समाजमा न्यायले मुद्दासँग सम्बन्धित तथ्यबाहेक अरू कुरा देखेको हुँदैन।

**राजनीतिक समानता**

निर्वाचन तथा जनमत संग्रहमा सबैले भोट हाल्न पाउँछन्। कसैले पनि एकभन्दा बढी भोट हाल्न पाउँदैनन्। यसबाट उम्मेदवार वा निर्वाचित राजनीतिकर्मीले सबैको चासो सम्बोधन गर्छन् भन्ने सुनिश्चित हुन्छ। केही अपवाद हुन्छन्। केटाकेटीलाई, तीव्र मानसिक अपांगता भएकालाई भोट हाल्न दिइँदैन। तर कसैलाई पनि मताधिकारबाट वञ्चित गराउने अवस्थाहरू शून्य बराबर हुनुपर्छ। सबैले निर्वाचनमा उम्मेदवार हुने अधिकार पनि पाउनुपर्छ। विधायिकीको कुनै पनि सिटमा जान कुनै जाति, लिंग, धर्मको मान्छेलाई रोक लगाइँदैन।

**अवसरमा समानता**

अवसरमा समानताको अर्थ व्यक्तिलाई शिक्षा, रोजगारी वा उसका कुनै पनि महत्वकांक्षा पूर्ति गर्न कुनै किसिमको रोक लगाइँदैन भन्ने हो। जातीयताकै कारण कसैलाई विद्यालय, अस्पताल, मन्दिर वा कुनै सार्वजनिक स्थलमा प्रवेश गर्न रोक लगाइँदैन। फरक दलको कार्यकर्ता (मतदाता) हो वा महिला हो वा फरक धर्मको हो भनेर कसैलाई पनि कुनै निश्चित पेशा व्यवसाय गर्नबाट रोकिँदैन। आर्थिक वा जातीय भिन्नताकै आधारमा इच्छुक बालिगहरूलाई कसैसँग बिहे गर्न वा सँगै बस्नबाट रोकिनु हुँदैन।

**हाम्रो असमान समाज**

अब माथि चर्चा गरिएका बुँदाका आधारमा हाम्रो समाज समान छ कि छैन हेरौं। सजिलै भन्न सक्छौं, छैन। औपचारिक रूपमा, नीति-नियमको तहमा हाम्रो समाज असमान छैन (प्रस्तावित नागरिकताको प्रावधानले त यति पनि भन्न नसकिने अवस्था छ) तर समानता व्यवहारमा उतारिएको छैन। हाम्रोमा जातीय, लैंगिक, धार्मिकता, क्षेत्रीयताका आधारमा नागरिकलाई असमान व्यवहार गरिन्छ।

व्यक्तिगत छनौटका लागि हामीलाई पर्याप्त अवसर प्राप्त छैन। हामी नैतिक रूपमा समान छैनौं। अड्डा अदालतले हामीलाई समान व्यवहार गरेको छैन। उही अपराधमा पहुँचवालाले उन्मुक्ति पाइरहेको हुन्छ, निर्धो सजायको भागिदार हुन्छ। फरक आर्थिक, राजनीतिक हैसियत भएको वा भिन्न पहिचान समूहका मान्छेलाई शासकले, हाम्रा संस्थाहरूले फरक व्यवहार गर्छन्। चुनावमा भोट हाल्न र उम्मेदवार बन्न पाइन्छ भनिन्छ तर सबैलाई यो अवसर उपलब्ध छैन। चुनावी नतिजा आफ्नो पक्षमा पार्न अवैध, अनैतिक बल प्रयोग हुन्छ। त्यो बलबाट प्राप्त हुने वित्तीय स्रोत चुनावमा प्रयोग गरिन्छ। चुनाव जितेपछि तिनै अनैतिक र अवैध संस्कृतिको प्रवर्द्धनमा सबै किसिमका स्रोत लगाइन्छ। शिक्षा, स्वास्थ्य, रोजगारीमा समान अवसर भन्नु त हाम्रा लागि आकाशको फल हो।

तर हाम्रो ध्यान मिडिया र आइएनजिओका 'ग्लसी रिपोर्ट' हरूले तानिरहेको हुन्छ। तिनमा प्रस्तुत गरिने आँकडा, चित्रहरूले तानिरहेको हुन्छ। ती आँकडा असत्य होइनन्। तर ती आँकडाको विश्लेषण कसरी गर्छौं, पहिचान गरिएका समस्या सम्बोधन गर्ने कस्तो उपाय पत्ता लगाउँछौं, कस्ता नीति-नियम बनाउने

भन्छौं, कस्ता संस्था खडा गर्ने भन्छौं, त्यसले फरक पार्छ। त्यस्ता रिपोर्टमा आर्थिक असमानताको मात्र कुरा गरिएको हुन्छ। एउटा थेगो दोहोऱ्याइएको हुन्छ, 'धनी झन् धनी बनिरहेका छन्, गरिब झन् गरिब।' धनी झन् धनी भएका छन् भन्ने तर्क मान्न सकिएला, गरिब झन् गरिब भन्ने पत्याउन सकिँदैन। अनि धनी कसरी धनी भइरहेका छन्, हेर्नुपर्छ। उनीहरूले कसैलाई लुटेर, डकैती गरेर धनी भएका हुन कि होइनन्, हेरिनुपर्छ। कसैले तपाईं हामीलाई उपयोगी वस्तु तथा सेवा बिक्री गरेर धनी बनिरहेको छ भने त्यसमा आपत्ति जनाउनु हुँदैन।

कुनै समाजमा कोही मान्छे अवैध र अनैतिक तवरले धनी बन्न सक्छ भने त्यसका पछाडि राज्यशक्तिको ठूलो हात हुन्छ। यसमा हामी नेपालीजत्तिको जानकार अरू कोही हुनै सक्दैन। राज्य बलियो बनाउने नाममा हामी सरकार बलियो बनाइरहेका छौं। बलियो सरकारको कृपा भयो भने हामी जोसुकै एकाएक धनी हुन सक्छौं। तपाईंसँग बिक्री गर्न मूल्यवान् वस्तु तथा सेवा हुनुपर्दैन, समाजको धन बढाउने कुनै सिर्जनशील उपाय हुनु पर्दैन। अब भन्नुहोस्, असमानताको सिर्जना कसले गरिरहेको छ।

हामी विकासका लागि बलियो सरकार चाहिन्छ भन्छौं। के साँच्चै विकास बलियो सरकारले गर्ने हो? अथवा विकास भनेकै के हो? नोबेल विजेता अर्थशास्त्री अमर्त्य सेनले 'डेभलपमेन्ट एज फ्रिडम' मा यसको विस्तृत व्याख्या गरेका छन्। एउटा प्रसंगमा उनले आफ्नो व्यक्तिगत अनुभव सुनाएका छन्- 'म दस वर्षको हुँदो हुँ, अहिलेको बंगलादेशको राजधानी ढाकास्थित हाम्रो घरको बगैंचामा बसिरहेको थिएँ। एउटा रक्ताम्मे मान्छे, चिच्याउँदै, कराउँदै आयो। उसको पिठ्युँमा चक्कु गाडिएको थियो।

त्यति बेला हिन्दु-मुस्लिम दंगा भइरहन्थे। चक्कु हानिएको मान्छे हाम्रै घरमा काम गर्ने कादिर मियाँ थियो। हिन्दुबहुल हाम्रो टोलमा नाम मात्रको ज्यालाका लागि ऊ ज्यानको जोखिम मोलेर काम गर्न आउँथ्यो। मैले रूँदै, कराउँदै, घरका ठूला मान्छेसँग गुहार माग्दै उसलाई पानी पिउन दिएँ। उसलाई मेरा बुवाले अस्पताल लैजानुभयो। त्यहीं उसले देह त्याग गऱ्यो। उसले भन्थ्यो- खतराको समयमा त्यतातिर काम गर्न नजानू भनेर श्रीमतीले सम्झाउने गर्थिन्। तर ऊसँग अर्थोपार्जनको अर्को उपाय थिएन। ज्यान धान्ने कामको खोजीमा हिडँदा उसको ज्यान गयो।'

सेन यसलाई आर्थिक अस्वतन्त्रताले ज्यान लिएको मान्छन्। उनले किताबमा यस्ता थुप्रै उदाहरण दिएका छन् र विकास भनेको स्वतन्त्रता हो भनेका छन्। सबै खाले स्वतन्त्रताको प्रवर्द्धनलाई विकास मानेका छन्। स्वतन्त्रता प्रवर्द्धनमा राज्य, बजार, लोकतन्त्र, सामाजिक अवसर, संस्कृति, व्यक्तिगत छनोट तथा मानवीय व्यवहारको व्याख्या उनले गरेका छन्। उनले भनेका छन्, 'सैन्यबलयुक्त बलियो सरकारले स्वतन्त्रता सुनिश्चित गर्दैन। आर्थिक व्यवहारका लागि स्वतन्त्र बजारको विकल्प छैन। लोकतन्त्र, सामाजिक अवसर, सकारात्मक संस्कृति र व्यक्तिगत छनोटको अभावमा स्वतन्त्रता हासिल हुँदैन।'

तर हामीले विकासको अर्थ सडक, पुल, भवन निर्माणमा सीमित गरेका छौं। समानता नियन्त्रणले होइन, स्वतन्त्रताले ल्याउँछ। नियन्त्रण त असमानताको जननी हो। हामी आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक सबै खाले नियन्त्रणबाट मुक्त हुनुपर्छ। अर्का नोबेल विजेता अर्थशास्त्री मिल्टन फ्रिडम्यानले भनेका छन्, 'जुन समाजले समानता स्वतन्त्रताभन्दा अघि सार्छ, त्यो समाज स्वतन्त्र पनि हुँदैन र समान पनि हुँदैन। जुन समाजले स्वतन्त्रता अघि सार्छ त्यसले उच्च परिमाणमा स्वतन्त्रता र समानता दुवै प्राप्त गरिरहेको हुन्छ। ÷

# सत्र ५

# सरकारको प्रकृति

# सरकारको प्रकृति

आयन र्यान्ड

सरकार एउटा संस्था हो, जोसँग निश्चित भौगोलिक क्षेत्रभित्र सामाजिक आचरणका नीतिनियमहरू लागू गर्ने शक्ति हुन्छ।

के व्यक्तिलाई यस्तो संस्थाको आवश्यकता पर्छ ? यदि पर्छ भने किन ? व्यक्तिको मस्तिष्क उसलाई जीवित रहन चाहिने आधारभूत साधन हो। यसका माध्यमबाट व्यक्तिले ज्ञान प्राप्त गर्दछ, यसैका माध्यमबाट व्यक्तिका सबै कार्य निर्देशित हुन्छन्। तर यसका लागि आधारभूत शर्त भनेको व्यक्तिले स्वतन्त्र रूपमा सोच्न सक्नु र आफ्नो विवेकपूर्ण निर्णयशक्तिअनुसार काम गर्न सक्नु हो। यद्यपि, यसको अर्थ व्यक्ति एकदम एक्लो रहनु पर्छ र उसका आवश्यकताका लागि सुहाँदो स्थान सबै भन्दा अलग रहेको एकान्त ठाउँ नै हो भन्ने होइन। मानिसले एक अर्काबाट थुप्रै लाभ लिन सक्दछ। राम्ररी बाँच्नका लागि सामाजिक वातावरण नै व्यक्तिका लागि सबैभन्दा उत्तम हुन्छ – तर केही निश्चित शर्तहरु भएको खण्डमा मात्र।

समाजमा रहेर मानिसले दुई महत्वपूर्ण मूल्यहरू सिक्दछ। ती हुन् – ज्ञान र लेनदेन। मानिस मात्रै त्यस्तो प्राणी हो जो पुस्तौंपुस्तासम्म आफ्नो ज्ञानको भण्डार आदानप्रदान गरेरै त्यसमा वृद्धि गर्न सक्दछ। प्रत्येक मानिस अर्को मानिसद्वारा अनुसन्धान गरिएको ज्ञानबाट असीमित लाभ लिन सक्दछ। कुनै पनि व्यक्ति आफ्नो जीवन अवधिभर जति पनि कुरा शुरुदेखि सिक्ने कोशिस गर्दछ, त्यसभन्दा धेरै ज्ञान उसका लागि पहिलेदेखि नै उपलब्ध रहेको हुन्छ। समाजमा बस्नुको दोस्रो महत्वपूर्ण लाभ हो – श्रमको विभाजन। यसले प्रत्येक व्यक्तिलाई कुनै निर्धारित क्षेत्रमा लगनशील भई अन्य क्षेत्रमा ग्राहयता हासिल गरेका अरु मानिसहरूसँग आदानप्रदान गर्न सक्ने अवस्थाको श्रृजना गर्दछ। यस्तो प्रकारको सहयोगबाट व्यक्ति आफ्ना प्रत्येक आवश्यकताका लागि आफू एक्लैले एकान्त स्थानमा रहेर सबै काम गर्दा भन्दा अत्यन्त धेरै ज्ञान र कौशल आर्जन गर्दछ। "तर यी फाइदाहरुले कस्ता प्रकारका मानिस कस्तो प्रकारको समाजमा एक अर्काका लागि मूल्यवान् र महत्वपूर्ण हुन सक्छन् भन्ने कुरा पनि निर्धारण गर्दछ ·यो कार्य केवल विवेकपूर्ण, क्रियाशील एवम् स्वतन्त्र समाजमा विवेकपूर्ण, क्रियाशील एवम् स्वतन्त्र सदस्यहरूबीचमा मात्र हुन्छ।· ("द अब्जेक्टिभिस्ट इथिक्स", द भर्चु अफ सेल्फिसनेस)

व्यक्तिको आफ्नो प्रयासबाट आर्जिएको सबै कुरा लिने, उसलाई दास बनाएर राख्ने, उसको मस्तिष्कको स्वतन्त्रतामा प्रतिबन्ध लगाउने, व्यक्तिलाई उसको विवेकपूर्ण निर्णय शक्तिको विरुद्ध काम गर्नका लागि उसलाई बाध्य बनाउने र व्यक्तिका आवश्यकता र आफ्नो आदेशबीच सङ्घर्ष सिर्जना गराउने समाजलाई केलाएर हेर्दा यो समाजको स्वरूपमा नरहेर गुण्डागर्दीलाई संस्थागत गरी चलाइएको अव्यवस्थित जनसमूह÷भीडका रूपमा स्थापित हुन्छ। त्यस्तो समाजले मानिसको सहअस्तित्वका सबै मूल्यमान्यतालाई नष्ट गरिदिन्छ, यसको न त कुनै औचित्य हुन्छ न त मानिसको भलाईको कुनै साधन। यस्ता समाजहरू मनुष्य जातिका लागि ठूला दुश्मन नै हुन्छन्। सोभियत रुस वा नाजी जर्मनीमा भन्दा त बिरानो ठाउँमा नै जिन्दगी ज्यादा सुरक्षित हुन्छ।

यदि व्यक्ति शन्तिपूर्ण, क्रियाशील र विवेकपूर्ण समाजमा आपसी हितका लागि समुहमा बस्न चाहन्छ भने उसले केही आधारभूत सामाजिक नियमहरू अवश्य स्वीकार्नु पर्दछ, जसविना कुनै नैतिक वा सभ्य समाजको कल्पना पनि गर्न सकिँदैन। व्यक्तिगत अधिकारलाई मान्यता दिनुको अर्थ व्यक्तिलाई जीवित रहनका लागि चाहिने समाजिक आवश्यकतालाई मान्यता दिनु र स्वीकार गर्नु हो।

व्यक्तिका अधिकारहरूको उल्लङ्घन केवल शारीरिक बल प्रयोगद्वारा मात्रै गर्न सकिन्छ। शारीरिक बलको प्रयोगले नै एउटा व्यक्तिले अर्को व्यक्तिको जीवन समाप्त गर्न सक्छ, उसलाई दास बनाउन सक्छ, लुट्न सक्छ, उसलाई आफ्नो लक्ष्यसम्म पुग्नबाट रोक्न सक्छ, उसको विवेकपूर्ण निर्णयशक्तिको विरुद्धमा काम गर्न बाध्य तुल्याउन सक्छ। एउटा सभ्य समाजको अनिवार्य पूर्वावस्था यो हो कि सामाजिक सम्बन्धमा शारीरिक बल नभई विवेकको प्रयोग गरी केवल तर्क, विचार विमर्श, स्वेच्छा, राजीखुशी र इच्छापूर्ण सहमतिबाट एकअर्कासँग सम्बन्ध राख्न सकियोस्।

व्यक्तिलाई आफ्नो जीवनमाथिको अधिकारमार्फत प्राप्त हुने सबैभन्दा महत्वपूर्ण अधिकार भनेको आत्मरक्षाको अधिकार हो। सभ्य समाजमा केवल जवाफी कारवाहीका लागि बल प्रयोग गरिन्छ। सुरुमा जसले बलको प्रयोग गर्छ, त्यसको विरोधमा मात्र यसको प्रयोग गरिन्छ। यस्ता सबैकारण जसका आधारमा शारीरिक बलको प्रयोगको शुरुवात हुन्छ, ती गलत हुन्छन् र यिनै कारणहरुले गर्दा प्रतिकारस्वरुप शारीरिक बलको प्रयोग नैतिक अनिवार्यता बन्न जान्छ।

यदि कुनै शान्तिप्रिय समाजले कसैद्वारा बलको प्रयोग गरिँदा पनि त्यसका विरुद्धमा केही कारवाही गर्दैन भने उक्त समाज अनैतिक कार्य गर्नेहरूको त्रासमा बाँचिरहेको हुन्छ। यस प्रकारको समाजले खराब कुराहरूलाई अन्त्य गर्नुका साटो प्रोत्साहन गरिरहेको हुन्छ। यस्तो कार्यले खराब प्रवृत्तिलाई बढावा र समर्थन गरिरहेको हुन्छ। यदि कुनै समाज कुनै बलका विरुद्धमा नागरिकहरूलाई सङ्गठित सुरक्षा प्रदान गरिरहेको छैन भने यसको अर्थ यो हो कि त्यो समाजले प्रत्येक नागरिकलाई शस्त्र उठाउन, घरलाई मोर्चाबन्द गर्न, कुनै अपरिचित व्यक्ति ढोकामा आइपुग्छ भने मारिदिन वा बदला लिनका लागि बनेका नागरिकहरूको संरक्षक समूहमा सामेल हुन बाध्य तुल्याइरहेको हुन्छ। यसको नतिजास्वरूप समाजको पतन भई अपराधीहरूको शासन शुरु हुन गई युद्धको स्थिति आइपुग्छ।

शारीरिक बलको प्रयोग – जवाफी कार्वाहीकै लागि भएपनि – व्यक्ति विशेषको विवेकका भरमा छोड्न सकिन्न। यदि लगातार त्रासदीपूर्ण समाजमा बसिरहेको व्यक्तिका विरुद्ध उसको छिमेकीले कुनै पनि समयमा बल प्रयोग गर्न सक्छ भने त्यस्तो अवस्थामा शान्तिपूर्ण सहयोग असम्भव हुन्छ। चाहे छिमेकीको उद्देश्य असल होस् या खराब, उसको निर्णय विवेकपूर्ण होस् या अविवेकपूर्ण, चाहे ऊ न्यायले प्रेरित होस् या अज्ञानताबाट, चाहे ऊ पूर्वाग्रहबाट ग्रसित होस् या अन्य कुनै कारण, कुनै व्यक्तिको विरुद्धमा बलको प्रयोग अर्को व्यक्तिको इच्छाका भरमा छोड्न मिल्दैन।

कल्पना गर्नुहोस्, एउटा यस्तो स्थिति जसमा कुनै व्यक्तिको पर्स हराउँदा ऊ चोरी भएको निश्कर्षमा पुग्छ अनि एकएक गर्दै छिमेकीहरूको घरमा पसेर पर्स खोज्छ र बेइमान देखिने पहिलो व्यक्तिलाई गोली ठोकिदिन्छ किनकि उसलाई त्यो व्यक्ति दोषी लाग्छ। जवाफी कारवाहीका लागि बलको प्रयोगमा पनि

पहिले वस्तुगत मानाङ्कक अनुरूप अपराध कसले गरेको हो भन्ने कुरा त्यसका साक्षीहरूबाट पुष्टि र प्रमाणित हुनुपर्छ। यसका अतिरिक्त सजायलाई परिभाषित गर्नुका साथै यसको प्रवर्तनका नियमहरू हुनु पनि जरुरी हुन्छन्। यदि कुनै व्यक्ति निर्धारित तरिका अन्तर्गतका नियमविना नै अपराध निर्धारण गर्ने प्रयास गर्छ भने यो साबित नभइकनै अपराध मान्ने काम भयो। यदि कुनै समाज बदला लिनका लागि बलको प्रयोग गर्ने छुट एक्लो व्यक्तिको हातमा दिन्छ भने उक्त समाज आपराधिक शासन तथा रक्तपातपूर्ण दुश्मनीमा रूपान्तरित हुन्छ।

सामाजिक सम्बन्धहरूमा शारीरिक बल प्रयोगलाई समाप्त गर्नुछ भने व्यक्तिलाई एउटा त्यस्तो संस्थाको आवश्यकता पर्दछ जोसँग वस्तुगत मानाङ्क एवम् नियमहरूका आधारमा व्यक्तिहरूको अधिकार रक्षा गर्ने जिम्मेवारी र दायित्व रहेको होस्। यो नै सरकारको मूल र न्यूनतम कर्तव्य हो। व्यक्तिलाई सरकारको आवश्यकता किन पर्छ भन्ने सवालको जवाफका रूपमा यी कारण र नैतिकता नै औचित्यका रूपमा देखा पर्दछन्।

शारीरिक बलको प्रयोगमा बदलाको भावना नराखी निष्पक्ष कारवाही गर्ने साधन सरकारका रूपमा रहेको हुन्छ। यो कार्य सरकारले वस्तुगत तरिकाबाट पारिभाषित नियमहरूका आधारमा मात्र गर्दछ। निजी कारवाही र सरकारी कारवाहीबीचको प्रमुख भिन्नतालाई आजकल बेवास्ता गरी पन्छाउने गरिन्छ। राज्यभित्र शारीरिक बलको प्रयोगमा सरकारको एकाधिकार हुन्छ। सरकारका लागि यस प्रकारको एकाधिकार अनिवार्य पनि छ, किनकि बलको प्रयोग रोक्न र यसका विरुद्ध कारवाही गर्नका लागि सरकार नै आधिकारिक संस्था हो। यिनै कारणहरूले गर्दा सरकारी कारवाही पूर्ण तवरले पारिभाषित, सीमाबद्ध एवम् नियन्त्रित हुनुपर्छ। सरकारलाई आफ्नो काममा मनोमानी गर्ने छुट हुनुहुँदैन। ऊ शक्तिले पूर्ण यन्त्रमानवसरह हुनुपर्छ। यदि स्वतन्त्र समाज चाहिन्छ भने यसका लागि सरकार लाई नियन्त्रित गर्नु आवश्यक छ।

उचित सामाजिक व्यवस्थाभित्र एउटा व्यक्तिको इच्छाअनुसार कानूनको सीमाभित्र ऊ जस्तोसुकै कार्य गर्नका लागि स्वतन्त्र हुन्छ। जबकि सरकारी अधिकारीले गर्ने प्रत्येक काम कानूनी दायराभित्र हुनुपर्छ। एउटा व्यक्ति ती सबै कुरा गर्नसक्छ, जुन कानूनी रूपमा प्रतिबन्धिीत छैन। एउटा सरकारी अधिकारीले ती कार्यहरूबाहेक अरू केही पनि गर्न सक्दैन, जसका लागि कानूनी रूपमा अनुमति रहँदैन।

यो अधिकारलाई सामथ्र्यको दाँजोमा बढी महत्वपूर्ण बनाउने तरिका हो। यो "व्यक्तिको नभइ कानूनको सरकार" भन्ने अमेरिकी अवधारणा पनि हो।

स्वतन्त्र समाजका लागि उपयुक्त कानूनको स्वरूप र सरकारलाई यी कानूनहरूले दिएका अधिकारहरूको स्रोत, दुवैको उत्पत्ति उपयुक्त सरकारका प्रकृति र उद्देश्यबाट नै हुन्छ। दुवैको आधारभूत सिद्धान्तलाई "स्वतन्त्रताको घोषणापत्र" मा निर्देशित गरिएको छ। यिनै अधिकारको रक्षाका लागि व्यक्तिहरूबीच सरकारको गठन गरिन्छ र सरकारको अधिकार त्यसअन्तर्गत शासित हुनेहरूको आपसी सहमति र अनुमतिबाट नै आउँछ।

केवल व्यक्तिगत अधिकारहरूको रक्षा गर्नु नै सरकारको सही उद्देश्य हो र कानूनको उचित विषय पनि यही हो। यसैले सबै कानून व्यक्तिका अधिकार र तिनको रक्षा गर्ने उद्देश्य राखेर बनाइनु पर्दछ। सबै कानून अनिवार्य रूपमा निष्पक्ष र वस्तुगत रूपमा सही ठह¥याउन योग्य हुनुपर्दछ। कानूनले उनीहरूलाई के गर्नबाट रोक्छ र उक्त कार्य गरेमा उनीहरूलाई के सजाय हुनसक्छ भनेर कुनै कारवाही गर्नुभन्दा पहिले नै व्यक्तिलाई यस कुराको स्पष्ट रूपमा जानकारी हुनुपर्दछ। सरकारको आधिकारिकताको स्रोत, शासित हुनेहरूको अनुमति हो। यसको अर्थ यो हो कि सरकार शासक हैन बरु नागरिकहरूको रक्षक वा अभिकर्ता हो। यसको अर्थ यो हो कि सरकारलाई एउटा विशेष उद्देश्यका लागि नागरिकहरूले दिएको अधिकारबाहेक अन्य कुनै अधिकार नै हुँदैन।

व्यक्ति स्वतन्त्र एवम् सभ्य समाजमा रहन चाहन्छ भन्ने त्यसका लागि एउटै आधारभूत सिद्धान्तमा उसको सहमति हुनु अनिवार्य छ - सुव्यवस्थित, निष्पक्ष एवम् कानूनी तरिकाबाट पारिभाषित कार्यान्वयन सुनिश्चित गर्नका लागि शारिरीक बल प्रयोगलाई गलत मान्ने र आत्मरक्षाको अधिकारको प्रयोग सरकारलाई सुम्पने। यसलाई अर्को तरिकाबाट भन्दा व्यक्तिले त्यस्तो बलको प्रयोग र सम्भावित मनोमानीबीच फरक स्वीकार गर्नुपर्छ पनि भन्न सकिन्छ (यो कुनै पनि तरिकाको मनोमानी हुनसक्छ, जसमा ऊ स्वयम्को मनोमानी पनि पर्न सक्छ)।

मानौं दुई व्यक्तिहरूका बीचमा हुने कारोबार, जसमा दुवैको संलग्नता छ, त्यसमा असहमति सिर्जना भए के हुन्छ त?

एउटा स्वतन्त्र समाजमा दुई व्यक्तिलाई एकअर्कासँग सम्झौता गर्नका लागि बाध्य पारिँदैन। व्यक्ति व्यक्तिबीचका सम्झौताहरू स्वेच्छिक सहमतिका आधारमा वा अनुबन्धमार्फत मात्र गरिन्छ। यदि एउटा व्यक्ति मनोमानी तरिकाले अनुबन्ध तोड्छ भने यसबाट अर्को व्यक्तिलाई वित्तिय हानी हुनसक्छ र क्षतिपूर्तिस्वरूप दोषी पक्षको सम्पत्ति जफत गर्नुको कुनै विकल्प रहँदैन। तर फेरि पनि यहाँ बल प्रयोगको निर्णय कुनै व्यक्तिको स्वविवेकका भरमा छोड्न मिल्दैन। यहाँ एउटा मध्यस्तकर्ताका रूपमा सरकारको अत्यन्त महत्वपूर्ण एवम् जटिल भूमिका रहन्छ, जसले निष्पक्ष रही कानूनअनुसार दुवै व्यक्तिहरूबीच रहेको झगडा समाधान गर्दछ।

कुनै पनि सभ्य समाजमा अपराधी अत्यन्त कम संख्यामा हुन्छन् तर शान्तिपूर्ण समाजका लागि कानूनी अदालतद्वारा अनुबन्धको संरक्षण र प्रवर्तन सबै भन्दा महत्वपूर्ण आवश्यकताका रूपमा रहेको हुन्छ। यस तरिकाको संरक्षणबिना कुनै पनि सामाजिक सभ्यता विकसित हुन वा कायम रहिरहन सम्भव नै हुँदैन।

मानिस पशुसरह आफ्ना तत्कालका आवश्यकताका लागि काम गरेर मात्र जीवित रहन सक्दैन। उसलाई विभिन्न समयावधिमा आफ्नो उद्देश्यलाई निर्धारित गर्न र तिनलाई प्राप्त गर्नका लागि काम गर्नुपर्छ। व्यक्तिलाई आफ्नो पूरै जीवनका लागि आफ्ना कार्य र योजनाहरूको लेखाजोखा तयार गर्नुपर्छ। व्यक्तिको मस्तिष्क र ज्ञान जति असल र उत्कृष्ट हुन्छ, उसका योजनाका शृङ्खलाहरू त्यति नै लामो हुन्छ। कुनै सभ्यता जति कुलीन र जति जटिल छ, त्यसमा त्यति नै लामो गतिविधिको शृङ्खला हुन्छ। यसरी हेर्दा

समाजमा रहेका व्यक्तिहरूबीच अनुबन्धका सम्झौता जति धेरै हुन्छन् ती अनुबन्धको सुरक्षा र संरक्षणको आवश्यकता पनि त्यति नै हुन्छ।

यहाँसम्म कि कुनै अपरिष्कृत समाज पनि यसरी सञ्चालन हुन सक्दैन। मानौं कुनै व्यक्ति केही अण्डाको सट्टामा आलु दिने लेनदेन गर्न सहमत त हुन्छ तर उसले अण्डा लिएपछि आलु दिन अस्वीकार गरिदिन्छ। यसै तरिकाको मनोमानी यदि व्यक्तिहरूबीच खरबौं डलरको सामान उधारोमा या अनुबन्धनका आधारमा लेनदेन गरिने औद्योगिक समाजमा वा करोडौं डलर पर्ने संरचना खडा गर्नका लागि वा ९९ वर्षका लागि करारमा सम्पत्ति दिइने वा लिइने हुने भएको अवस्थामा यसको अर्थ के रहला भनी कल्पना गर्नुहोस्।

यी अनुबन्धनहरूको एकतर्फी उल्लङ्घनमा शारीरिक बलको अप्रत्यक्ष प्रयोग भइराखेको हुन्छ। यदि कुनै व्यक्तिबाट सामान लिइन्छ र त्यसको सट्टामा पैसा दिन अस्वीकार गरिन्छ भने त्यस सामानमाथिको दावा शारीरिक दावाका रूपमा रहेको हुन्छ, जुन कुरामा सामानको वास्तविक मालिकको सहमति हुँदैन। धोखाधडीमा यसै प्रकारको बलको अप्रत्यक्ष प्रयोग हुन्छ। यसमा मालिकको सहमतीविना व्यक्तिले झुठो आश्वासन र धम्कीरूपी अप्रत्यक्ष बल प्रयोग गरी सामान लिन्छ । यसमा एक सामानको बदलामा केही पनि दिइँदैन बरु धम्की र जबरजस्ती गरेर मात्र सामान लिइन्छ।

यसप्रकारका केही कार्यहरु निश्चित रूपमा आपराधिक नै हुन्। यद्यपि, अनुबन्धनको एकतर्फी उल्लङ्घन कहिलेकाँही अपराधिक ध्येयबाट प्रेरित नभई गैरजिम्मेदारीपूर्ण वा अविवेकी व्यवहारका कारणले पनि हुन सक्दछ। केही यस्ता मामिला पनि हुन्छन् जहाँ दुवै पक्ष न्यायको गुहार मागी राखेका हुन्छन्। कुरा जसकै होस्, यस तरिकाका सबै मुद्दा निष्पक्ष रूपमा परिभाषित कानूनको विषय हुनुपर्छ। यिनको समाधान निष्पक्ष मध्यस्थकर्ता र कानूनी प्रशासकहरू वा न्यायधीशहरूमध्ये जोबाट उचित हुन्छ, उसैद्वारा गरिनुपर्दछ।

यी सबै मामिलामा न्यायलाई निर्देशित गर्ने आधारभूत सिद्धान्तमाथि दृष्टि दिने हो भने कुनै पनि व्यक्तिले अर्को व्यक्तिबाट उसबाट प्राप्त हुने कुनै पनि मूल्य उसको सहमतिविना प्रयोग गर्न सक्दैन – र यसैको उपसिद्धान्त स्वरुप एउटा व्यक्तिको अधिकार अर्को व्यक्तिको एकतर्फी निर्णय वा अविवेकी मनोमानी र स्वेच्छाचारिताका भरमा छोड्न सकिँदैन।

समग्रमा सरकारको उपयुक्त उद्देश्य व्यक्तिको सामाजिक अस्तित्वलाई सम्भव बनाउने, उसको हितको रक्षा गर्ने र ती गल्तीहरूलाई नियन्त्रण गर्ने हो जसद्वारा एक व्यक्तिले अर्कोलाई हानी पुर्याउन सक्छ। सरकारका महत्वपूर्ण कार्यलाई तीन श्रेणीमा बाँड्न सकिन्छ, जसमा शारीरिक बल र व्यक्तिका अधिकारहरूको रक्षाका सबै मामिला सम्मिलित हुन्छन् - पहिलो —प्रहरीको सहयोगमा व्यक्तिहरूलाई अपराधीहरूबाट रक्षा गर्नु, दोस्रो –सशस्त्र सेवाको प्रयोग गरि विदेशी आक्रमणकारीहरूबाट राज्यको रक्षा गर्नु र तेस्रो –कानूनी अदालतका माध्यमबाट व्यक्तिहरूको आपसी झगडालाई निरपेक्ष कानूनद्वारा सुल्झाउनु। राज्यका यी तीन कार्यहरूभित्र अरू पनि केही पक्षहरू जोडिएका हुन्छन्, जुन लागू गर्ने समयमा हुने व्यवहारिक समस्याहरू र कुनै विशेष कानून लागू गर्दाका जटिलतासँग सम्बन्धित हुन्छन्।

यो विशेष विज्ञानको क्षेत्रसँग सम्बन्धित हुन्छ, जसलाई कानूनको दर्शन पनि भन्दछन्। कानून कार्यान्वयन गर्ने समयमा थुप्रै गल्ती र असहमतिको सम्भावना रहन्छ। कानून एवम् सरकारको उद्देश्य व्यक्तिका अधिकारहरूको रक्षा गर्ने भएको हुँदा यो लागू गर्नैपर्ने अनिवार्य सिद्धान्त पनि हो।

विश्वको वर्तमान अवस्थाले आजकल यो सिद्धान्तलाई बिर्सिएको छ, यसको अवहेलना भइरहेको छ र यसबाट बच्ने कोसिस गरिन्छ। राज्यमा रहेका क्रुर शक्तिहरूद्वारा बर्बरतापूर्ण तरिकाबाट कानूनहरू लागू गरिँदैछ। मानवताको अवनति यस हदसम्म भईसकेको छ कि कानूनको शासन समाप्त भइरहेको र तानाशाहीको अवस्था उत्पन्न भइरहेको छ।

यस्तो अवस्थामा यस प्रवृत्तिको विचारशून्य ढंगले विरोध गर्नेहरुले यदि सरकार यति नै खराब प्रकृतिको हो भने बरु विना सरकारको अराजकता अथवा एनार्की नै सबभन्दा उत्तम सामाजिक व्यवस्था हो भनेर प्रश्न पनि उठाइरहेका छन्। माथि बयान गरिएका सबै कारणहरुले विना सरकारको अराजकताको स्थिति, एक राजनीतिक अवधारणाका रुपमा अनुभवहीन, अमूर्त र बहावमा आउने अवधारणा हो भनेर प्रस्ट्याँउदछन्। व्यवस्थित सरकारविनाको यस्तो सामाजिक व्यवस्था भएको खण्डमा समाज त्यहाँ आउने पहिलो अपराधीको दयामा रहनेछ र समाज गुण्डाराजमा परिणत हुनेछ। तर मानवीय अनैतिकताको सम्भावना मात्र पनि सरकार विनाको अराजक सामाजिक व्यवस्थाको एउटै मात्र आपत्तिजनक पक्ष होइन - सबै मान्छे विवेकी र बिल्कुलै नैतिक भएको समाजमा पनि यो व्यवस्था व्यवहारिक हुन सक्दैनथ्यो। मानिसहरु इमानदार भएकै अवस्थामा आउने वास्तविक असहमतिको लागि वस्तुगत कानून र मध्यस्तकर्ताको आवश्यकताले सरकारको स्थापनालाई जरुरी बनाँउछ।

सरकारविनाको अराजक सामाजिक व्यवस्थाको सिद्धान्तकै अर्को स्वरुपका रुपमा आएको एक अवधारणा, जसले स्वतन्त्रताका बारेमा वकालत गर्ने युवाहरुलाई अन्योलमा राखिरहेको छ, उक्त अवधारणाले "प्रतिस्पर्धी सरकारहरु" जस्तो बिल्कुलै मूर्खतापूर्ण कुरालाई अगाडि ल्याएको छ। सरकार र उद्योगको काम तथा जबरजस्ती बल प्रयोग र उत्पादनमा फरक नदेख्ने र व्यवसायको सरकारी स्वामित्वको वकालत गर्ने आधुनिक राज्यवादीहरुकै कुरालाई आधार मान्दा, प्रतिस्पर्धी सरकारहरुको अवधारणाका अधिवक्ताहरु सिक्काको अर्को पाटोलाई अँगाल्दै यदि प्रतिस्पर्धा व्यवसायका लागि त्यस्तो फाइदाजनक छ भने, यो सरकारमा पनि लागू हुनुपर्छ भनेर भन्दछन्। उनीहरु एक्लो एकाधिकारवादी सरकार भन्दा एउटै भौगोलिक सिमामा थुप्रै सरकारहरु रही व्यक्तिहरुलाई आफूले चाहेको सरकार छानी त्यसमा आबद्धता जनाउने स्वतन्त्रता दिनुपर्छ भन्छन्।

स्मरण रहोस्, व्यक्तिमाथि बलपूर्वक नियन्त्रण नै एकमात्र सेवा हो जुन सरकारले दिन्छ। आफैंलाई सोधिहेर्नुहोस्, बलपूर्वक नियन्त्रण गर्ने कुरामा हुने प्रतिस्पर्धाको के अर्थ हुन्छ ?

यस सिद्धान्तलाई विरोधभाषी शब्दहरुको सिद्धान्त पनि भन्न सकिँदैन किनकि यसमा 'प्रतिस्पर्धा' र 'सरकार' जस्तो शब्दको बुझाइ नै झल्किदैन। निश्चित स्वरूपको वास्तविकताबारेको ज्ञान नराखीकनै यसलाई कुनै अमूर्त बहाव भन्न पनि सकिँदैन। यसलाई एउटा उदाहरणबाट प्रष्ट पार्न सकिन्छ। मानौं 'सरकार *क*का उपभोक्ता राम हुन्, उनलाई 'सरकार *ख*का उपभोक्ता श्यामले उनीकहाँ चोरी गरेको शङ्का

लाग्यो। प्रहरीको समूह जब सरकार ख का उपभोक्ता श्यामको घरमा जान्छन्, उनीहरू सरकार ख का प्रहरी समूहलाई उनको ढोकामा पाउँछन्। उनीहरूले त्यहाँ रामको उजुरीलाई नै वैध मान्नबाट अस्वीकार गरिदिन्छन र सरकार क को प्रशासनलाई मान्यता दिँदैनन्। तब के हुन सक्छ ? तपाईं आफैं अनुमान लगाउन सक्नुहुन्छ।

सरकारसम्बन्धी अवधारणा उत्पत्तिको अत्यन्त लामो एवम् जटिल इतिहास छ। सबै सभ्य समाजमा सरकारद्वारा सही तरिकाले काम गरेका केही उदाहरणहरू छन्। सरकार आफूले आफुलाई सरकार र लुटेराहरूको समूहबीचमा केही अन्तरहरूको मान्यताको परिघटनाका रूपमा व्यक्त गर्छ। यही कारण सरकार लाई "कानून एवम् व्यवस्थाको रक्षक" का रूपमा सम्मान र नैतिक अधिकार सुनिश्चित गरिएको हुन्छ। यहाँसम्म कि अनैतिक सरकार पनि केही हदसम्म न्याय एवम् व्यवस्था कायम राखिराख्न अनिवार्य सम्झन्छ। ऊ आफूले गरेको अधिकार प्रयोगलाई केही हदसम्म नैतिक र औचित्यपूर्ण ठहऱ्याउनका लागि स्वभाव वा परम्परागत न्यायको ढोंग गर्छ। जस्तैः फ्रान्सका सम्राटले ईश्वरीय अधिकारको स्तुति गरेका थिए भने सोभियत रुसका आधुनिक तानाशाहहरूले पनि आफ्नो शासनलाई आफ्ना अधिनस्थहरूको नजरमा उचित ठहर्याउनका लागि धन खर्च गरेका थिए।

मानव जातिको इतिहासमा सरकारको उचित कार्यप्रणालीको ज्ञान हालैको उपलब्धी हो। यो केवल दुई सय वर्षमात्र पुरानो छ। यसको आरम्भ भने अमेरिकी क्रान्तिको समयबाट मात्र भयो। अमेरिकाका संस्थापकहरूले समाजको आवश्यकता र स्वरूपको पहिचान मात्र गरेनन् बरु ती साधनहरूको पनि खोजी गरे जसबाट यसलाई व्यवहारिक रूप दिन सकियोस्। एउटा स्वतन्त्र समाज अन्य कुनै मानवीय उत्पादन जस्तो जुनै पनि साधनहरूबाट वा केवल इच्छामार्फत् वा असल मनसाय भएका नेताहरूबाट प्राप्त गर्न सकिँदैन। स्वतन्त्र समाज बनाउन र यसलाई स्वतन्त्र बनाइराख्नका लागि वैध सिद्धान्तहरूमाथि आधारित जटिल न्याय व्यवस्थाको आवश्यकता पर्दछ। यस्तो व्यवस्था जो प्रेरणा, नैतिक चरित्र वा कुनै नश्चित अधिकारीको इच्छामा मात्र निर्भर नहोस् र जसमा निरंकुशता फस्टाउन सक्ने खालको कुनै कानूनी कमीकमजोरी नरहोस्।

अमेरिकी सरकारको नियन्त्रण एवम् सन्तुलन व्यवस्था त्यस्तै एउटा उपलब्धी थियो। यद्यपि संविधानका केही विरोधाभासले आधुनिक राज्यवादी राजनीतिक व्यवस्थालाई फस्टाउने केही मौका दियो। सरकारका अधिकारहरू सीमित एवम् नियन्त्रित गर्ने साधनका रूपमा संविधानको अवधारणा यस समयको विलक्षण उपलब्धी थियो।

यस उपलब्धीलाई समाप्त गर्ने सामूहिक प्रयास गरिँदा संविधानले व्यक्तिलाई नभएर सरकारलाई मात्र सीमित गर्छ भनेर प्रष्ट रूपमा भन्न भने सकिएको पाइँदैन। संविधानले निजी व्यक्तिको आचरणहरूलाई निर्धारित गर्दैन, केवल सरकारको आचरणलाई मात्र निर्धारण गर्दछ। यो सरकारी अधिकारहरूको चार्टर होइन बरु सरकार विरुद्ध नागरिकका लागि नागरिक संरक्षणको पक्षको चार्टर हो।

अब सरकारका प्रचलित विचारहरूमा नैतिक र राजनैतिक अवनतिको अधिकतम सीमामाथि विचार गरौं। व्यक्तिका अधिकारहरूको रक्षक हुनुका साटो सरकार तिनको सबैभन्दा खतरनाक उल्लङ्घनकारी बनिरहेको

छ। स्वतन्त्रताको रक्षा गर्नुका साटो सरकारले दासत्त स्थापित गरिरहेको छ। शारीरिक बल प्रयोग गर्नेहरूबाट व्यक्तिको रक्षा गर्नुको साटो सरकार आफ्नो मर्जीको मामिलामा कुनै पनि तरिकाले शारीरिक बल र बलजफ्तीको प्रयोग गरिरहेको छ। मानव सम्बन्धहरूमा निष्पक्षताको उपकरणका रूपमा काम गर्नुको साटो सरकार अनिश्चितता र घातक शासकका रूपमा काम गरिरहेको छ। यसका लागि उसले ती अस्पष्ट कानूनहरूको प्रयोग गरिरहेको छ, जसको व्याख्या अधिकारीहरूको स्वेच्छामा छोडिएको छ। व्यक्तिको उच्छृङ्खलताले गर्दा हुने अन्यायबाट व्यक्तिको रक्षा गर्नुको साटो सरकार स्वयम् पनि अन्यायपूर्ण तरिकाले अधिकार प्रयोग गरिरहेको छ। यसप्रकारले हामी तीव्र गतिमा उच्चतम अवनतितिर पुग्दैछौं — त्यस्तो अवस्था जहाँ सरकार आफ्नो इच्छाले जे पनि गर्न स्वतन्त्र हुन्छ, जबकि व्यक्तिले भने जुनसुकै कार्य गर्नका लागि पनि सरकारको अनुमति लिनुपर्दछ। जहाँ बर्बर शक्तिको शासन हुन्छ, त्यहाँ मानव इतिहासको सबैभन्दा अन्धकारको समय रहेको हुन्छ।

भौतिक प्रगतिका तुलनामा मानिसले नैतिक प्रगति गर्न सकेको छैन भन्ने प्रकारको टिप्पणी प्रायः गरिएको पाइन्छ। यसप्रकारका टिप्पणीमा मानव प्रकृतिको बारेमा केही निराशावादी निष्कर्ष निकालिन्छन्। यो साँचो हो कि मानवजातिको नैतिक अवस्था लज्जास्पद स्तरमा तल पुगिसकेको छ। तर सरकारहरूको (परोपकारी र सामूहिकतावादी नैतिकताद्वारा स्थापित गरी सम्भव बनाइएको) विकराल नैतिक पतनको अवस्था, जसमा मानवजातिले आफ्नो प्रायः इतिहास गुजारेका छन्, यसका बाबजुद पनि मानिसले आफ्नो सभ्यताका केही गुणहरुलाई कसरी बचाइराख्यो र सही दिशामा कदम बढाउने काम जारी राख्न सक्यो भन्ने कुरा हेर्दा आश्चर्य नै हुन्छ। व्यक्तिको बौद्धिक पुनर्जागरणको सङ्घर्षको हिस्साको रूपमा, यसले स्वीकार र वकालत गरिनुपर्ने राजनीतिक सिद्धान्तहरूको स्वरूपलाई पनि अझ स्पष्ट रूपमा हेर्न मद्दत गर्दछ।

# सत्र ६

# व्यक्तिको अधिकार

# बजारको शक्ति

# व्यक्तिको अधिकार

- आयन र्यान्ड
- आकाश श्रेष्ठको अनुवाद

यदि कसैले एउटा स्वतन्त्र समाज अर्थात पूँजीवादको वकालत गर्ने सोच राख्छ भने उसले त्यस्तो समाजमा अपरिहार्य सुत्रपातको सिद्धान्त 'व्यक्तिगत अधिकार' हो भन्ने कुरा बुझ्नै पर्छ। यदि कसैले व्यक्तिगत अधिकारको बारेमा वकालत गर्न चाहन्छ भने उसले पूँजीवाद मात्र एक त्यस्तो संयन्त्र हो, 'जसले व्यक्तिगत अधिकारलाई अनुमोदन गर्ने र सुरक्षित राख्ने क्षमता राख्छ' भन्ने कुरा पनि बुझेकै हुनुपर्छ। र, कसैले 'स्वतन्त्रता' र आजको 'बौद्धिक युगको लक्ष्य' बीचको सम्बन्धलाई मापन गर्ने मनसाय राखेको छ भने उसले मानिसको व्यक्तिगत अधिकारको तथ्यगत अवधारणा टालटुल, विकृत गर्ने र गलत अर्थ लगाउने काम आजको दिनमा भइरहेको, यस बारेमा कथंकदाचित छलफल हुने गरेको र त्यसमा पनि विरलै छलफल गर्ने तीनै सामाज परिवर्तनका बाधक 'रुढिवादि' भनौदाहरु हुन भन्ने कुरा भुल्नु हुँदैन।

'अधिकार' भन्नाले त्यस्तो नैतिक अवधारणालाई बुझाउँछ, जुन अवधारणाले मान्छेका कार्यहरुलाई पथप्रदर्शन गर्ने र अन्य मानिसहरुसँग पथप्रदर्शक सिद्धान्त सम्बन्धको युत्तिसंगत परिवर्तनलाई निर्देशन गर्ने सिद्धान्तबीच सन्तुलन प्रदान गर्छ। त्यस्तो अवधारणा जसले व्यक्तिगत नैतिकतालाई सामाजिक परिप्रेक्षमा संरक्षण तथा सुरक्षा दिने क्षमता राख्छ। अधिकारले मानिसको नैतिक आचार संहिता, समाजिक तथा कानूनी आचार संहिता र आचारनीति तथा राजनीति बीचको शक्ति सन्तुलन कायम राख्दछ। यसर्थ, 'व्यक्तिगत अधिकार' भनेकै समाजलाई नैतिकताको अधिनमा राख्ने माध्यमको रुपमा बुझिन्छ।

प्रत्येक राजनीतिक प्रणाली 'समाज वा वर्ग'को कुनै नैतिक संहितामा आधारित हुन्छ। मानवजातिको ऐतिहासिक प्रमुख नीति भनेकै कुनै प्रकारले परोपकारवाद वा सामूहिकतावादको सिद्धान्त अगाल्ने गरेको पाइन्छ, जसले सँधै एक व्यक्तिलाई कुनै उच्च, आध्यात्मिक, सामाजिक कि त सत्ताको अधिनमा राख्ने गर्दथ्यो। फलतः राजनीतिक प्रणालीमा निरंकुश राज्यवादको उच्चाहट प्रभाव स्पष्ट देखिन्थ्यो। परिमाणतः निरंकुश राज्यवाद केहि फरक देखिएतापनि अन्ततः राजनीतिक प्रणाली भने निरंकुश नै हुन्थ्यो। समयान्तरमा परम्परागत संयोग, सामाजिक अन्यौल र युद्ध पतनको अन्त्यतिर अर्को त्यस्तै पद्धतिको निर्माण हुन जान्थ्यो। ती सबै प्रणालीहरुमा नैतिकता व्यक्तिमा मात्र लागु हुन्थ्यो तर समाजलाई भने लागु हुदैनथ्यो। समाजलाई सँधै नैतिक कानून भन्दा माथि राखिन्थ्यो, कानूनको स्रोत मानिथ्यो, कानूनको अनुवादक मानिन्थ्यो र अभिव्यक्ति मानिन्थ्यो। मानिसको सबै भन्दा ठूलो कर्म र धर्म वा बाँच्नुको सार भनेकै त्यतिबेला समाजको हित तथा रक्षा गर्नका लागि आफ्नो जीवन जुनसुकै बेला बली दिन तमतयार रहनु सामाजिक कर्तव्यको पालक तथा निष्ठप्रद शासक भक्तिका रुपमा लिइन्थ्यो।

तर वास्तविकतामा 'समाज' भन्ने कुनै भिन्न तत्व नभई केवल व्यक्तिव्यक्तिको जमात मात्र हुने हुँदा व्यवहारतः समाजमा सँधै निरंकुश शासकहरु मात्र नैतिकता भन्दा माथि हुन्थे। तीनिहरुमा केवल परम्परागत नियम लागु हुन्थ्यो र बदलामा शासकहरु भने सबै आफ्ना जनताहरुमा आज्ञाकारि तथा पूर्ण

हुकुमको अधिकार राख्थे। एक हिसाबले भन्दा 'मानिसको कर्म' भनेकै समाज हितको लागि बाँच्ने हो तर समाजको हित त्यो हुन जान्थ्यो जहाँ शासकले 'आज्ञा दिन्छन्' भन्ने सिद्धान्त रहन्थ्यो।

'अध्यात्म' अथवा 'सामाजिक दायित्व' चाहे जेसुकै नाम दिएता पनि सबै परोपकारवादि वा सामूहिकतावादि राज्यहरुमा यहि कुरा लागु हुन्थ्यो– 'राजाहरुको दैवी अधिकार' र 'जनताको आवाजनै ईश्वरको आवाज' जस्ता सिद्धान्तहरुले यहि कुरा पुष्टि गर्छ। कि त शासकले भनेको मान्नुपर्थ्यो, कि त समाजको बहुमतले भनेको मान्नुपर्थ्यो। एउटा मान्छेसँग यो भन्दा अरु कुनै विकल्पहरु हुँदैनथे। उदाहरणको लागि हामीसँग यस्ता थुप्रै राज्य व्यवस्थाहरु छन्। जस्तैः इजिप्टको धार्मीक राज्य व्यवस्थालाई लिन सकिन्छ जसमा फेरोह् अर्थात राजालाई भगवानको रुप मानिन्थ्यो, एथेन्सको प्रजातन्त्र वा अपार बहुमतिय शासन प्रणालि, रोमको लोक हितकारी राज्य व्यवस्था, फ्रान्सको एकाधिपत्य राजाको शासन, बिस्मार्कको लोक हितकारी राज्य व्यवस्था, नाजी जर्मनीको यहुदीहरुलाई मार्न प्रयोग गरिएका ग्याँस कक्ष, सोभियत संघको कसाईखाना आदिइत्यादी।

यी सबै राजनीतिक व्यवस्थाहरुमा परोपकारवादी वा सामुहिकतावादी नीतिकै अभिव्यक्ति पाइन्थ्यो। र, यी सबै व्यवस्थाहरुमा समाजलाई नैतिकता भन्दा माथिको दर्जामा राखिन्थ्यो। समाजलाई हेर्ने दृष्टिकोण फरक थियो। समाजलाई सर्वशक्तिमान ठानिन्थ्यो र अधिपतिका रुपमा हेरिन्थ्यो। तर, फरक कोणबाट हेर्दा यी सबै प्रकारका व्यवस्थाहरु अनैतिक समाजका विभिन्न स्वरुपहरु मात्र थिए। संयुक्त राज्य अमेरिकाको सबै भन्दा ठूलो उपलब्धि भनेकै समाजलाई नैतिक कानूनको अधीनमा राखेर सामाजिक व्यवस्था हेर्नु थियो।

मानिसको व्यक्तिगत अधिकारको सिद्धान्तले समाजमा नैतिकतालाई बलियो बनाउँदै लग्यो। एकातिर राज्यको शक्तिमा लगाम लगाइयो भने अर्कोतिर सामुहिकतावादको नाममा कुनै समूहले कुनै व्यक्ति माथि जबर्जस्ती गर्न सक्ने व्यवस्थाको अन्त्य हुनगयो। 'शक्ति' भन्दा 'अधिकार'लाई उच्च स्थान दिइयो। यसकारणले गर्दा संयुत्त राज्य संसारकै पहिलो नैतिक समाज बन्न पुग्यो।

यस अघिका प्रत्येक व्यवस्थाहरुमा मान्छेहरुको समुहलाई शासकको भलाईका लागि प्रयोग गरिने समाजको 'साध्य' वा 'साधन' का माध्यमबाट हेरिन्थ्यो। तर, संयुत्त राज्यमा मानिसहरुलाई साध्यको दर्जा दिइयो। समाजलाई व्यक्ति–व्यक्तिबीच शान्त र सुव्यवस्था, अनुशासित र स्वेच्छिक सहअस्तित्वमा बाँधिन मद्दत पुर्याउने साधनका रुपमा हेरियो। तर, पहिलेका व्यवस्थाहरुमा व्यक्तिको जीवनअधिकार समाजलाई दिएको हुन्थ्यो र समाजले आफु अनुकूल कुनै पनि व्यक्तिलाई उपयोग गर्न सक्थ्यो। व्यक्तिको स्वतन्त्रता भनेकै समाजको एउटा देनका रुपमा लिइन्थ्यो। समाजको अनुमतिमा मात्र मान्छेले स्वतन्त्रता पाउन सक्थ्यो र यो कुनै पनि बेला समाजले फिर्ता लिन सक्ने अधिकार राख्थ्यो। तर संयुक्त राज्यले मानिसहरुलाई जीवनको एकाधिकार दियो। प्राकृतिक वा नैतिक दुवै दृष्टिकोणबाट हेर्दा वास्तवमा मानिसको आफ्नो जीवनको अधिकार केवल उसलाई मात्र हुन्छ। यसै अनुरुप संयुत्त राज्यले समाजलाई कुनै पनि व्यक्तिको जीवनको अधिकार प्रयोग गर्ने अधिकार नहुने र सरकारको महत्वपूर्ण नैतिक जिम्मेवारी भनेकै मान्छेहरुको 'व्यक्तिगत अधिकार' को सुरक्षा गर्ने हो भन्ने मान्यताको स्थापना गर्यो।

‘अधिकार’ यस्तो नैतिक सिद्धान्त हो जसले एक व्यक्तिको स्वतन्त्रता र सामाजिक सन्दर्भमा उसले गर्ने कर्मलाई व्याख्या र अनुमोदन गर्ने चेष्टा राख्दछ। मान्छेको एउटै अधिकार हुन्छ– ‘आफ्नै जीवनप्रतिको अधिकार।’ बाँकी सबै अधिकारहरु यस अधिकारले जन्माएका परिणाम र उपसिद्धान्तहरु हुन। जीवन भनेको स्वयंधारी अर्थात स्वयं उत्पत्ती हुने कर्महरुको निरन्तर प्रकृया हो। जहाँ एक चैतन्य व्यक्तिको जीवनरक्षा, प्रोत्साहन, तृप्ति, आनन्द तथा भोग गर्नका लागि उसले लिनु पर्ने प्रत्येक कार्य तथा निर्णयहरुको पूर्ण स्वतन्त्रता अर्थात प्राणको अधिकार, स्वतन्त्रताको अधिकार र सुख तथा उद्यमको अधिकार पर्दछ।

अधिकारको अवधारणा भन्नाले केवल कर्मसँग सम्बन्ध राख्ने अवधारणा बुझ्नुपर्दछ। अझ स्पष्ट भाषामा भन्दा कर्म गर्ने स्वतन्त्रतासँग अर्थात बाह्य अनिवार्यता, दबाव तथा अन्य व्यक्तिहरुको हस्तक्षेपबाट स्वतन्त्र रहनु भन्ने बुझिन्छ।

त्यसैले, हरेक व्यक्तिका लागि अधिकार भनेको सकारात्मक अधिकार अर्थात कसैको दबाव बिना स्वेच्छिक ढंगले आफ्नै विवेकको प्रयोग अनुरुप कर्म गर्ने र आफ्नै उद्देश्यलाई पछ्याउने अधिकारको अनुमोदन बुझिन्छ। र, छिमेकीसँग अधिकारमाथि आरोप लगाउने दायित्व त्यतिबेला सम्म रहदैन जतिबेला अपवाद बाहेक नकरात्मक प्रकारका अधिकारहरुबाट बञ्चित भएका व्यक्तिहरुमाथि अधिकारको उल्लघन गर्दै कसैलाई दबाउने प्रयत्न गरिन्छ।

मान्छेको आफ्नै जीवनको अधिकार नै वास्तवमा सबै अधिकारको श्रोत हो। र, सम्पत्तिको अधिकार पनि त्यसको एक मात्र कार्यान्वयन हो। सम्पत्तिको अधिकार बिना बाँकी कुनैपनि अधिकार प्राप्त गर्न सम्भव छैन। जस्तैः कुनै व्यक्तिले निरन्तरको कर्म र प्रयत्नबाट आफ्नो जीवन धान्नु पर्ने अवस्थामा छ। तर, उसँग आफ्नै परिश्रमको फलको भोग गर्ने अधिकार नहुने हो भने जति कर्म र प्रयत्न गरेपनि उसलाई आफ्नै जीवन धान्न कठिन हुन्छ। यदि कुनै व्यक्तिले आर्जेको फल, अर्को कुनै व्यक्तिले भोग गर्छ भने त्यो व्यक्ति केवल एक दास बन्न पुग्छ। र, आफ्नै परिश्रमको फल प्राप्त गर्ने अधिकारबाट बञ्चित भई मानवरुपी दासत्वको भाँडा भित्र खुम्चिन बाध्य हुन्छ।

हामी सबैले बुझ्नुपर्ने महत्वपूर्ण कुरा सम्पत्तिको अधिकार हो। अर्थात, आफुले इच्छाअनुरुप कर्म गर्न पाउने अधिकार। यो कुनै वस्तुको स्वामित्व ग्रहण गर्ने अधिकार नभई त्यस वस्तुको निर्माण वा आर्जन गर्नका लागि आवश्यक कर्म गर्न पाउने अधिकार हो। यो कुनै व्यक्तिले सम्पत्ती आर्जन गर्ने साधनप्रतिको सुनिश्चितता नभई कसैले केहि आर्जन्छ भने त्यस आर्जनको स्वामित्व ग्रहण गर्न पाउने अधिकारको निश्चितता हो। यसर्थ, कुनै भौतिक वस्तु वा गुण आर्जन गरेर राख्न पाउने, चाहेअनुरुप त्यस वस्तुको प्रयोग गर्न पाउने र अन्त्यमा त्यसलाई इच्छाअनुरुप व्यक्तिले त्याग्न पाउने अधिकार हो।

मानिसको ‘व्यत्तिगत अधिकार’को अवधारण एक नयाँ अवधारणा हो। आजका दिनसम्म पनि धेरै मानिसहरुले यस अवधारणालाई पूर्णरुपमा बुझ्न वा अँगाल्न सकेका छैनन्। ‘आध्यात्मिक’ वा ‘सामाजिक नीति’का सिद्धान्तहरुको पाटोबाट हेर्दा, थुप्रै मानिसहरु अधिकारलाई ईश्वरको बरदानका रुपमा लिन्छन। कतिपयले त आज पनि अधिकार भनेको समाजको देन र इश्वरको वरदानका रुपमा बुझ्छन्। तर, वास्तवमा मानिसहरुको अधिकारको श्रोत भने उनीहरुले बुझे जस्तो नभई मानिसको आफ्नै प्रकृतिको हुन्छ।

स्वाधिनताको घोषणापत्रमा 'मानिसलाई उसको रचयिताले केहि छुटाउनै नसक्ने गरी अधिकारहरु दिएको हुन्छ' भन्ने कुरा उल्लेख गरेको पाइन्छ। चाहे मान्छे ईश्वरको सृष्टि होस वा प्रकृतिको, मान्छेको उत्पत्तिका कथाहरुमा यो सत्य नकार्न सकिदैन कि मान्छे आफैमा एक भिन्न अस्तित्व हो। ऊ आफैमा एक चेतनशील प्राणी हो। मान्छे कसैको दबावमा रहेर सफल ढंगले कर्म गन सक्दैन। यसर्थ, 'अधिकार' मानिसहरुको जीवनको आधारभूत शर्त हो।

मानिसहरुको अधिकारको श्रोत कुनै दैवीक कानून वा कृत्रिम कानून नभई पहिचानको कानून हो। यदि क भनेको क हुन्छ भने मान्छे भनेको पनि मान्छे नै हुनजान्छ। त्यसलाई अर्को कुनै अर्थले परिभाषा दिन सकिदैन। यसर्थ, अधिकार मान्छेको प्रकृतिअनुरुप उचित जीवन निर्वाहको लागि अत्यावश्यक अमुर्त शर्त हो। यदि मान्छेलाई यहि संसारमा बाँच्नु छ भने उसले मष्तिस्कको प्रयोग गर्न पाउनु उसको नितान्त व्यक्तिगत अधिकार हो। स्वतन्त्र विचारलाई पछ्याउन पाउनु पनि व्यक्तिको निहित अधिकार हो। वैयक्तिक मान्यताहरुको वकालत गर्नु, पालना गर्नु र रक्षा गर्नु पनि व्यक्तिगत अधिकार भित्र पर्दछन। र, आफ्नो परिश्रमको फलको स्वामीत्व ग्रहण गर्न पाउनु र संसारमा चेतनशील मानव प्राणीको नाताले सम्मानजनक रुपमा बाँच्न पाउने अधिकारमाथि त न कुनै शासकले, न कुनै राजनीतिक व्यवस्था तथा प्रणाली वा प्रकृतिले समेत इन्कार वा अन्याय गर्न सक्दैन।

कुनै व्यक्तिको अधिकार हनन् गर्नु भनेको व्यक्तिको स्वविवेकको विपरित कर्म गर्न बाध्य गराउनु हो। अर्थात, व्यक्तिको मूल्यमान्यताहरुको हनन् गर्नु हो। यदि वैयक्तिक अधिकारको हनन् गर्ने प्रयत्यन कुनै व्यवस्था वा शासकले गर्छ भने त्यो शक्तिको दुरुपयोगको परिमाण हो। वैयक्तिक अधिकारको दुई संभावित हननकर्ताहरु हुन्छनः १) अपराधी, २) सरकार। संयुक्त राज्यको ठूलो उपलब्धी भनेकै माथिका दुई हननकर्ता बीच भिन्नता कायम राख्दै, अपराधिक कार्यहरुलाई कानूनी अनुवादबाट सरकारलाई प्रतिबन्ध लगाउनु हो।

स्वाधीनताको घोषणाले 'शक्तिको दुरुपयोगबाट व्यक्तिको अधिकार हनन् हुनबाट जोगाउन सरकारको महत्वपूर्ण एक मात्र उद्देश्य रहन्छ' भनी व्याख्या गर्दै सरकारको औचित्यको वर्णन गरेको छ।

यसकारण, सरकारको भूमिकालाई शासकबाट नोकरमा परिणत गरियो। र, सरकारको दायित्व मानिसहरुलाई अपराधिक क्रियाकलापबाट बचाउने भन्ने मान्यता स्थापित गरियो। अनि, मानिसहरुको जिवन निर्वाहलाई कानुनीमाध्यमबाट सहज तथा सरल बनाउन सरकारले संविधान बनायो। अधिकार पत्रमा नीजि व्यत्तिका सम्बन्धमा भन्दा सरकारलाई चुस्त तथा प्रभावकारी बनाउन लक्षित योजना तय गरियो। अन्ततः 'मानिसहरुको व्यक्तिगत अधिकार सामाजिक शक्ति भन्दा माथिल्लो दर्जामा रहेको हुन्छ' भन्ने मान्यताको स्थापना गर्नु नै यसको मुख्य उद्देश्य रहेको थियो।

परिणामतः डेढ सय वर्षकालागि संयुक्त राज्यमा स्वतन्त्र विवेकशिल समाजको सृजना हुन गयो। विवेकशिल समाज एउटा त्यस्तो समाज जहाँ व्यक्ति–व्यक्ति बिचको सम्बन्धमा शक्तिको प्रयोग पूर्ण गौण हुन्छ। अर्थात प्रतिवन्ध लगाइएको हुन्छ। जब कसैले कुनै व्यक्ति विरुद्ध गैर कानूनी ढंगमा शक्तिको प्रयोग गर्छ। सोहि अवस्थामा अपराधी वा त्यस्ता व्यक्ति वा कुनै निकायलाई दण्ड दिने व्यवस्था कानुनतः सरकारमा रहेको हुन्छ। मानिसको व्यक्तिगत अधिकारको अवधारणाभित्र अन्तर्निहित मूल अर्थ र उद्देश्य

अमेरिकी राजनीतिक सिद्धान्तमा यहि थियो। तर यी कुरा स्पष्ट भाषामा न कतै उल्लेख गरिएको थियो, न यस व्यवस्थालाई स्वीकार्न त्यसबेलाको राजनीतिक प्रणाली तयार थियो। व्यवहारतः लागु हुने कुरै थिएन।

अमेरिकाको आन्तरिक प्रतिवाद परोपकारवादि वा सामूहिकतावादि सिद्धान्तमा आधारित थियो। तर, परोपकारलाई बलजफ्ती स्वतन्त्रता, पूँजीवाद वा मानिसको व्यक्तिगत अधिकारसँग एउटै धरातलमा राखेर डोर्याउन सकिदैन थियो। त्यसैगरी, एकातिर व्यक्तिको उद्यमको अधिकार र अर्कोतिर बलीको जनावर बन्नु पर्ने नीतिको अवस्थामा दुवै व्यवस्था सँगै लैजान किमार्थ कुनै हालतमा सकिदैन थियो।

स्वतन्त्र समाजको निर्माण व्यक्तिगत अधिकारको अवधारणाबाट भएको मानिन्छ। तर, जब व्यक्तिगत अधिकारको हनन हुन थाल्यो, तब स्वतन्त्रताको विनाश सुरु भएको पाइन्छ।

कुनैपनि सामूहिकतावादि निरंकुश शासन व्यवस्थाले कुनै राष्ट्रको नैतिक तथा भौतिक मूल्यमान्यताहरु खोसेर दासी व्यवस्था लाद्रे प्रयत्न गर्न सक्दैन। यस्तो व्यवस्था केवल शासक तथा प्रणालीबीचको भ्रष्टाचारबाट मात्र सम्भव हुन्छ। जसरी भौतिक व्यवस्थामा मुद्रास्फितीले कुनै राष्ट्रको सम्पत्ति तहसनहस गर्न सक्छ, त्यसरी नै अधिकारलाई पनि अधिकारकै स्फीतिले निरर्थक बनाउन सक्छ। प्रत्येक क्षेत्रमा नयाँ नयाँ अधिकारहरु स्थापित भईरहेको छ तर मानिसहरु यो भुल्दैछन कि नयाँ अधिकारहरुले पुराना स्थापित अधिकारकै परिभाषालाई उल्ट्याउदैछ। कालो धन बढ्दा सेतो धन घट्न गएझैं नयाँ अधिकारहरुले पुराना स्थापित अधिकारहरुको औचित्य अर्थहिन बनाउँदै छ।

उदाहरणका लागि हाल संसारभरि रहेको दुई परस्पर तर विरोधि घटनाहरुलाई लिन सकिन्छ। १) नयाँ स्थापित अधिकारहरु र, २) दास श्रम शिविरहरु। यसैकारण, संसारभरी अधिकारको अवधारणलाई राजनीतिको दायराबाट झिकी अर्थतन्त्रको दायरामा सिमित गराइएको छ।

सन् १९६० को प्रजातान्त्रिक पार्टिसभाले यो परिवर्तनलाई स्पष्ट व्याख्या गरेको छ। त्यसमा भनिएको छ– 'फ्रांकलिन रुजभेल्टले १६ वर्ष अगाडि अमेरिकाको राष्ट्रियस्तरमा परिचय गराएका आर्थिक अधिकार पत्रलाई प्रजातान्त्रिक प्रशासनिक व्यवस्थाले अनुमोदन गर्नेछ।'

सभामा पेश गरिएको देहाय बमोजिमका सूचिबाट त्यसबेला व्याख्या गरिएको अधिकारको अवधारणालाई राम्ररी बुझ्न सकिन्छः

१. उद्योग, पसल, खेत वा खानीमा उत्पादनमुलक जागिर तथा व्यवसायको अधिकार,

२. पर्याप्त मानवीय आवश्यकता जस्तैः खाद्यान्न, लत्ताकपडा, बसोबास र मनोरञ्जनका साधन भोग गर्न सक्ने आम्दानीको आर्जन गर्न पाउने अधिकार,

३. प्रत्येक कृषकले कृषि वस्तुहरु उत्पादन गर्न र परिवारको मर्यादित जीविकोपार्जका निमित्त सो उत्पादित वस्तुहरु बजारमा उचित मूल्यमा बिक्रि गर्न पाउने अधिकार,

४. प्रत्येक घरेलु, साना तथा मझौला र ठुला व्यवसायीहरुले राष्ट्रिय तथा अन्तराष्ट्रिय दुवै बजारमा अनूचित प्रतिस्पर्धा वा एकाधिकारको वातावरणबाट मुक्त भई स्वतन्त्र ढंगले व्यवसाय गर्न पाउने अधिकार,

५. सर्वसुलभ स्वास्थ्य सेवा तथा स्वस्थ जीवनको अधिकार,

७. बुढ्यौली, रोग, दुर्घटना तथा बेरोजगारीबाट हुने आर्थिक भारको सुरक्षाको अधिकार, र

८. रोजगारीमुलक शिक्षाको अधिकार ।

माथिका सबै अधिकारहरुको व्याख्या गर्दैगर्दा महत्वपूर्ण प्रश्न– 'के यी सबै अधिकारहरुमा लाग्ने लागत कसले व्यहोर्छ त ?

रोजगारी, खाद्यान्न, लत्ताकपडा, मनोरञ्जन, बासस्थान, स्वास्थ्य सेवा, शिक्षा ईत्यादि रुखमा फल्ने कुराहरु पक्कै होइनन। यी सबै मानिसका लागि चाहिने अत्यावश्यक वस्तु र मानिसहरुले भोग गर्न बनाएका मान्यता र उत्पादनका वस्तु तथा सेवाहरु हुन। अब, महत्वपूर्ण कुरा यहि छ। यदि यी वस्तु तथा सुविधाको भोग गर्ने अधिकार व्यक्तिमा निहित हुन्छ भने यी वस्तु तथा सुविधाहरु प्रदान गर्ने को ? र, कुनै व्यक्तिको परिश्रमबाट आर्जिएको वस्तु तथा सुविधाको भोग गर्न पाउने अधिकार व्यक्तिमा निहित हुँदाहुँदै कुनै अर्को व्यक्तिले त्यसको भोग गर्छ भने त्यो आर्जन प्रथम व्यक्तिको लागि केवल दास हुनुको अवस्था मात्र भयो।

अधिकारका निम्ति भन्दै अर्को कुनै व्यक्ति वा शासकले कसैको वैयक्तिक अधिकारको हनन् गर्नुपर्ने अवस्था सृजना हुन्छ भने त्यो कहिल्यै अधिकार हुन सक्दैन।

कुनै व्यक्ति वा शासकसँग अरुमाथि बलजफ्ती दायित्व थुपार्ने, ज्याला बिना काम गराउने वा दास बनाउने अधिकार हुनसक्दैन। र, 'अरुलाई दास बनाउन पाउने अधिकार' भन्ने कुराको अभ्यास हुनै सक्दैन।

अधिकार छ भन्दैमा कुनै व्यक्तिले अर्को कुनै व्यक्तिमाथि अधिकारको बोज थुपार्ने स्वतन्त्रता भने कदापि होइन। यो त केवल वैयक्तिक परिश्रमले सिर्जना गरेको सबै अधिकारहरुको भोग गर्न पाउने स्वतन्त्रता मात्र हो।

एकपटक ती बुद्धिजिवीहरु (जसले अधिकारको व्याख्या गरे) को भनाईलाई नियाल्ने हो भने अधिकारको व्याख्यामा वौद्धिक स्पष्टता कम पाइन्छ। जस्तैः सुखको उद्यम अधिकारको कुरा गरे तर सुखको भोग गर्ने अधिकारको कुरा भने गरेनन। यसबाट के स्पष्ट हुनजान्छ भने व्यक्तिले सुख प्राप्तीका लागि कर्म गर्नैपर्छ किनकी उसँग कर्म गर्न पाउने अधिकार छ तर कसैले उक्त व्यक्तिलाई कुनै पनि परिस्थितिमा सुख दिनै पर्छ भन्ने कुरा भने उल्लेख भएको पाइदैन।

बाँच्न पाउने अधिकार भन्नाले साधारणतया जिवन निर्वाहको लागि व्यक्ति आफैले (व्यक्तिगत क्षमताअुरुप) के गर्न पाउनु पर्छ भन्ने कुराको अधिकार हो, न कि कसैले उसको जीवनका आधारभुत आवश्यकताहरु पुरा गर्दिनुपर्ने बाध्यता।

सम्पत्तिको अधिकार भन्नाले व्यक्तिले आफै व्यवसाय, उद्यम, रोजगारी वा कुनै प्रकारको आर्थिक कृयाकलापमा सहभागि भएर सम्पति कमाउन, आर्जित सम्पतिको प्रयोग गर्न र इच्छाअनुरुप त्याग गर्न पाउने अधिकार हो, न कि कसैले व्यक्ति स्वंयमलाई सम्पति दिनुपर्छ भन्ने बाध्यता।

बोल्ने अधिकार भन्नाले जो कोहि व्यक्तिसँग बिना कुनै दमन, हस्तक्षेप रहित वातावरणमा वैयक्तिक विचारहरु राख्न पाउने वाक स्वतन्त्रताको अधिकार हो, न कि कसैले उसलाई भाषण कक्ष, रेडियो वा अन्य सञ्चारका माध्यम ल्याइदिनु पर्ने बाध्यता।

कुनै कार्य सम्पन्न गराउन एक भन्दा बढि व्यक्तिहरुको सहभागिता चाहिन्छ भने त्यस कार्य सञ्चालन गर्नुपूर्व व्यक्ति व्यक्तिबीचमा सामुहिक सहमती हुनुपर्छ। किनकी, व्यक्तिपिच्छे स्वनिर्णय गर्न पाउने अधिकार हुन्छ र कसैसँग जबर्जस्ती निर्णय लिन र गर्न पाउने अधिकार हुदैन।

'रोजगारीको अधिकार' सम्बन्धमा अन्य कुनै अधिकार समाहित हुनसक्दैन तर स्वतन्त्र व्यापारको अधिकार भने हुनसक्छ। अर्थात, कोहि जागिर दिन तयार छ भने लिने कि नलिने? निर्णय गर्न पाउने अधिकार हुन्छ। 'वास'को अधिकारको अवधारणा पनि यहि हो। कसैले स्वेच्छिक परिश्रमबाट घर बनाउन सक्छ वा किन्न। 'उचित' ज्याला वा 'उचित मूल्य' को पनि अधिकार हुन सक्दैन। यदि कसैले कोहि व्यक्तिको परिश्रम वा उत्पादन किन्न चाहँदैन भने त्यसैगरी उपभोक्तासँग पनि दूध, जुत्ता, चलचित्र, मदिरा जस्ता वस्तु तथा सेवामा कुनै अधिकार हुन सक्दैन। किनकी यस्ता वस्तु तथा सुविधाहरु कसैले उत्पादन नै गर्न चाहदैन तर आफैमा भने ती सबै वस्तु तथा सुविधाहरु उत्पादन गर्न पाउने अधिकार भने हुन्छ। र, अर्को कुरा सामूहिक अधिकार हुन सक्दैन। जस्तैः कृषकको समूह, व्यापारी, मजदुर, कर्मचारी, हाकिम, बुढ्यौली, जवान वा जन्मदै नजन्मेका बच्चाहरुको "समूहको अधिकार" भन्ने कुरा हुन सक्दैन। केवल 'व्यक्तिको अधिकार' हुन सक्छ। जुन समाजका प्रत्येक सदस्यले व्यक्तिगत रुपमा पाउने 'व्यक्तिगत अधिकार' हो।

'सम्पत्तिको अधिकार' र 'स्वतन्त्र व्यापार'को अधिकार मान्छेको एकमात्र आर्थिक अधिकार हो। अझ फराकिलो अर्थमा भन्ने हो भने यी व्यक्तिको राजनीतिक अधिकारहरु हुन। त्यसैगरी, 'आर्थिक अधिकार पत्र' भन्ने पनि कहि हुन सक्दैन। तर, आर्थिक अधिकारको वकालत गर्नेहरुले राजनीतिक अधिकारको अस्तित्व मेटाइसकेको कुराहरु यस्ता पत्रहरुमा उल्लेख गरेको पाइन्छ।

तथापि, अधिकार त्यस्तो नैतिक अवधारणा हो जसले व्यक्तिको कर्म गर्न पाउने स्वतन्त्रताको रक्षा गर्छ तर कसैलाई कर्म गर्नैपर्छ भनि जबर्जस्तीको वातावरण भने सिर्जना गर्दैन। त्यसैगरी, नीजि व्यक्ति वा संस्थाहरु कसैको अधिकार वा स्वतन्त्रताको बाधक पनि होइनन। तरपनि कोहि व्यक्ति अरुमाथि जबर्जस्ती शक्तिको प्रयोग गरेर अधिकारको हनन् गर्ने दुश्प्रयासमा लागिपर्छ भने ऊ एक अपराधी हुन्छ। र, त्यस्ता अपराधीहरुबाट बच्न मान्छेहरुसँग 'कानूनी संरक्षणको अधिकार' रहेको हुन्छ।

अपराधीहरु समाजमा प्रायः अल्प संख्यामा रहेका हुन्छन। र ती अपराधीहरुले मानव इतिहासमा गरेको अपराध र त्यहि समयकालमा सरकारले गरेको उदण्ड, रक्तपात, लडाईं, अत्याचार, अधिकरण, अकाल, भोकमरी, दासता र विध्वंसको तुलनमा ती निकै कम मात्राका अपराध देखिन्छ। कुनै व्यक्तिको अधिकार हनन् गर्न सक्ने सबैभन्दा शक्तिशाली संयन्त्र भनेकै सरकार हो। सरकारसँग कानूनी प्रक्रियाबाट शक्तिको प्रयोग गरि व्यक्तिहरुलाई निःशस्त्र गर्न सक्ने एकाधिकार रहेको हुन्छ। मानिससँग 'व्यक्तिगत अधिकार'

नहुँदो हो त सरकार मान्छेका लागि सबै भन्दा घातक दुश्मन हुन सक्थ्यो। यसर्थ, 'आर्थिक अधिकार पत्र'ले मान्छेबाट हुने नीजि 'कू' कार्य भन्दा सरकारबाट हुने 'कू' कार्यबाट बचाउन वा संरक्षण गर्नका लागि लेखिएको हुनुपर्छ।

तर, सुरक्षा कसरी भाँडिदै छ?

सरकारले संवैधानिक प्रकृयाबाट नीजि व्यक्ति वा संस्थालाई लागुहुनेगरी केहि क्रियाकलापहरुमा प्रतिबन्ध लगाएको छ। र, यहि प्रकृयाबाट सरकारले ईच्छा बमोजिमको मनोमानि गर्न पाउने अधिकार राखेको छ। स्वतन्त्र अभिव्यक्तिको क्षेत्रमा यो झनै साक्षात हुँदै छ। वर्षौंदेखि सामूहिकतावादिहरुले कुनै नीजि व्यक्ति वा संस्थाले फरक मत राख्दा 'व्यक्ति वा संस्थालाई आर्थिक सहयोग गर्न अस्विकार गर्ने, सो भिन्न मत राख्ने व्यक्ति वा संस्थाको अभिव्यक्तिप्रतिको अधिकार हनन् गर्ने र त्यस्तो पुरै प्रक्रिया एक सेन्सर प्रक्रिया हो' भन्दै विरोधको आवाज उठाइरहेका छन।

यदि कुनै पत्रिकाले आफ्नो सिद्धान्त भन्दा फरक मत राख्ने लेख प्रकाशन गर्न मानेन भने त्यसलाई उनीहरु मान्छेको अभिव्यक्तिको अधिकारलाई सेन्सर गरेको दोष लगाउँछन। यदि कुनै उद्यमी वा व्यापारिले आफैंलाई धम्क्याउने, दोषारोपन गर्ने, अपमान गर्ने र होच्याउने किसिमको विज्ञापन पत्रिकामा दिन चाहेनन भने यसलाई पनि सेन्सर गर्ने कामको संज्ञा दिन्छन। यदि कुनै टिभी कार्यक्रम निमार्ताले निमार्ण गरेको कार्यक्रममा केहि उपद्रो भएको खण्डमा आपत्ति जनाए त्यहाँ पनि कसैको अधिकार सेन्सर भएको ठान्छन। उदाहरणका लागि भूतपूर्व उप–राष्ट्रपति निक्सनलाई होच्याउनका लागि एक कार्यक्रममा एल्गर हिसलाई आमन्त्रण गर्दा भएको काण्डलाई लिन सकिन्छ।

यस्ता दोषारोपणको घट्नालाई लिएर फेडरल कम्युनिकेशन कमिशनका अध्यक्ष निउटन मिनो भन्छन– 'विज्ञापन बनाउने कम्पनी, मूल्यांकन गर्ने निकाय, विभिन्न मान्यता र संस्थासँग आबद्ध भएका व्यक्ति तथा संस्था, विभिन्न संजाल र संयन्त्र प्रयोग गरी उनीहरुलाई सुझाव गरिएको र प्रदान गरिएको कार्यक्रमहरुलाई समेत सेन्सर गर्ने कार्य हुन्छ।' र, यसैमा मिनो पुनः थप्छन– 'उनले भनेको जस्तो कार्यक्रम भएन भने प्रत्येक स्टेशनको अनुमति पत्र रद्द हुने तर यसो गर्नु र धम्क्याउनु चाहिँ के सेन्सरशिप होइन र?'

अब परिणाम के?

'सेन्सरशिप' भनेको सरकारको क्रियाकलापसँग मात्र सम्बन्ध राख्ने कुरा हो। कुनैपनि नीजि व्यक्तिले चलाएको कदमविरुद्ध कहिल्यै पनि सेन्सरशिप हुन सक्दैन। कुनै नीजि व्यक्ति वा संस्थाले कहिल्यै अन्य व्यक्ति वा प्रकाशनको आवाजलाई दबाएर राख्न सक्दैन। यो त केवल सरकारले मात्र गर्न सक्ने कार्य हो। कुनै व्यक्ति वा संस्थाको अभिव्यक्तिको स्वतन्त्रताको घेरा भित्र भिन्न मत राख्ने कुनै अर्को व्यक्ति वा संस्थासँग सहमति नगर्ने, त्यसबाट प्रभावित नहुने र त्यस्ता कुनै प्रकारका क्रियाकलापलाई आर्थिक सहयोग गर्नबाट पछि हट्न सक्ने अधिकार केवल सरकारसँग मात्र रहेको हुन्छ। तर, 'आर्थिक अधिकार पत्र' जस्ता दस्तावेजमा उल्लेखानुसार– 'कुनै पनि नीजि व्यक्तिले आफ्नै भौतिक मूल्य र मान्यताहरुका आधारमा बाँच्ने र निर्णय लिने अधिकार हुँदैन र उसले आफ्ना प्रतिद्वन्दिका क्रियाकलापहरुमा बाध्यात्मक मौद्रिक सहयोग गर्नुपर्ने अवस्था हुन्छ। किन ? कारण, प्रतिद्वन्दिहरुलाई 'आर्थिक अधिकार पत्र' जस्ता दस्तावेजले अर्काको सम्पत्ति माथिको अधिकार दिएको हुन्छ।

अन्ततः आशय के हो भने कुनै पनि व्यक्तिसँग मौलिक विचार, मौलिक मूल्य र मान्यताहरुलाई स्थापित गर्ने अधिकार हुँदैन। यसर्थ, अब कुनै प्रकाशकले अयोग्य, गलत र खराब देखिएका पुस्तकहरु पनि छाप्नु पर्ने हुन्छ। अब, टिभी कार्यक्रम निर्माताले समेत स्वविवेक स्थापित गरेको आफ्नो मूल्य र मान्यताविरुद्ध प्रसारनकर्तालाई लगातार सहयोग गर्नुपर्ने अवस्था हुन्छ। जब कुनै गुण्डाले छापाखानाविरुद्धको प्रेस स्वतन्त्रताको कुरा गर्छ, त्यसबेला गुण्डालाई समेत पत्रिकामा स्थान दिनुपर्ने अवस्था सिर्जना हुन्छ। अर्थात्, एउटा समूहसँग असिमित अधिकार हुन जान्छ भने अर्को समूह लाचार दासता भित्र सिमित हुन पुग्छ।

व्यवहारतः हरेक सक्षम व्यक्तिलाई जागिर, माइक वा पत्रिकामै स्तम्भ लेखन पेशा दिन असम्भव हुदैजादा, आर्थिक अधिकारको वितरण भने कसले ग्यारेन्टि गर्छ ? भन्ने कुरा महत्वपूर्ण हुन्छ। कानूनी रुपमा हकवालाको अधिकार छिन्ने अनि त्यो अधिकार कसले पाउने भन्ने कुराको निर्धारण कसले गर्छ ? यस्ता महत्वपूर्ण कुराहरुमा मिस्टर मिनोले स्पष्ट जवाफ दिएका छन। अनि, यी नियमकानून केवल ठूलावडाहरुलाई मात्र लागु हुन्छ भन्ने भ्रम कसैले पाल्नु हुँदैन। आर्थिक अधिकारको दस्तावेज भित्र हरेक हुनेखाने नाटककार, नौजवान, कवि, बाध्यबाजक र हरेक अन्य उद्देश्य नतोकिएका कलाकार (जो राजनीतिक पहुँचको नजिक छ) लाई तपाईहरुको मौद्रिक सहयोगको अधिकार दिइएको छ। त्यसो नभए तपाईंले तिरेको करबाट कलालाई अनुदान दिनुको औचित्य के होला?

र, जब मान्छे 'आर्थिक अधिकार' को स्वर मच्चाउँदै गर्छ, त्यतिबेला ऊ राजनीतिक अधिकार बिर्सदै जान्छ। र, ऊ यो पनि भुल्दै जान्छ– 'अभिव्यक्तिको अधिकार' भनेकै व्यक्तिको मौलिक विचार तथा धारणाको वकालत गर्न पाउने र यसको रक्षा गर्न पाउने स्वतन्त्रता पनि हो। तर, कहिलेकाही कर्मको परिणाम सोचे भन्दा विपरित आउन सक्छ र मान्छेहरुले त्यसको विरोध गर्न पनि सक्छन। कुनै व्यक्तिको स्वेच्छाले चालेका कतिपय कदमले व्यक्ति आफैको लोकप्रियता घटाउन सक्छ र अन्य मान्छेहरुले उक्त क्रियाकलापको समर्थन नगर्न पनि सक्छन। तर, यति हुँदाहुँदै पनि कुनै पनि व्यक्तिसँग आफ्नो मौलिक विचार तथा धारणाको वकालत गर्न पाउने 'स्वतन्त्र अभिव्यक्तिको अधिकार' भने व्यक्तिमा निहित हुन्छ। यस स्वतन्त्र अभिव्यक्तिको राजनीतिक ध्येय भनेको विरोधी र अलोकप्रिय अल्पमतका जनमानसलाई बलजफ्ती कुनै सिद्धान्तको समर्थन गर्न लगाउने शक्तिबाट सुरक्षित राखु हो, न कि तीनीहरुले पाउँदै नपाएको समर्थन, सहायता वा सुविधा कसैबाट छिनेर तीनीहरुलाई पुनः प्रदान गर्नु हो।

आर्थिक अधिकार पत्रमा उल्लिखित छ– 'स्वतन्त्र अभिव्यक्तिको अधिकार हनन् हुने गरी कंग्रेसले कुनै पनि कानून बनाउने छैन'। यसले 'नीजि व्यक्तिहरुको स्थापित आफ्नै मूल्य र मान्यताको विरोधमा वकालत गर्ने कुनै व्यक्तिलाई माइक दिने, चोरलाई घरको साँचो दिने वा हत्यारालाई चक्कु दिने जस्तो काम गर्न वाध्य बनाउनु पर्छ' भन्ने कुराको संकेत कदापि गरेको होइन। तर, आजको महत्वपूर्ण मुद्दा– 'राजनीतिक अधिकार कि, आर्थिक अधिकार ?' तर परिस्थितिको हालत भने अर्कै छ। 'यो वा त्यो' को अस्पष्टताको स्थितिमा एउटाले अर्कोलाई वाधा पुर्याइरहेको छ। 'आर्थिक अधिकार', 'सामूहिक अधिकार' वा 'लोकहितको अधिकार' का लागि भनेर सम्बोधन गर्ने हो भने यी अधिकार भन्ने कुरै हुँदैन। यदि हुन्छ भने 'व्यक्तिको अधिकार' मात्र हुन्छ तर अरु कुनै अधिकार कसैसँग निहित हुँदैन। लेसेइ फेयर पूँजीवाद अर्थात अबंध नीतिको वकालत गर्नेहरु मात्र त्यस्ता हुन्, जसले व्यक्तिको अधिकारको वकालत गर्छन्।

# बजारको शक्ति

- मिल्टन फ्रिड्मन
- आकाश श्रेष्ठको अनुवाद

लगभग ३५० वर्ष अघिको मात्र कुरा हो, सन् १६२४ मा, डच सामराज्यका निर्देशक अमेरिकाको म्यानहाटन टापुमा पुगे। टापु २२ वर्ग माइलको जंगल र दलदल मात्र थियो। त्यहाँ वसोवास गरिरहेका कनार्से इन्डियनहरुसँग मात्र २४ डलर, अर्थात् कपडा र केहि वस्तुको दाममा ती निर्देशकले सो टापु किने। सुरुवाती क्षणहरु केहि सुस्त पाराले बिते। पाँच वर्षको अन्त्य सम्म आइपुग्दा त्यो रित्तो महादेशको छेउमा रहेको न्यू एम्टरड्याम नामक नगरमा केवल ३०० मान्छे वसोवास गर्ने भए। तर पछिका दिनहरुमा त्यहि नगरमा एट्लान्टिक महासागरको अर्को भागबाट मान्छेहरु चुंबकले तानेझैं गरी ओइरिन थाले र वस्ती बाक्लिँदै गयो। त्रास, जबर्जस्ती र गरिबिको चपेटामा परेका मान्छेहरु स्वतन्त्रता र अवसरको आस बोकेर यता तिर सर्न थाले। नयाँ महादेशको कुना कुनामा छरिएर आफ्नो पसिना बगाएर, उद्यम गरेर र नयाँ सुखी र समृद्ध भविष्यको आशालाई जीवनसाथ गरी तीनीहरुले एक नयाँ राष्ट्र बनाए। ती मध्ये कतिपयकोलागि उनीहरु जीवनमै पहिलो पटक वास्तवमै स्वतन्त्र भएका थिए र आफ्नै इच्छा र आकांक्षाहरुलाई पछ्याउने मौका पाएका थिए। यहि स्वतन्त्रता र यसबाट प्रस्फुटन भएको मानविय उर्जालाई प्रयोग गर्दै, मान्छेका इच्छा र आकांक्षाहरुलाई पछ्याउँदै संयुक्त राज्य अमेरिकाको जन्म हुन पुग्यो।

आफूसँग भएका सबै भन्दा राम्रा कपडा लगााएर, आफ्नै भन्ने केहि वस्तु, आशा र अभिलाशा बोकेर आप्रवासीहरु महासागरको यता पट्टिको तटमा झर्न थाले। तर गरिब नै भए पनि सबै जनासँग नया विश्वास थियो। यता पट्टि आएपछि पनि तीनीहरुले सोचे जस्तो सरल र सुखी जीवनको स्वगत भने पाएका होइनन्। तथापि उनीहरुका कोहि न कोहि साथी वा नातेदारहरु थिए जो उनीहरुलाई घर बनाउन, राजगारी पाउन, नया देशमा जीविकोपार्जन गर्न मद्दत गर्न तत्पर थिए।

बाँच्न सजिलो थिएन। जीवन गाह्रो थियो। तर अवसर भने अवस्य थियो। परिश्रम, उद्यम र काबिलियतको बदलामा प्रसस्तै इनाम हात पार्न सकिने अवस्था थियो। बाँच्न गाह्रो भयो भनेर सरकारको सामु गई हात फिजाउनकालागि निकै कमै मात्र सरकारी परियोजनाहरु थिए र वास्तवमा भन्ने नै हो भने कसैले त्यसको आश पनि गर्दैनथे। तर सीमित सरकारसँगै सीमित नियमहरु मात्र थिए। परिश्रम गर्छु भन्नेहरुलाई वाधा अवरोध सृजना गर्नकालागि केहि नियमनहरु बनेका थिएनन्, केहि लाइसेन्सको प्रावधान थिएन, केहि अनुमति पत्र वा कर्मचारीतन्त्रको व्यवस्था थिएन। आप्रवासीहरुले वास्तवमा स्वतन्त्र बजार पाए। परिणापस्वरुप, उपलब्धी गर्नकोलागि अथाह अवसरहरु पाए र उपलब्धी गरे पनि।

आज पनि मान्छेहरु तीनै कठिनाइहरुबाट पेलिएर र तीनै आशाहरु बोकेर अमेरिका आइरहन्छन्। आज पनि न्यू योर्कको चाइनाटाउनमा — जुन कपडा व्यापारको औद्योगिक केन्द्र पनि हो, त्यहाँ यस्ता हजारौं आप्रवासीहरु विदेशी मुलुकको पहिले स्वाद लिन आइरहन्छन्। यी नया आप्रवासीहरु पनि तीनै ३५० वर्ष अगाडि आएका मान्छै जस्तै हुन्छन्। उनीहरुलाई आफ्नो जीवनमा केहि हासील गर्नु छ र त्यसकालागि

चाहिए जस्तो परिश्रम गर्न तत्पर छन्। उनीहरुलाई त्यहि चाइनाटाउनमै आफ्नो पुरा जीवन बिताउने रहर छैन। उनीहरुलाई पनि स्वतन्त्र बजारले दिने अवसरहरु उपयोग गरेर आफ्नो र आफ्नो सन्ततीको भविष्य उज्वल पार्नु छ र यीनै अवसरहरुद्धारा सो लक्ष्य हासिल पनि गर्नेछन्।

तर बिडम्बना के छ भने आज चाइनाटाउनको कार्यकक्षहरुमा हामीले हरेक कामदारको अधिकार मान्ने गरेका थुप्रै मूल्य र मान्यताहरु भंग हुन गएका छन्। कार्यकक्षहरुका सुविधाहरु नीकै दयनिय स्थितिमा छन्, अझ कतिपय कक्षहरुमा त केहि सुविधा नै छैन, हावा आवतजावत हुने व्यवस्था छैन, एउटा कक्षमा कति जना सम्म कामदार राख्ने भन्ने बारे केहि व्यवस्था छैन जसको कारण कामदारहरु कोच्चिएर काम गर्न बाध्य हुन्छन्, प्रायः कामदारहरु न्यूनतम पारिश्रमिक भन्दा कम दरमा काम गर्न बाध्य छन्, ईत्यादि। हरेक नियम कानूनको उल्लंघन हुने गरेको छ। तर फेरी, ती उद्योगहरु बन्द हुने हो भने कसलाई फाइदा होला त? उत्तर हामीले कुरा गरेजस्तो कार्यकक्षहरुमा काम गर्ने कामदाहरु पक्कै पनि होइन। तपाईं हाम्रो दाँजोमा तीनीहरुको जीवन निकै कठिन देखिन जाला, तर यसो भएता पनि हाम्रा आफ्नै बाबु–बाजेहले तीनै परिस्थितिहरुसँग जुधेर परिश्रम गरेकाले गर्दा मात्र आज हामी हाम्रो स्थितिमा पुगेका हौं। यसै कारणले गर्दा मात्र हामीले ती कामदारहरु भन्दा माथिल्लो स्तरबाट परिश्रम गरे हुने वा गर्न सक्ने अवस्थामा पुगेका हौं।

तर पछिल्लो ५० वर्षको अन्तरालमा हामीले हामीले हाम्रो आफ्नै उत्तराधिकारलाई खेर फालीरहेका छौं। कसरी भनेर प्रश्न गर्नुहोला। नभए हामीले आफैंमा भर पर्न छाडेर सरकारलाई लगातार बढ्दो क्रममा हाम्रो जीवन, हाम्रा तौर तरिकाहरु नियन्त्रण गर्न दिनुको अर्थ के हो त? आज हामीले ती आप्रवासीहरुले भोगेको, बुझेको र बाँचेको धुरव सत्यको पुनः खोज गर्न पर्ने समय आएको छ — आर्थिक स्वतन्त्रता भनेको के हो र व्यक्तिको नीजि स्वतन्त्रताको संरक्षण गर्नमा यसले निर्वाह गर्ने भूमिका के हो।

यसै प्रयोजनकोलागि म हङ्कङ पुगें। यहाँ सरकारलाई त्यसको उचित कार्य भन्दा अन्य कार्यहरु गर्नबाट रोक लगाई र मान्छेलाई आफ्ना लक्ष्य पछ्याउने स्वतन्त्रता दिई मानौं राष्ट्रिय स्तरमा नै एक ल्याब एक्स्पेरिमेन्ट चलिरहेको छ। यदि तपाईंलाई स्वतन्त्र बजार कसरी चल्छ भन्ने जान्ने कौतुहल जागेको छ भने हङ्कङ तपाईं जानै पर्ने एक ठाउँ हो। एउटा भव्य बंदरगाहलाई छाडी, यहाँ सायदै केहि प्राकृतिक संसाधन देख्नु हुनेछ तपाईले। तर खासै केहि नहुनाले पनि यहाँको आर्थिक वृद्धिलाई असर गरेको छैन। संसारका सबै कुनाबाट जहाजहरु व्यापार गर्न भनी हङ्कङ पुग्छन्। किन? किनभने यहाँ आयात वा निर्यातमा कुनै प्रकारको भन्सार वा कर छैन। र स्वतन्त्र बजारले प्रदान गर्ने अवसरहरुले यहाँका परिश्रमी वासिन्दाहरुलाई कुनै जमानाको उजाड चट्टानलाई आज एसियाकै सबै भन्दा जल्दोबल्दो र सफल ठाउँहरु मध्ये एकमा परिणत गराउन सक्षम बनाइसकेको छ। वास्तवमै भन्ने हो भने बंदरगाह भन्दा बाहेक हङ्कङको एक मात्र अर्को संसाधन भनेको नै त्यहाँका नागरिकहरु हुन् — ती पैंतालिस लाख भन्दा बढी जनसंख्या।

प्राकृतिक संसाधनको कमी र दुरत जनसंख्या वृद्धि हुँदाहुदै पनि हङ्कङको जीवन स्तर एसियाकै सबै भन्दा उच्च मध्य एक रहन गएको अवस्था छ। मान्छेहरु कडा परिश्रम गर्छन्, तर हङ्कङको सफलता त्यहाँका

कामदारहरुको शोषणबाट आएको छैन। दोस्रो विश्वयुद्ध पछि मात्र हेर्ने हो भने पनि हङ्कङमा एक औसत कामदारको ज्याला चार गुणा भन्दा बढि वृद्धि भैसकेको छ, त्यो पनि मुद्रास्फितिको समायोजन पछि।

त्यहाँ कामदारहरु स्वतन्त्र छन् — काम गर्ने समय रोज्न, अझ आफ्नो इच्छा अनुरुप काम नै रोज्न पनि स्वतन्त्र छन्। बजारले उनीहरुलाई यो अवसर दिएको छ। यसैमा उनीहरुले के वस्तु उत्पादन गर्छन् भन्ने पनि निर्भर हुन जान्छ। दक्षिण कोरिया, ताइवान जस्ता ठाउँहरुबाट आउने प्रतिस्पर्धाले सस्ता वस्तुहरुको उत्पादनलाई प्राथमिकता दिन वाध्य बनाएको छ। सस्ता वस्तुहरु उत्पादन गर्दा कमै मात्र नाफा हुने हुँदा हङ्कङका व्यापारीहरुलाई समय परिस्थिति अनुसार आफ्ना कार्यक्षेत्र र लक्ष्यहरुलाई रुपान्तरन गरिरहन पर्ने अवस्था छ। र यसमा हङ्कङका व्यापारीहरु निकै सफल रहेका छन्। नयाँ नयाँ प्रविधिको प्रयोग गरी झन् झन् प्रभावशाली वस्तुहरु उत्पादन गर्दै पूर्व–पश्चिम सबैतिर बाट बजारमा आउने वस्तुहरुसँग प्रतिस्पर्धा गरीरहेका छन् ती व्यापारीहरु। र उनीहरुको कामदारहरु पनि परिस्थितिको माग अनुरुप नवीन कुशलता विकास गर्दै छन्।

हङ्कङलाई उन्नतीशील, धमाकेदार र सक्रिय बनाई जीवन्त रुप दिन बजारले निकै ठूलो योगदान दिएको छ। यथार्थमै, त्यहाँको बजार संसारमै सबैभन्दा स्वतन्त्र रहेको भन्ने मेरो मान्यता छ। स्वतन्त्र बजारले मान्छेलाई आफ्नो चाह अनुरुपको उद्योग–धन्दामा प्रवेश गर्ने, चाहेको मान्छेसँग व्यापार गर्ने, कुनै वस्तु सबै भन्दा सस्तो मूल्यमा कहाँ पाइन्छ भनी अध्ययन गर्ने र आफैले रुचाएको ठाउँबाट खरिद गर्ने, संसारको कुन कुनामा आफ्नो वस्तु वा सेवाको सबै भन्दा बढि भाउ मिल्छ भनी अनुसन्धान गरी त्यहिं बिक्रि गर्ने जस्ता प्रयोजनकालागि अनुकुल वातावरणको सृजना गर्छ। र यी भन्दा पनि सबै भन्दा महत्वपूर्ण, यदि कोहि मानछे आफ्नो कोशिशमा विफल हुन्छ भने, त्यसको मूल्य उ आफैंले चुकाउन पर्छ। कोहि सफल हुन्छ भने, त्यसको सम्पूर्ण प्रतिफलको भागिदार पनि उ आफैंमात्र हुन्छ। र इनाम र सजायको यहि व्यवस्थाले उनीहरुलाई काम गर्न, बजारको माग अनुसार आफैंलाई रुपान्तरण गर्न, वचत गर्न, अविष्कार र नवपरिवर्तन रुपी चमत्कार सृजना गर्न उत्प्रेरणा दिएको छ। यो चमत्कार कुनै सरकारी कार्यक्रमले ल्याएको होइन, कुनै गगनचूम्बी भवनको माथिल्लो तल्लाको उपल्लो दर्जाको कुर्सीमा बस्ने कोहि नाइकेको निर्णयले ल्याएको होइन। यो चमात्कार हुनुको एक र एक मात्र श्रेय स्वतन्त्र बजारलाई जान्छ।

बजारले कुन उत्पादकलाई के कुरा उत्पादन गर्ने मात्र नसिकाई सबैभन्दा प्रभावशाली ढंगमा कसरी उत्पादन गर्ने भन्ने बारे पनि ज्ञान दिन्छ। कसरी ? मूल्य, अर्थात्, प्राइस सिस्टमको सहायताले। कच्चा पदार्थको मूल्य, श्रमिकको ज्याला, ईत्यादि। उदाहरणको लागि, यदि कसैको खेतमा काम गर्ने व्यक्तिहरुले अन्य केहि गरेर नै बढि कमाइ गर्ने भैदिएको भए, खेतका ती मालिकले छिट्टै आफ्नो उत्पादनको प्रक्रियालाई आधुनिकिकरण, यान्त्रीकरण गर्न थाल्छन्। हङकङमा हड्डिमा मूर्तिकला अभ्यास गर्ने कलाकारहरु त्यहाँका सबै भन्दा बढि आम्दानी गर्ने कामदारहरु मध्ये पर्छन्। तर तीनिहरुले काम गर्ने वातावरण भने निकै अप्ठेरो प्रकारको छ। निकै गर्मी र होहल्लासँग जुँझ्दै काम गर्न वाध्य छन् तीनिहरु। उनीहरले आफैले लिने गरेको पारिश्रमिक भन्दा केहि कम मात्र लिएर बरु अलि रमाइलो वातावरणमा काम गर्ने अवसर पाउँ भनेर माग राख्न त सक्छन्, तर त्यसो गर्दैनन्। तीनिहरु बरु त्यो

चूनौतिपूर्ण वातावरण मै काम गर्छन्, धेरै पैसा कमाउँछन्, र त्यो पैसा आफुले चाहे अनुरुप खर्च गर्छन । र यो सम्पूर्णतः उनीहरुकै ईच्छाको विषय हो।

स्वतन्त्र बजार, जस्तो हामी आज हङकङमा पाइने कुरा गरिरहेका छौं, पहिलो पटक त्यस्तो सिद्धान्तको विश्लेषण भने संसारको अर्कै कुनामा भएको थियो। लगभग २०० वर्ष अगाडि स्कटल्याण्डको युनिभर्सिटि अफ ग्लासगोमा प्राध्यापन गर्ने एडम स्मिथले उनको महान् किताब द वेल्थ अफ नेसन्स लेख्दा उनले आफ्नो प्राध्यापनमा प्रयोग गर्ने गरेका मस्यौदाहरु उल्लेख गरेका छन्। उनको स्वतन्त्र बजारको सिद्धान्त निकै सरल र व्यवहारिक छ। उदाहरणकोलागि एउटा सिसा कलमलाई हेरौं। यो संसारमै त्यस्तो कोहि पनि व्यक्ति छैन जसले आफैले एउटा सिसाकलम निर्माण गर्न सकुन्। सुन्दा अचम्म लाग्ला, तर यो वास्तवमा हामी कसैले पनि ख्याल नगर्ने एउटा सरल कुरा हो। कलममा प्रयोग हुने काठ संसारको कुनै कुनाको कुनै रुखबाट आउँछ। त्यो रुख काट्ने औजार बनाउन फेरी स्टील चाहिने हुन्छ। स्टील उत्पादन गर्न फलामको खानी चाहियो। त्यो बिचको कालो तत्व जसलाई हामी लीड भन्ने गर्छौं, वास्तवमा एक प्रकारको ग्राफाइट हो। यो ठ्याक्कै कहाँ बन्छ भन्ने चाहिँ मलाई थाहा छैन, तर मेरो विचारमा यो दक्षिण अमेरिकाको कुनै खानीबाट आउँछ। माथीको रातो वस्तु — त्यो रबर सायद मलायाबाट आउँछ, जबकि रबर त्यहाँ खासै पाइने वृक्ष नै होइन। बेलायती सरकारको सहायतामा मलायाको कोहि व्यापारीले दक्षिण अमेरिकाबाट रबर आयात गरेका हुन्। सिसाकलममा प्रयोग हुने त्यो पित्तल, त्यो पहेंलो रङ्ग, कालो रङ्ग, कहाँ बाट आउँछन्, मलाई त्यो पनि थाहा छैन। वास्तवमै एउटा सिसाकलम बनाउन हजारौं मान्छेहरु सहकार्य गरिरहेको हुन्छन्, त्यस्ता मान्छेहरु जो न त एउटै भाषा बोल्छन्, न त एउटै धर्म पालना गर्छन्। अझ कहिल्यै एकअर्कासँग भेट हुन पुगिहाल्यो भने त एक अर्कालाई रुचाउँदा पनि रुचाउँदैनन् होला यी मान्छेहरु। तर एउटा सिसाकलम बनाउनलाई यिनीहरुनै सहकार्य गरिरहेका हुन्छन्।

जब तपाई कुनै पसलमा सिसाकलम किन्ने प्रयोजनले जानुहुन्छ, त्यस बेला तपाई आफ्नो जीवनको केहि मिनेट ती हजारौं मान्छेको जीवनको केहि सेकेण्डसँग कारोबार गरिरहनु भएको हुन्छ। कहिल्यै यो सोच्नुहुन्छ कि के कुराले ती हजारौं मान्छेहरुलाई सहकार्य गरायो र किन तीनीहरुले सिसाकलम बनाउनमा सघाउ पुर्याए होलान् भनेर ? कोहि नेता वा मालिक वा आयोजकले उनीहरुलाई यसो गर्न आज्ञा दिएका त होइनन्। यो केवल मूल्य प्रणालीको कार्यान्वयन मात्र न हो। मूल्य प्रणालीको अमानविय कार्यान्वयनले उनीहरुलाई एकै साध्यका निमित्त काम गरी तपाईले केहि तुच्छ रकम मात्र तिरेर एउटा सिसाकलम खरिद गर्न सक्ने वातावरणको निर्माण हुन सकेको हो। यसै कारणले स्वतन्त्र बजारको सक्रियताको महत्वले झन् बढावा पाएको छ। खुला बजारले उत्पादक क्षमता मात्र नबढाई मानव समुदायमा सहकार्य र शान्तिलाई पनि प्रोत्साहन दिने काम गर्छ।

आर्थिक स्वतन्त्रता विना मानविय र राजनीतिक स्वतन्त्रताको औचित्य न त कहिल्यै रहेको थियो न त कहिल्यै रहन सक्छ। सौभाग्यवस स्वतन्त्र समाजमा जन्मेका हामी प्रायः स्वतन्त्रतालाई सहि मूल्य दिँदैनौं। हामी सोच्छौं कि स्वतन्त्रता भनेको मानव समाजको प्राकृतिक स्थिति नै हो भनेर। तर त्यसो

होइन। स्वतन्त्रता भनेको दुर्लभ र बहूमुल्य चिज हो। इतिहास भैसकेका कयौं मानिसहरु र आजका पनि थुप्रै मान्छेहरुले आफ्नो सम्पूर्ण जीवन अत्याचार र विपत्ति झेलेर बाँचेका छन् न कि स्वतन्त्रता र समृद्धि। मान्छेले उसको स्वतन्त्रतालाई कति सम्म प्रतिष्ठाका साथ लिन्छ भन्ने कुराको सबै भन्दा शुद्ध प्रदर्शनी भनेको ऊ सँग अन्य केहि उपाय नहुँदा उसले खुट्टाले भोट दिन समेत पछि नपर्ने फुर्तीले औंल्याउँछ।

हङकङ् आफैमा पनि एक आदर्श लोक भैसकेको छैन। त्यहाँ पनि झुपडपट्टिहरु छन्, अपराधहरु हुन्छन् र केहि मान्छेहरु त्यहाँ पनि गरिबीको मार झेलेर बाँचीरहेका छन्। तर मान्छेहरु स्वतन्त्र छन्। त्यहाँ उनीहरुसँग स्वतन्त्रता छ र आफ्नो जीवनलाई सुधार गर्दै लैजान निर्विरोध अवसरहरु छन्, र धेरै सफल पनि हुन्छन्।

हो, हङकङमा भयानक गरिबी छ तर समय बित्दै जाँदा मान्छेहरुको जीवन सहज र समृद्ध पनि बन्दै गएको छ। केहि समय अगाडि चिनको सिमाना पार गरेर हङकङ् पस्दा भन्दा आजको दिनमा उनीहरुले निकै प्रगती गरिसकेका छन्। त्यसैले हामी जुन गरिबीलाई भयानक गरिबी भन्छौं, ती मान्छेहरु त्यहि गरिबीमा रमाउने गर्छन् किनकि हङकङ्मा त्यहि गरिबी असली गरिवहरुकालागि स्वतन्त्रता र अवसरको प्रतिक भएको छ।

संसारको कुनै पनि कुनामा हेर्ने हो भने गरिवी जताततै देख्न सकिन्छ। यस्तो कुनै पनि शासन व्यवस्था छैन जसले हरेक मान्छेको जीवन रातारात रुपान्तरण गर्न सकोस्। यस परिप्रेक्षमा उचित प्रश्न भनेको कस्तो प्रकारको व्यवस्थाले चाहिँ सबै भन्दा प्रभावशाली ढंगमा मान्छेलाई समृद्धि दिन सक्छ त भन्ने हो। कस्तो व्यवस्थाले मान्छेलाई आफ्नो जीवनको उत्थान गर्न सबै भन्दा बढि अवसर दिन्छ त? इतिहासको पाना पल्टाउने हो भने हामीले यसको एक मात्र हल भेट्नेछौं। जति धेरै आर्थिक स्वतन्त्रताको हुन्छ, समय बित्दै जाँदा साधारण मान्छेको जीवनमा त्यतिनै धेरै सकारात्मक परिवर्तन आउँदै जान्छन्।

हङकङ्कको लत्ताकपडा कारखानामा काम गर्ने कामदारहरुलाई कुन निकाय वा के कुराले ईज्जतिलो पारिश्रमिकको ग्यारेण्टि गर्छ होला त? हो, उनीहरुले पश्चिमा मुलुकहरुमा जति ठूलो रकम त पाउँदैनन्, तर पनि उनीहरुको पारिश्रमिकले उनीहरुलाई संसारको थुप्रै राष्ट्रका नागरिकहरु भन्दा सहज र उच्च तहको जीवन जीउन सक्ने स्थितिको सृजना गरेको छ। यो कुनै सरकारी परियोजना वा मजदुर संघको लगातार प्रयासले भएको भने पक्कै होइन। श्रमिकहरुको समग्र प्रगति सफल भएको छ भने त्यसको श्रेय जान्छ बजारमा विद्यमान प्रतिस्पधालाई —श्रमिकको श्रम र कुशलताको प्रतिस्पर्धा।

जब कुनै व्यापारीलाई बजारमा प्रतिस्पर्धा गर्न केहि अप्ठेरो पर्न जान्छ, अर्थात्, जब कुनै वस्तु वा सेवाको बजारनै बन्द हुने लक्ष्यण देखा पर्न थाल्छ वा उसको कुनै कडा प्रतिस्पर्धा बजारमा प्रवेश गर्छ, तब त्यो व्यापारीसँग जम्मा दुई विकल्पहरु हुन्छन्। कि त उसले सरकारको चाकडि गरेर वा पैसाको लोभ देखाएर आफ्नो पक्षमा कुनै कोटा वा विशेष करको व्यवस्था निम्त्याउन सक्छ, कि त उ आफैले आफ्नो दक्षता बढाई बजारमा प्रवेश गरेको नयाँ खेलाडिसँग प्रतिस्पर्धा गर्न सक्छ। हङकङ्मा यो पहिलो विकल्प पटक्कै छैन। वैदेशिक व्यापारमा अतिनै धेरै निर्भर भएको हुँदा हङकङ् सरकारसँग अहस्तक्षेपकारी नीति

अपनाउने बाहेक अरु उपाय नै छैन। यस्तो नीति अपनाउँदा कोहि नीजी व्यक्तिलाई केहि अप्ठेराहरु पर्न जालान्, तर समाजको हित हेर्ने हो भने सबै भन्दा स्वस्थ निति नै यहि हो। केवल ती व्यापारीहरु जसमा लचकता छ, जो बजारको माग अनुसार आफूलाई रुपान्तरित गर्दै लैजान सक्छन् उनीहरु मात्र बजारमा टिक्छन् र अन्य व्यक्तिहरुकोलागि रोजगारीको अवसर सृजना गर्छन्। भन्सार कर वा अन्य रोक लगाउने नितिअरु नहुनु त्यो मुख्य कारण हो जसले गर्दा हङकङ्मा मान्छेहरुको जीवनशैलीमा लगातार सकारात्मक वृद्धि सम्भव भएको छ।

यहाँ सम्म कि कम्यूनिस्ट चीनले पनि हङकङ्को यो सफलतालाई स्वीकारेको छ। चीनले पनि हङकङ्मा उद्योगहरु स्थापना गरेको छ र पूँजीवाद अपनाएको छ। क्रेडिटकार्ड अर्थात् पूँजीवादको नवीन आविष्कारलाई उसले पनि मान्यता दिएको छ। र आज कम्यूनिस्ट चीनको आधिकारिक बैंक, बैंक अफ चाइना हङकङ्कै सबै भन्दा ठूलो बैंक भएको छ। यसै कारण हामी सजिलै यति भन्न सक्छौं कि कम्यूनिस्ट चीनले पनि बजारको शक्तिलाई स्वीकारेको छ।

यो सकै संभव हुनमा हङकङको सरकारको निकै ठूलो भूमिका रहेको मान्न पर्छ। सरकारले के गरेको छ मात्र भने जति नै के–कस्ता कदमहरु चाल्न बाट सर्तक रहेको छ भन्ने पनि सराहना गर्न पर्ने विषय हो। सरकारले हङकङ्वासीलाई विधिको शासन र करार पालनाको ग्यारेण्टि दिएको छ। सरकारले स्वतन्त्र बजारले बढावा पाउने, फल्ने–फुल्ने अवसर पाउने, प्रभावकारी ढंगले कार्यान्वयन हुन पाउनै वातावरण सृजना गरीदिएको छ। र सबै भन्दा महत्वपूर्ण कुरा के हो भने सरकारले हङकङको आर्थिक क्रियाकलापहरुलाई कुनै पनि ढंगले हस्तक्षेप गर्ने, अझ यति सम्म कि मार्ग निर्देशसम्म गर्ने पनि प्रयत्न गरेको छैन।

हङकङमा स्वतन्त्र बजारको त्यो अमानविय पक्ष कार्यरत रहेको पाइन्छ जहाँ मानिसहरु जोकोहि बाट जेकेहि वस्तु वा सेवा किन्न, जोकोहिलाई जेकेहि वस्तु वा सेवा बेच्न वा जोकोहिको लागि पनि काम गर्न स्वतन्त्र छन्। संयुत्त राज्य अमेरिकामा भने मूल्य नै मूल शूत्र रहेको पाइन्छ। यहाँ उपभोत्ता कति पैसा तिर्न राजी छन् भन्ने कुराले के उत्पादकहरु वस्तुको उत्पादन गर्छन् भन्ने कुरालाई निर्देश गरीरहेको हुन्छ। तर केहि वस्तु वा सेवा उत्पादन गर्न कति लागत लाग्छ भन्ने कुरालाई कच्चा पदार्थको मूल्य, श्रमीकलाई दिन पर्ने पारिश्रमिक जस्ता विभिन्न पक्षहरुले असर गरिरहेको हुन्छ। र यिनै पक्षहरुले नै हरेक उपभोत्ताले कुनै पनि वस्तु वा सेवा उपभोग गर्न कति मूल्य चुकाउन पर्छ भन्ने कुरा निर्धारण गरिरहेको हुन्छ। तर विगतका केहि दशकहरुमा सरकारले यो पछिल्लो पक्षलाई बेवास्ता गरेको पाइन्छ र साथसाथै एक भयानक गल्ती पनि। नत्र, यदि कोहि व्यापारीको कमाइ उसले के वस्तु उत्पादन गर्छ, कति परिमाणमा उत्पादन गर्छ र उसले उत्पादन गरेको वस्तुले बजारमा कतिको ख्याती कमाउन सक्छ वा भनौं मान्छेले त्यो वस्तुलाई कतिको रुचाउँछन् भन्ने जस्ता पक्षहरुले निर्धारण नगर्ने हो भने त्यो व्यापारीलाई बजारको माग अनुसार वस्तु वा सेवा उत्पादन गर्नलाई के नै उत्प्रेरण रहन्छ त ? मान्छेको जीवनलाई सहज बनाउने नै स्वतन्त्र बजारले उद्यमी तथा व्यापारीरुलाई समाजमा के वस्तु वा सेवाको

माग रहेको छ भन्ने सूचना दिने हुनाले हो। यदि बजारलाई यसरी स्वतन्त्र ढंगले चल्न नदिने हो भने यसको एक मात्र विकल्प हुन्छ, मान्छेलाई जबर्जस्ती कुनै वस्तु वा सेवा उत्पादन गर्न वाध्य तुल्याउने। कुनै पनि स्वतन्त्र समाजको मूल शुत्र भनेको स्वेच्छिक समन्वय हो। आर्थिक बजार — किन बेच गर्नु — यसको एक उदाहरण हो। स्वेच्छिक समन्वयका अन्य थुप्रै व्यवहारिक साधनहरु हुन्छन्। तपाई कुनै यस्तो कुरा सम्झनुहोस्, जुन् तपाईको बिचारमा स्वेच्छिक समन्वयसँग केहि सम्वन्ध नै राख्दैन। उदाहरणको लागि हामी भाषालाई नै हेरौं। हामीले दैनिक रुपमा प्रयोग गर्ने भाषा, ती अनगिन्ति शब्दहरु र ती व्याकरणका नियमहरु। कुनै सरकारले त ती कुराहरु योजना बनाएर तीनको ढांचा तयार पारेको होइन नि। भाषा त मान्छे मान्छे बिच संचार गर्नु पर्ने मागको पूर्ति गर्नकालागि तीनै मान्छेको बिचको स्वेच्छिक समन्वय बाट विकास भएको न हो। हाम्रो पीढिका केहि उत्कृष्ट वैज्ञानिक आविष्कारहरुलाई नै हेरौं न - आइन्सटाइन, न्यूटन, थोमस एडिसन वा एलेक्जान्डर ग्राहम् बेल जस्ता वैज्ञानिकहरुका आविष्कारहरु वा फ्लोरेन्स नाइटिंगेल, एन्ड्रु कार्नजी जस्ता महान् व्यक्तित्वहरुको सामाजिक कार्यहरु। यी मध्ये कसैको पनि कुनै पनि आविष्कार वा सामाजिक कार्य कुनै सरकार वा नेताको आदेशमा भएको त होइन। यी मान्छेहरुले आफुलाई रुचि लागेका विचार र कृयाकलापहरुलाई अनुसरण गरेका समाजलाई उनीहरुले जे देन दिए, त्यो दिन सम्भव भएको हो। हाम्रो समाजको बनावटमा यस प्रकारको स्वेच्छिक समन्वयले यसरी जड गाडर बसेको छ कि हामी प्रायः यसको सहि मोलको बारेमा चिन्तन नै गर्न बिसन्छौं। तर हामीमा यो कमजोरी हुँदाहुँदै पनि पश्चिमा सभ्यताको विकास भएको नै व्यक्तिगत आकांक्षाहरु पछ्याइ रहेका नीजि व्यत्तिहरु बिचको स्वेच्छिक समन्वयले गर्दा मात्र सफल हुन सकेको र यतिको शानदार समाजको सृजना हुन सकेको हो भनी भुल्न हुँदैन।

# सत्र ७

# उद्यमशिलता

# उद्यमशीलताः उहिले र अहिले

ऋद्धि फाउन्डेसन

### विषय प्रवेश

उद्यमशीलता एउटा यस्तो अवस्था हो जसमा व्यक्तिको आर्थिक सक्षमतादेखि र देशको आर्थिक विकास समेटिएको हुन्छ। उद्यमशीलताका क्रियाकलापहरु बजार अर्थतन्त्रसँग जोडिएका हुन्छन्। उद्यमशीलता भनेको नयाँ अवसरहरूको पहिचान गर्ने, नवीन समाधानहरूको सिर्जना गर्ने र नयाँ उद्योगहरू स्थापना गर्ने प्रक्रिया पनि हो। उद्यमीहरुले वित्तीय जोखिम लिई नयाँ वस्तु तथा सेवाहरुको उत्पादन गरी बजारसम्म पुर्याउँछन्। सबैभन्दा महत्वपूर्ण कुरा उद्यमीहरुले मानिसका चाहना र आवश्यकता अनुसार काम गर्छन् र रोजगारी सिर्जना गर्छन्। जसले देशको आर्थिक विकासमा योगदान गर्दछ।

अर्को महत्वपूर्ण कुरा उद्यमशीलताले बजारमा प्रतिष्पर्धा बढाउँछ। र प्रतिस्पर्धाबाट उपभोक्ताहरुलाई नै सबैभन्दा धेरै फाइदा हुन्छ। किनकी प्रतिस्पर्धी बजारमा वस्तुको मूल्य कम हुन्छ र गुणस्तर बढी। यस्तै उद्यमशीलताले वस्तु तथा सेवासँगै प्रविधिको पनि विकासमा टेवा पुर्याउँछ। रोजगारीको सिर्जनासँगै उद्यमी व्यक्ति आफू स्वरोजगार बन्छ। अर्कोतिर उसले राज्यलाई कर तिर्छ र मुलुकको कुल गार्हस्थ उत्पादनमा योगदान गर्दछ।

उद्यमी त्यस्तो व्यक्ति हो जसले नयाँ उद्यमको शुरुवात र व्यवस्थापनको वित्तीय जोखिमलाई ग्रहण गर्दछ। यस्ता उद्यम पूर्णतया नयाँ विचार, नयाँ तरिका, नयाँ स्थान, वा अरू कसैले पहिले नगरेका प्रयासमा आधारित हुन्छन्। अर्को शब्दमा भन्नुपर्दा, एक उद्यमीलाई त्यस्तो व्यक्तिको रूपमा हेरिन्छ जसले पर्याप्त नाफा कमाउनका लागि पहिले प्रयोग भएका भन्दा फरक अवसर पत्ता लगाउँछ या प्रचलित वस्तु/सेवाहरूको उत्पादनको लागत घटाउँछ वा नयाँ ब्रान्ड उत्पादनहरू सिर्जना गर्छ।

### धार्मिक साहित्य तथा कागजातहरुमा उद्यमशीलता

उद्यमशीलता सम्बन्धी विषयलाई हिन्दू सिद्धान्तहरू प्राचीन ग्रन्थ र परम्पराहरूमा हेर्दा गहिरो अन्तरसम्बन्ध देखिन्छ। परापूर्व काल जतिवेला नेपाल र एशियामा धार्मिक ग्रन्थ र सिद्धान्तहरुलाई विधि र नैतिक आचरण नियन्त्रणको साधन मानिन्थ्यो। धर्म (कर्तव्य) र अर्थ (समृद्धि) हिन्दू दर्शनमा जीवनका चार उद्देश्यहरू मध्ये दुई हुन्। सम्पत्ति र सम्पत्तिको जिम्मेवारीपूर्वक व्यवस्थापन गर्नु धर्मको अंग मानिन्छ। वेदले धन, वा अर्थको एक सूक्ष्म जानकारी प्रदान गर्दछ, यसलाई व्यक्तिगत सम्पत्तिको रूपमा मात्र नभई समुदाय र बृहत् पारिस्थितिक प्रणालीप्रति जिम्मेवारी बोक्ने स्रोतको रूपमा हेरिन्छ। यसले उद्यमीहरूलाई आर्थिक रूपमा फस्टाउने र समाजमा सकारात्मक रूपमा योगदान गर्ने व्यवसायहरू निर्माण गर्न प्रोत्साहित गर्छ। महाभारतमा भगवान कृष्णको निष्काम कर्म (निःस्वार्थ कर्म) सम्बन्धी शिक्षाहरूले परिणाममा आसक्ति नगरी कर्तव्य पालना गर्ने कुरा उल्लेख छ।

### उद्यमशीलतासँग सम्बन्धित कानूनी विकास

हाल नेपालमा उद्यमशीलतालाई सहजीकरण गर्न व्यवसाय दर्ता तथा सञ्चालनका काम गर्ने विभिन्न निकायहरु छन्। स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारका विभिन्न निकायहरुमा लगानी र पुँजीअनुसारका उद्योग दर्ता गरी सञ्चालन गर्न सकिन्छ।

नेपालमा १९९२ मंसिर ९ गते पहिलोपटक उद्योग परिषद स्थापना भएको हो। पछि कृषि परिषद, नेपाली कपडा र इलम प्रचार अड्डा, खानी अड्डा जस्ता निकाय पनि स्थापना भएको पाइन्छ। तर यी निकायहरु कानूनी रुपमा स्थापना नभई निर्णय मात्रले स्थापना भएका हुन्।

नेपालमा उद्योग व्यवसाय सुव्यवस्थित ढंगबाट सञ्चालन गर्न १९९३ सालमा सर्वप्रथम कम्पनी कानूनको निर्माण भएको थियो। २००३ साल (सन् १९४६) मा गोल्छा समूहले विराटनगरमा रघुपति जुट मिल्स स्थापना गर्नुलाई नै नेपाली उद्योगमा निजी क्षेत्रको पहिलो प्रस्थानबिन्दु मानिन्छ। त्यसअघि तत्कालीन प्रधानमन्त्री जुद्धशमसेर राणाले विराटनगरमै १९९३ सालमा विराटनगर जुट मिल स्थापना गरेका थिए। विराटनगर जुट मिल नेपालको पहिलो उद्योग पनि हो।

रघुपति जुट मिल्स स्थापना हुँदासम्म अहिलको एसियाको दोस्रो ठूलो अर्थतन्त्र भएको मुलुक जापानमा पनि अमेरिकी तथा युरोपियन प्रतिष्ठित उद्योग पुगेका थिएनन्। सन् १९५० को दशकपछि मात्रै युरोप र अमेरिकाका कम्पनी जापान सर्न थालेका थिए। चीन र भारतले सन् १९९० को दशकमा मात्रै युरोप र अमेरिकाका कम्पनीलाई आफ्नो देशमा आकर्षण गर्ने नीति लिएका थिए। उक्त दशकमा मात्रै ती देशले आफ्नो देशमा विदेशी लगानी (एफडीआई) भित्र्याउने योजना दृढतासाथ लागू गरेका थिए। चीन र भारतले विदेशी लगानी भित्र्याउने योजना बनाउनुभन्दा अघिनै उद्योग धन्दा खोलेको नेपाल भने कालान्तरमा निकै पछि पर्‍यो

तत्कालीन अर्थराज्यमन्त्री महेश आचार्यले २०४८ असार २७ गते आर्थिक वर्ष २०४८/४९ को बजेट ल्याएका थिए। उक्त बजेटबाट नै नेपालमा आर्थिक उदारीकरणको औपचारिक रुपमा संस्थागत शुरुवात भएको भन्ने गरिएको छ। उक्त बजेटलाई नै नेपालमा पहिलो चरणको आर्थिक सुधारको प्रारम्भविन्दु मानिन्छ। त्यसपछि नेपालमा उद्योगहरुको संख्या र निजी क्षेत्रको सक्रियता बढ्न थालेको पाइन्छ। नेपालमा आर्थिक उदारीकरणको प्रक्रिया शुरु भएदेखि नै उद्योग तथा व्यापार क्षेत्रमा विभिन्न कदमहरु चालिएका छन्। राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष तथा अर्थशास्त्री विश्व पौडेलले उक्त नीतिका कारण नेपालमा सबैभन्दा बढी उद्योग खुलेको एक अन्तर्वार्तामा बताएका छन्। उनले समग्रमा निजीकरण, शिक्षा, स्वास्थ्य, बीमा, वित्त, जलस्रोत आदिमा निजी क्षेत्रको प्रवेशले नेपाल बदलिएको बताएका थिए।

तत्कालीन सरकारले औद्योगिक नीतिमार्फत निजी लगानी तथा वैदेशिक लगानीलाई प्रवर्द्धन गर्ने घोषणा गर्‍यो। औद्योगिक नीतिअनुसार सरकारले नयाँ कम्पनी ऐन २०५३ जारी गर्‍यो। पुरानो कम्पनी ऐनको तुलनामा कम्पनी ऐन २०५३ ले कम्पनी दर्ता प्रक्रिया, साधारण सभा सम्बन्धी व्यवस्था परिवर्तन गरी केही सरलीकरण गर्‍यो। उक्त ऐनले कम्पनी रजिस्ट्रारको कार्यालयले कम्पनीलाई अनावश्यक नियन्त्रण तथा हस्तक्षेप गने सक्ने प्रावधानहरू हटाइयो साथै कम्पनीको पारदर्शिता एवम् संस्थागत सुशासन आदिमा महत्त्व दिइयो।
हाल वैदेशिक लगानीलाई सरलीकरण गर्न, बैंक तथा वित्तीय क्षेत्र, बीमा क्षेत्र, जलविद्युत्, होटेल, पर्यटन, उत्पादन, कृषि क्षेत्र आदिमा निजी क्षेत्रको लगानी आकर्षित गर्न कम्पनी ऐन २०५३ खारेज गरी कम्पनी ऐन २०६३ लागू भएको छ।

**नेपालमा उद्यमशीलता विकासको इतिहास**

प्राचीनकालमा पनि नेपालमा उद्यमशीलतालाई निकै महत्वका साथ हेरिएको पाइन्छ। ग्रामीण तथा शहरी अर्थतन्त्रको विकासका लागि उद्यमशीलतालाई प्रवर्द्धन गरिएको देखिन्छ। विशेष गरी काठमाडौं उपत्यकामा रहेका नेवारी समुदायका व्यापारीहरू व्यापारिक कौशलता र उद्यमशीलतामा प्रख्यात रहेका थिए। उनीहरु धातुको काम, काठको काम, कपडा बुन्ने र भाँडा बनाउने लगायत नेपाली हस्तशिल्पको समृद्ध परम्पराको लागि दक्ष कालिगडका रुपमा चिनिएका थिए। उनीहरु प्रायः साना-स्तरका व्यवसाय सञ्चालन गर्थे साथै उक्त उत्पादनहरु स्थानीय र अन्तर्राष्ट्रिय बजारमा बेच्ने गर्दथे।

नेपालमा राजनीतिक, आर्थिक र सामाजिक कारकहरूबाट प्रभावित विभिन्न चरणहरूमा उद्यमशीलताको विकास भएको हो। लिच्छवीकालमा नेपाललाई भारत र तिब्बतसँग जोड्ने व्यापारिक मार्गका रुपमा प्रयोग गरिंदा त्यसले राज्यको समग्र समृद्धिमा योगदान पुऱ्याएको थियो। विशेष गरी कृषिमा आधारित अर्थतन्त्र थियो। कृषि, पशुपालन र व्यापारनै अर्थतन्त्रका खम्बा थिए। कृषिका अलावा विभिन्न खाले हस्तकला परम्परा रहेकाले पनि लिच्छवीकाललाई स्वर्णिम युगको रुपमा पनि लिने गरिन्छ।

विशेष गरी १५ औं शताब्दी पछि नेपालको आर्थिक उन्नतिमा विभिन्न उद्योग, व्यापार केन्द्र, साना व्यवसाय र प्रशस्त नगद बालीले योगदान पुर्यायो। काश्मिरी मुस्लिमहरूले तिब्बत-काठमाडौं-भारत व्यापारमा प्रमुख भूमिका खेलेका थिए, जसले नेपालको अर्थतन्त्रलाई ठूलो फाइदा पुऱ्यायो। काठमाडौंका राजा महेन्द्र मल्लले मुगल सम्राटबाट टकसारको सिक्का बनाउन अनुमति लिएका थिए र उनको सिक्का शताब्दीयौंदेखि लेनदेनको आधिकारिक मुद्रा बनेको थियो। त्यसैगरी शाहाकालमा कृषिमा आधारित उद्योग जस्तै साना उद्योग जुन काठमाडौं उपत्यका लगायत पाल्पा, बिराटनगर र डोटीमा धेरै कारोबार हुने गर्दथ्यो। नेपाल एकीकरण हुनुभन्दा पहिले व्यापार गर्ने बजार त्यति ठूलो पनि थिएन आफ्नै ठाउँमा मात्र सीमित थियो तर नेपाल एकीकरण पश्चात् बजार फराकिलो भयो र जहाँ गएर पनि व्यापार व्यवसाय गर्न सकियो। जसका कारण नेपाली बजार प्रतिस्पर्धी हुन गई उत्पादकता समेत बढ्यो।

मुख्यतया १९९३ सालको कम्पनी ऐन नै उमशीलता विकासको पहिलो खुड्किलो हो। जसले कम्पनी कहाँ दर्ता गर्ने, कसरी कम्पनी चलाउने, कम्पनीले के के गर्न हुने वा के के गर्न नहुने जस्ता कुराहरुको व्यवस्था भयो। कम्पनी ऐन बनेलगत्तै नेपालको पहिलो "जोइन्ट स्टक कम्पनी" "विराटनगर जुट मिल" स्थापना भएको हो। त्यसैगरी कम्पनीलाई आर्थिक सहयोग जुटाउन १९९४ सालमा नेपाल बैंक लिमिटेडको स्थापना भयो।
२००७ सालमा प्रजातन्त्रको स्थापना भएसँगै सरकारले योजना सहितका व्यापारमा हात हाल्यो। सरकारकै लगानीमा सार्वजानिक उधमहरु खोल्न थालिए। यस्तै राजा महेन्द्रको समयमा २०१३ सालदेखि औद्योगिकीकरणका लागि पञ्चवर्षीय योजना लागू भयो। यो योजनाको उद्धेश्य भनेकै उत्पादन वृद्धि गर्ने र रोजगारीका अवसरहरू जुटाउने, सबै जनतालाई उनीहरूको जीवनस्तर बढाउन उचित अवसर प्रदान गर्ने, विकासका कार्यक्रमहरूको सफलतापूर्वक कार्यान्वयन गर्न आवश्यक संस्थागत प्रवर्द्धन गर्ने, भविष्यमा योजनाका निमित्त पूर्वाधार तयार गर्न आवश्यक आर्थिक सर्वेक्षणहरू गर्ने रहेको थियो। यसभन्दा अघि मोहन शमशेरले पञ्चवर्षीय योजनाको शुरुवात गरेको भएता पनि निरन्तरता भने पाएको थिएन।

लगभग त्यसै समयमा नेपाल सरकारको लगानीमा विभिन्न कारखानाहरु खुलेका थिए। जस्तै विरगञ्ज सुगर कारखाना, बालाजु औधोगिक क्षेत्र, जनकपुर चुरोट कारखाना, एनआईडीसी विकास बैंक लिमिटेड आदि। यसैगरी २०१६ सालमा नेपाल औद्योगिक विकास निगमको स्थापना भएको थियो। सन् १९५० भन्दा

अगाडी नेपालको अर्थतन्त्र धेरै हदसम्म कृषि प्रधान थियो, जहाँ निर्वाहमुखी खेतीले परिदृश्यमा प्रभुत्व जमाएको थियो। यस अवधिमा उद्यमशीलताको स्थानीयकरण गरिएको थियो। त्यो कसरी भने मुख्यतया उद्यमशीलता कृषि, व्यापार, र समुदाय भित्र रहेको हस्तशिल्पमा केन्द्रित थियो।

सन् १९५०-१९७० सम्म राणा शासनको अन्त्य र संवैधानिक राजतन्त्रको स्थापनापछिको अवधिले आधुनिक उद्यमशीलतातर्फ केही प्रारम्भिक कदमहरू देख्यो। सन् १९७०-१९९० सम्मको अवधिमा नेपालले आयात प्रतिस्थापन र एक नियन्त्रित आर्थिक व्यवस्थाको नीति अनुसरण गर्यो। नोकरशाही बाधाहरू, नियमहरू र राज्य-नेतृत्वको विकासमा ध्यान केन्द्रित हुँदा उद्यमशीलता सीमित हुन पुग्यो। सन् २०००-२०१० सम्म प्रविधिमा बढ्दो पहुँच, बढ्दो साक्षरता दर, र बढ्दो मध्यम वर्गका कारणले नेपालमा उद्यमशीलताको संस्कृतिमा वढावा आयो। आईटी, नवीकरणीय ऊर्जा, र आतिथ्यताजस्ता क्षेत्रहरू विस्तार भयो तर, राजनीतिक अस्थिरता, पूर्वाधारको कमजोरी र नियामक सवाल आदि चुनौतीहरू भने यथावत नै रहे। सन् २०१५ मा विनाशकारी भूकम्पले उद्यमशीलता, विशेष गरी साना व्यवसाय र स्टार्टअपहरूका लागि महत्त्वपूर्ण चुनौतीहरू खडा गर्यो। यद्यपि, यसले विपद् व्यवस्थापन, दिगो पुनर्निर्माण, र सामाजिक उद्यमशीलतालाई आकर्षित गर्ने पहलका साथ नवप्रवर्तन र लचिलोपनलाई पनि उत्प्रेरित गरेको छ।

**निष्कर्षः**

नेपालको इतिहासमाविभिन्न कालखण्डमा उद्यमशीलताको विकास भएको पाइन्छ। तथापी राजनीतिक परिवर्तन अस्थिरता र विभिन्न संकटहरुका कारण नेपालको उद्यमशीलता फस्टाउन सकेको देखिँदैन। पुँजी, नवप्रवर्तन र कार्यको स्वतन्त्रता जस्ता कारकहरू, कर, नियमन, व्यवस्थापन गुणस्तर, र देशको कानूनी रूपरेखा र देशमा उद्यमशीलता अभिवृद्धि गर्न उद्योगहरुले पनि महत्त्वपूर्ण भूमिका खेल्छन्। नेपालमा अझै पनि सामाजिक रुपमा उद्यमशीलताप्रतिको सकरात्मक धारणाको संस्कार बसिसकेको छैन। यसले गर्दा उद्यमीहरुलाई कम उत्प्रेरणा मिलिरहेको छ। हाल नेपालमा प्रविधि, कृषि, नवीकरणीय ऊर्जा, र पर्यटन जस्ता क्षेत्रहरूमा बढ्दो संख्यामा स्टार्टअपहरूको साथमा विविध उद्यमशील परिदृश्य रहेको छ। सरकारले नीतिगत सुधार, स्टार्टअप इन्क्युबेशन सेन्टर र कोषमा पहुँच मार्फत् उद्यमशीलतालाई बढ्दो सहयोग गर्दै आएको छ। विधिको शासन, सीमित सरकार, स्वतन्त्र बजार, बलियो सम्पत्ति अधिकार जस्ता विचारहरूले उद्यमशीलता अभिवृद्धि गर्न धेरै महत्त्वपूर्ण भूमिका खेलेको छ।